# मातृभूमि साहित्य समाजको साहित्यिक योगदान

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ**

**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

**रीता शर्मा**

शैक्षिक सत्र २०६७ -२०६९

त्रि.वि.दर्ता नं. : ६-१-२४०-१२४६-९९


**नेपाली विभाग**

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

**२०७०**

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी रीता शर्माले नेपाली स्नातकोत्तर तह (एम.ए.) दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको **मातृभूमि साहित्य समाजको साहित्यिक योगदान** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

**प्रा.डा. नारायणप्रसाद खनाल** ..................................
विभागीय प्रमुख हस्ताक्षर

**प्रा.डा. नारायणप्रसाद खनाल** ..................................
शोधनिर्देशक हस्ताक्षर

सहप्राध्यापक गोविन्दराज विनोदी ..................................
बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७०/११/२३
७ मार्च, २०१४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका अध्यवसायी एवम् मेधावी विद्यार्थी रीता शर्माद्वारा **मातृभूमि साहित्य समाजको साहित्यिक योगदान** शीर्षकको यो शोधपत्र मेरा निर्देशनमा अत्यन्त परिश्रम र लगनशीलताका साथ तयार पारिएको हो । म यसको आवश्यक मूल्याङ्कनको लागि नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७० फागुन २०
४ मार्च, २०१४

.................................

**डा. नारायणप्रसाद खनाल**
प्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

मातृभूमि साहित्य समाजको साहित्यिक योगदान शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि आदरणीय गुरु प्रा. डा. नारायणप्रसाद खनालज्यूको निर्देशनमा तयार गरेकी हुँ । आफ्नो कार्य व्यस्तताका बिच पनि शोधशीर्षक चयन गर्नकालागि कुहिरोको काग बनेको अवस्थामा मकवानपुर जिल्ला साहित्य समाजको साहित्यिक योगदानको विषयमा लेख्न सल्लाह दिनुका साथै संस्थापक अध्यक्ष, हयग्रीव आचार्यसँग परिचय समेत गराई सामग्री संकलनका लागि सहयोग गर्नेमात्र होइन निर्देशन सल्लाह,सुझाव दिएर यो शोधपत्र तयारीका सन्दर्भमा अविस्मरणीय सहयोग गर्नु हुने श्रद्धेय गुरुप्रति म सदा ऋणी रहने छु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृत प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख तथा नेपाली विभागप्रति म कृतज्ञ छु । संस्थाको बारेमा झर्को नमानी सविस्तार बताइदिनुका लागि साथै समग्री संकलनमा समेत सहयोग गर्नुहुने संस्थापकहरू हयग्रीव आचार्य र देवराज खरेलप्रति कृतज्ञता व्यक्त गर्दछु । आवश्यक स्थानहरूमा पुगेर सामग्री सङ्कलन गर्न सघाउ पुऱ्याउनुका साथै आवश्यक सल्लाह सुझाव दिई सामग्री जम्मा पारेर राखिदिनुहुने माधव पोखेल, हेमन्त ढुङ्गाना एवं कृष्णप्रसाद दाहाल लगायत यस संस्थाका पदाधिकारीहरूलाई हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा आफ्ना व्यवहारिक समस्याहरूलाई पन्छाएर सल्लाह सुझाव शुद्धीकरणमा समेत महत्त्वपूर्ण सहयोग प्रदान गर्ने मेरी प्रिय मित्र नारायणी कुँवरलाई हार्दिक आभार व्यक्त गर्दछु । मेरो अध्ययनका क्षणमा अविरल प्रेरणा र हौसला प्रदान गर्नुहुने मेरा श्रीमान् बासु शर्मा, मेरो अध्ययनमा प्रेरणाका स्रोत बन्नुभएको छ । यो शोधपत्रका क्रममा विभिन्न कोणबाट अमूल्य सहयोग गर्नुहुने मेरी दिदि सरस्वती शर्माप्रति आभार व्यक्त गर्दछु । कम्प्युटर कार्यमा सहयोग पुऱ्याउने **सेवा पुस्तक पसल**, नारायणगढलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन समक्ष प्रस्तुत गर्दछु ।

....................

रीता शर्मा

मिति २०७० फागुन २०
४ मार्च, २०१४

# विषयसूची


| **शीर्षक** | **पृष्ठ सं.** |
| --- | --- |
| **स्वीकृतिपत्र** | |
| **शोध निर्देशकको मन्तव्य** | |
| **कृतज्ञता ज्ञापन** | |
| **सङ्क्षिप्त शब्द सङ्केत** | |
| **तालिका सूची** | |

**पहिलो परिच्छेद**

**शोधपरिचय**

| | |
| --- | --- |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधकार्यको उद्देश्य | ३ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य,उपयोगिता | ८ |
| १.८ शोधकार्यको क्षेत्र र सीमाङ्कन | ९ |
| १.९ सामग्री सङ्कलन | ९ |
| १.१० शोधविधि | ९ |
| १.११ शोधपत्रको रूपरेखा | १० |

**दोस्रो परिच्छेद**

**मातृभूमि साहित्य समाजका स्थापनाकालीन मकवानपुरका साहित्यिक सङ्घसंस्थाहरू**

| | |
| --- | --- |
| २.१ विषय प्रवेश | १२ |
| २.१.१ ज्योति पुस्तकालय (२००९) | १३ |
| २.१.२ नव कला कुञ्ज (२०१८) | १३ |
| २.१.३ हिमाली साहित्य प्रकाशन (२०२४) | १४ |

२.१.४ सङ्गम पुस्तकालय (२०३५) १४
२.१.५ युगप्रकाश क्लब (२०३७) १४
२.१.६ मकवानपुर साहित्य परिषद (२०३९) १५
२.१.७ साहित्य सङ्गम मकवानपुर (२०४४) १५
२.१.८ मूर्च्छना सङ्गीत समूह (२०४९) १६
२.१.९ विश्वेश्वर आलोक मञ्च (२०४९) १६
२.१.१० पुष्पलाल स्मृति पुस्तकालय ( २०४९) १७
२.१.११ जूनकिरी साहित्य परिवार (२०५०) १७
२.१.१२ उद्बोधन साहित्य मञ्च (२०५०) १७
२.१.१३ प्रगतिशील लेखक सङ्घ (२०५०) १८
२.१.१४ शृङ्खला नाट्य समूह (२०५०) १८
२.१.१५ झरना साहित्यिक परिवार (२०५२) १९
२.१.१६ दीपशिखा साहित्यिक परिवार (२०५३) १९
२.१.१७ युगदर्पण साहित्य समाज (२०५३) १९
२.१.१८ प्रणयन परिवार (२०५५) २०
२.१.१९ चन्द्रगिरी साहित्यिक परिवार (२०५५) २०
२.१.२० मातृभूमि साहित्य समाज (२०५६) २०
२.२ निष्कर्ष २१

**तेस्रो परिच्छेद**

**मातृभूमि साहित्य समाज, मकवानपुरको गतिविधि**

३.१ स्थापना २३
३.२ कार्यसमिति र तिनका कार्यहरू २३
३.२.१ मातृभूमि साहित्य समाजको पहिलो कार्य समिति २४
३.२.२ मातृभूमि साहित्य समाजको दोस्रो कार्य समिति २५
३.२.३ मातृभूमि साहित्य समाजको तेस्रो कार्य समिति २५
३.२.४ मातृभूमि साहित्य समाजको चौथो कार्य समिति २७
३.२.५ मातृभूमि साहित्य समाजको पाचौँ कार्य समिति २८
३.२.६ मातृभूमि साहित्य समाजको छैठौँ कार्य समिति २९

३.२.७ मातृभूमि साहित्य समाजको सातौँ कार्य समिति ३०
३.३ समाजका विशिष्ट तथा आजीवन उपासकहरू ३१
३.४ मातृभूमि साहित्य समाजले गरेका कामहरू ३६
३.४.१ मुखपत्र प्रकाशन ३६
३.४.१.१ मातृभूमि वर्ष १, अङ्क १ ३७
३.४.१.२ मातृभूमि वर्ष १, अङ्क २ ३७
३.४.१.३ मातृभूमि वर्ष २, अङ्क १ ३७
३.४.१.४ मातृभूमि वर्ष २, अङ्क २ ३८
३.४.१.५ मातृभूमि वर्ष ३, अङ्क १ ३८
३.४.१.६ मातृभूमि वर्ष ३, अङ्क २ ३९
३.४.१.७ मातृभूमि वर्ष ४, अङ्क १ ३९
३.४.१.८ मातृभूमि वर्ष ४, अङ्क २ ३९
३.४.१.९ मातृभूमि वर्ष ५, अङ्क १ ४०
३.४.१.१० मातृभूमि वर्ष ५, अङ्क २ ४०
३.४.२ पुरस्कार तथा मानसम्मान स्थापना र वितरण ४१
३.४.२.१ यती फाइनान्स साहित्य पुरस्कार २०५९ ४२
३.४.२.२ नित्य गोविन्द स्मृति-मातृभूमि सङ्गीत पुरस्कार २०५९ ४२
३.४.२.३ श्यामश्रेष्ठ स्मृति-मातृभूमि पुरस्कार २०६६ ४३
३.४.२.४ मायादेवी - मातृभूमि पुरस्कार २०६६ ४४
३.४.२.५ शेखर शर्मा रिजाल स्मृति-मातृभूमि शैक्षिक पुरस्कार २०६६ ४५
३.४.२.६ टङ्केश्वरी स्मृति-मातृभूमि उत्कृष्ट दलित विद्यार्थी प्रोत्साहन पुरस्कार २०६९ ४५
३.४.२.७ मातृभूमि राष्ट्रिय पुरस्कार ४६
३.४.२.८ मातृभूमि पत्रकारिता पुरस्कार २०६९ ४६
३.४.२.९ मातृभूमि राष्ट्रिय सम्मान २०५८ ४७
३.४.२.१० मकवानपुरश्री राष्ट्रिय सम्मान ४८
३.४.२.११ लाइफटाइम एचिभमेन्ट एवार्ड ४९
३.४.२.१२ ईश्वरी स्मृति-मातृभूमि सम्मान २०६९ ४९

३.४.२.१३ मातृभूमि युवा सम्मान ४९
३.४.३ मातृभूमि साहित्य समाज मकवानपुरबाट प्रकाशित कृतिहरू ५०
३.४.३.१ हयग्रीव आर्चाय र उनको जीवन रङ्गमञ्च र भोगाइ (२०५८) ५०
३.४.३.२ कृष्णप्रसाद पौडेल र उनको श्रीमद्भागवत सारांश (२०५९) एवम् आध्यात्म रामायण (२०६१) ५१
३.४.३.३. भीम विराग र उनको मोहभङ्ग (२०५९) महाकाव्य ५१
३.४.३.४ गिरिजा अधिकारी र अक्षरका जुलुसहरू(२०६२) ५२
३.४.३.५. अनल गौतम र शुभप्रभात (२०६४) हाइकु सङ्ग्रह ५३
३.४.३.६ देवराज खरेल र उनको आत्मध्वनि (२०६५) एवम् स्मृतिका टिपोट (२०६८) ५४
३.४.३.७ विमला कार्की 'सुसं' र उनको पत्थरका मान्छे (२०६६) एवम् घाम नभएको आकाश (२०६९) गजल सङ्ग्रह ५५
३.४.३.८ यमुना प्रसाद गौली र उनको शब्दझर्ना (२०६६),स्मृति आलोक (२०६७) एवम् प्रकृति-सार (२०६८) ५७
३.४.३.९ स्व. श्याम श्रेष्ठ र उनको मुलुकभित्र उपन्यास (२०६६) ५९
३.४.३.१० माधव पोखेल र उनको आकांक्षाको चिता, २०६९(नाटक ) एवम् रित्तिएको गाउँ २०७० (कविता सङ्ग्रह ) ५९
३.४.३.११ मञ्जु खराल 'मञ्जुश्री' र उनको जलन, २०६९ (गीति एल्बम) एवम् समर्पण, २०७० ( गीति सङ्ग्रह ) ६१
३.४.३.१२ पण्डित अञ्जु दाहाल र उनको सम्झनाका डोबहरू (२०७०) ६३
३.५ आकांक्षाको चिता नाटकको विश्लेषणात्मक अध्ययन ६३
३.५.१ विषय प्रवेश ६३
३.५.२ आकांक्षाको चिता नाटकको विश्लेषण ६५
३.५.२.१ कथावस्तु ६५
३.५.२.२ चरित्र चित्रण ७०
३.५.२.२.१ सुरेन्द्र ७१
३.५.२.२.२ विक्रम ७२
३.५.२.२.३ शिल्पा ७२
३.५.२.२.४ शिल्पाकी भाउजू ७४

३.५.२.२.५ नरेन्द्र ७४
३.५.२.२.६ सञ्जय ७५
३.५.२.२.७ सुषमा ७५
३.५.२.२.८ सुरज ७६
३.५.२.३ देशकाल वातावरण ७६
३.५.२.४ भाषाशैली ७७
३.५.२.५ संवाद ७८
३.५.२.६ द्वन्द्व ७९
३.५.२.७ अङ्क/दृश्य ८०
३.५.२.८ उद्देश्य ८२
३.५.२.९ शीर्षकको सार्थकता ८२
३.५.३ उपसंहार ८३
३.६ निष्कर्ष ८४

**चौंथो परिच्छेद**

**मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदानको मूल्याङ्कन**

४.१ पृष्ठभूमि ८५
४.२ योगदान ८५
४.३ मूल्याङ्कन ८६
४.४ निष्कर्ष ८७

**पाँचौ परिच्छेद**
**उपसंहार**

५.१ पहिलो परिच्छेदको सारांश ८९
५.२ दोस्रो परिच्छेदको सारांश ८९
५.३ तेस्रो परिच्छेदको सारांश ९०
५.४ चौथो परिच्छेदको सारांश ९०
५.५ पाँचौ परिच्छेदको सारांश ९१
५.६ समग्र निष्कर्ष ९२
सन्दर्भसूचि ९३

# संक्षेपीकृत शब्द सूची

| संक्षिप्त रूप | विस्तृत रूप |
|---|---|
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| एम.ए. | मास्टर इन आर्टस् |
| क्र.सं. | क्रमसंख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.प्र.का. | जिल्ला प्रशासन कार्यालय |
| जि.वि.स. | जिल्ला विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय |
| प्रा. | प्राध्यापक |
| बी.एड्. | ब्याचलर इन एजुकेसन |
| मा.वि. | माध्यमिक विद्यालय |
| भू.पू. | भूतपूर्व |
| रु. | रुपैयाँ |
| ले.सं. | लेखक संघ |
| वि.सं. | विक्रम संवत् |
| सं. | सङ्ख्या |
| स्व. | स्वर्गीय |

# तालिकासूची


| तालिका संख्या | तालिका शीर्षक | पृ.सं. |
|---|---|---|
| १. | विशिष्ट आजीवन उपासकतर्फका व्यक्तित्वहरूको विवरण | ३२ |
| २. | आजीवन उपासकतर्फका व्यक्तित्वहरूको विवरण | ३४ |
| ३. | यती फाइनान्स साहित्य पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण | ४२ |
| ४. | नित्य गोविन्द स्मृति-मातृभूमि सङ्गीत पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण | ४३ |
| ५. | श्याम श्रेष्ठ स्मृति-मातृभूमि पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण | ४४ |
| ६. | मायादेवी-मातृभूमि पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण | ४४ |
| ७. | शेखर शर्मा रिजाल स्मृति-मातृभूमि शैक्षिक पुरस्कार प्राप्त गर्ने विद्यार्थीको विवरण | ४५ |
| ८. | टङ्केश्वरी स्मृति-मातृभूमि उत्कृष्ट दलित विद्यार्थी प्रोत्साहन पुरस्कार प्राप्त गर्ने विद्यार्थीको विवरण | ४६ |
| ९. | मातृभूमि राष्ट्रिय सम्मान प्राप्त गर्ने व्यक्तित्वहरूको विवरण | ४७ |
| १०. | मकवानपुरश्री सम्मान प्राप्त गर्ने व्यक्तित्वहरूको विवरण | ४८ |
| ११. | मातृभूमि युवा सम्मान प्राप्त गर्ने व्यक्तित्वहरूको विवरण | ४९ |

## चिन्हप्रयोग

प्रस्तुत शोधपत्रमा निम्नलिखित चिन्ह र संक्षिप्त रूपको प्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

| चिन्ह | अर्थ |
|---|---|
| स | अर्धविराम |
| , | अल्पविराम |
| ××× | कविताका केही चरण / हरफ छोडिएको |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| ‘ | केही अंश छोडिएको |
| क | गुरु वर्ण चिनाउने सङ्केत |
| ))) | १. संकेत, २. रेखाङ्कन, ३. सन्दर्भसूचीमा लेखकनाम ऐजन |
| ः | १. पारस्परिक सम्बन्ध, २. निर्देश, ३. ग्रन्थ प्रकाशन वर्ष र पृष्ठसङ्ख्याबीचको सङ्केत |
| ⁄ | १. पुर्णविराम, २. लयविधानका सन्दर्भमा लघु |

| | |
|---|---|
| ९ ० | पेटेटिप्पणी दिँदा |
| )) | बाट |
| ) | योजक |
| र | १. विकल्प, २. पर्याय |
| ˘ , | शीर्षक जनाउँदा वा विशेष जोड दिँदा |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **मातृभूमि सहित्य समाजको साहित्यिक योगदान** रहेको छ ।

## १.२ शोधप्रयोजन

यो शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## १.३ विषय परिचय

नेपालको मध्यमाञ्चलको नारायणी अञ्चल अन्तर्गत पर्ने मकवानपुर जिल्ला नेपाली साहित्यिक गतिविधिहरूमा अञ्चलमै अग्रणीस्थान भएको जिल्ला हो । यस जिल्लामा हुने गरेका साहित्यिक गतिविधिहरूमा विभिन्न सङ्घसंस्थाहरूको अद्वितीय सहयोग प्राप्त हुने गरेको छ । मकवानपुर जिल्लामा साहित्यका विविध विधाहरूमा कलम चलाएर नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेख्य योगदान पुऱ्याउने थुप्रै स्रष्टाहरू जन्मेका छन् । साहित्यिक गतिविधिहरूलाई सङ्गठित एवम् व्यवस्थित रूपले चलाउने थुप्रै उल्लेख्य साहित्यिक सङ्घसंस्थाहरू मकवानपुरमा जन्मी-हुर्की यस जिल्लाको साहित्यिक गतिविधि सञ्चालनमा क्रियाशील देखिन्छन् । यसै सन्दर्भमा वि.सं. २०५६ असोज ६ गतेका दिन साहित्यकारद्वय देवराज खरेल र हयग्रीव आचार्यको पहलमा मातृभूमि साहित्य समाज मकवानपुरको गठन भएको हो । यस संस्थाको दर्ता नं. ५६८/०५६-०५७ रहेको छ भने स.क.प.आबद्धता नं.३१७०१ र पान नं. ३०२८९९६९८ रहेको छ । साहित्यिक संस्थाको गठन भएदेखि भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने काम यस साहित्य समाजले गर्दै आएको छ । देशभित्र लुकेर रहेका प्रतिभावान् साहित्यकारहरूलाई प्रोत्साहन गर्ने, विविध जात-जातिका भाषाभाषिकाको अभिवृद्धि गर्ने, राष्ट्र निर्माण तथा सामाजिक श्रीवृद्धिका लागि कार्य गर्ने जस्ता विभिन्न उद्देश्यहरूमा केन्द्रित रहेर यस साहित्य समाजले धेरै कार्यक्रमहरू गरेको छ । प्रत्येक वर्ष श्रावण महिनाको पहिलो शनिवार विभिन्न आधा दर्जनभन्दा बढी स्रष्टाहरूलाई **यती फाइनान्स**

साहित्य पुरस्कार, **नित्य गोविन्द स्मृति-मातृभूमि पुरस्कार, श्यामश्रेष्ठ स्मृति-मातृभूमि पुरस्कार, मायादेवि मातृभूमि पुरस्कार, शेखर शर्मा रिजाल स्मृति-मातृभूमि शैक्षिक पुरस्कार, टङ्केश्वरी स्मृति-मातृभूमि उत्कृष्ट दलित विद्यार्थी प्रोत्साहन, मातृभूमि राष्ट्रिय पुरस्कार मातृभूमि पत्रकारिता पुरस्कार, मातृभूमि राष्ट्रिय सम्मान, मकवानपुरश्री सम्मान, लाइफटाइम एचिभमेन्ट सम्मान, ईश्वरी स्मृति-मातृभूमि सम्मान, मातृभूमि यूवा सम्मान**जस्ता सम्मान, पुरस्कार र पुरस्कारसहित सम्मान गर्ने यस मातृभूमि साहित्य समाजले साहित्यको संवर्द्धन गर्नका लागि समय-समयमा मा.वि. र उच्च मा.वि. तथा क्याम्पसहरूमा विद्यार्थीहरूका बिच प्रतियोगितात्मक कविगोष्ठी गर्दै आएको पाइन्छ । यस समाजले मातृभूमि त्रैमासिक पत्रिका पनि प्रकाशन गर्ने गरेको पाइन्छ ।

यस मातृभूमि साहित्य समाजले देशभित्र रहेका स्रष्टाहरूमात्र होइन,जसले देशबाहिर रहेर पनि नेपाली भाषा, साहित्यलाई जीवन्त राख्नका लागि सहयोग गरेका छन् त्यस्ता स्रष्टाहरूलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने गरेको पाइन्छ । त्यतिमात्र होइन, यस साहित्य समाजले विभिन्न स्रष्टाहरूका **जीवन रङ्गमञ्च र भोगाइ, श्रीमद्भागवत सारांश, मोहभङ्ग, अध्यात्म रामायण, अक्षरका जुलुसहरु, शुभप्रभात, आत्मध्वनि, पत्थरको मान्छे, शब्दझर्ना, मुलुकभित्र, स्मृति-आलोक, प्रकृतिसार स्मृतिका टिपोट, आकांक्षाको चिता, घाम नभएको आकाश, रित्तिएको गाउँ, सम्झनाका डोबहरु, समर्पण**जस्ता **विविध विधाका**साहित्यिक कृतिहरू पनि प्रकाशन गरेको छ । यस साहित्य समाजले साहित्यको क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याएको हुनाले यो संस्था आफैमा अनुसन्धेय छ । अतः यस शोधकार्यको विषय **मातृभूमि साहित्य समाज, मकवानपुरको साहित्यिक योगदान** सँग सम्बन्ध रहेको छ । यसको शीर्षक चयन गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिदैं आएको मातृभूमि साहित्य समाज साहित्यिक योगदान नै यस शोधकार्यको प्रमुख समस्या हो । यस अध्ययनका लागि बुँदागत रूपमा निम्नलिखित समस्या स्थापना गरिएका छन् :-

क) के - कस्तो साहित्यिक पृष्ठभूमिमा मातृभूमि साहित्य समाज स्थापना भएको हो ?

ख) मातृभूमि साहित्य समाज मकवानपुरको साहिर्त्यिक गतिविधिहरू के-कस्ता रहेका छन् ?

ग) यस समाजबाट के - कस्ता पुरस्कार तथा सम्मानहरू एवम् पत्रपत्रिका र पुस्तकहरू प्रकाशित भएका छन् ?

घ) मातृभूमि साहित्य समाज, मकवानपुरले प्रत्यक्षपरोक्ष रूपमा नेपाली साहित्यको विकासमा के - कस्तो योगदान पुऱ्याएको छ ?

यिनै समस्याको समाधानार्थ यो शोधकार्य अग्रसर रहेको छ ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका लागि निम्नलिखित महत्त्वपूर्ण उद्देश्यहरू स्थापित गरिएका छन् :

क) स्थापनाकालीन साहित्यिक सङ्घसंस्थाका पृष्ठभूमिमा साहित्य समाज मकवानपुरको परिचय दिनु,

ख) मातृभूमि साहित्य समाजको साहित्यिक गतिविधिहरूको अध्ययन गर्नु,

ग) यस समाजबाट वितरण गरिने सम्मान तथा पुरस्कार एवम् प्रकाशित पत्रपत्रिका र पुस्तकहरूको अध्ययन गर्नु,

घ) मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदानको विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरू परिपूर्ति गर्नमा शोधकार्य केन्द्रित रहको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

मकवानपुरमा रहेको मातृभूमि साहित्य समाज मकवानपुर अनुसन्धेय भएता पनि यसबारे सामान्य चर्चा परिचर्चा बाहेक विशिष्ट अध्ययन एवम् खोज अनुसन्धान भएको पाइँदैन । स्थापनाकालदेखि हालसम्म निरन्तर रूपमा साहित्यिक गतिविधिहरू सञ्चालन गरिरहेको यो एक महत्त्वपूर्ण साहित्यिक संस्था हो । यस समाजले नव कवि वा लेखकलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न साहित्यिक कार्यक्रमहरू आयोजना गरी पुरस्कार तथा सम्मान वितरण गर्ने गरेको पाइन्छ । लगभग डेढ दशक पार गर्न लागेको यस समाजले साहित्यिक विकासमा पुऱ्याएको योगदानको लेखाजोखा र मूल्याङ्कन गर्नु आवश्यक रहेको छ । यहाँ मातृभूमि साहित्य समाजको बारेमा केही पत्रपत्रिका र पुस्तकमा गरिएका चर्चा परिचर्चाको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ :

मातृभूमि साहित्य समाजले आफ्नो उद्देश्य अनुरूप हयग्रीव आचार्यको **जीवन रङ्गमञ्च र भोगाइ** (काव्यन्यास) प्रकाशन गरेको छ । सो काव्यनासमा हयग्रीव आचार्यले ***केही भन्नै पर्ने कुरा***मा विश्व साहित्यलाई प्राणी हितार्थ प्रयोग गराउन साहित्यकारहरूले युवापुस्तालाई साहित्यको राम्रो

परिभाषा दिएर असल बाटो देखाउन अनिवार्य भइरहेका अवस्थामा साहित्य समाजले कृतिहरू प्रकाशन गरी स्रष्टाहरूलाई सिर्जनाका लागि प्रोत्साहन दिने गरेको कुरा व्यक्त गरेका छन् ।[१]

राम्कुमारेलनले ***मातृभूमि साहित्य समाज र कविता यात्रा*** शीर्षकको लेखमा मातृभूमि साहित्य समाज मकवानपुरमा क्रियाशील सबै पुस्ताका साहित्यकारहरू र बालबालिकाहरूलाई कविता लेख्न सिकाउने डबलीका रूपमा रहेको कुरा उल्लेख गरेको पाइन्छ ।[२]

मातृभूमि साहित्य समाज आफै प्रकाशक रही कृष्णविलास पौडेलको **श्रीमद्भागवत सारांश** नामक कृति प्रकाशन गरेको छ । यसमा रमेशचन्द्र अधिकारीले ***शुभकामना***मा मातृभूमि साहित्य समाजले कृष्णप्रसाद पौडेलजस्ता स्रष्टाहरू जन्माई रहून् भन्दै उनीबाट अझ परिष्कृत, परिमार्जित भावसंवेद्य कृतिहरू रचिँदै जाऊन् भनी शुभकामना व्यक्त गरेका छन् ।[३]

समाजले भीम विरागको **मोहभङ्ग** महाकाव्य प्रकाशन गरेको छ । यसमा भीम विरागले ***लेखकको भनाइ***मा मानिसको मन, मस्तिष्क र दैनिक जीवनलाई वातावरणले प्रभावित पारिरहेको छ भन्दै यसलाई समाधान गर्न साहित्यका माध्यमबाट केही हदसम्म सम्भव हुने कुरा व्यक्त गरी मातृभूमि साहित्य समाजले यस कार्यमा मुख्य भूमिका खेलेको कुरा उल्लेख गरेका छन् ।[४]

रोशन पराजुलीले ***केबुलकारभित्र पहिलो पटक बाह्र मिनेटको काव्ययात्रा*** शीर्षकको लेखमा राष्ट्रका वरिष्ठ साहित्यकारहरूको सार्वजनिक अभिनन्दन गर्ने चौतारी र साहित्यानुरागीहरूको प्रिय पाठशालाका रूपमा चार वर्षअघि हेटौँडामा स्थापित मातृभूमि साहित्य समाजले मनकामनाको केबुलकारभित्र देशमै पहिलो पटक लघु काव्ययात्रा सम्पन्न गरेको कुरा उल्लेख गरेका छन् ।[५]

---

१.हयग्रीव आचार्य : ***केही भन्नै पर्ने कुरा*'** **जीवन रङ्गमञ्च र भोगाइ** (मकवानपुर : मातृभूमि साहित्य समाज,२०५८) पृष्ठ-भूमिका खण्ड ।

२.राम्कुमारेलन : ***मातृभूमि साहित्य समाज र कविता यात्रा,*** **अभ्यास**, **जनमुखी मासिक**, (२०५९आषाढ २६) पृष्ठ-६ ।

३.रमेशचन्द्र अधिकारी : ***शुभकामना*** **,श्रीमद्भागवत सारांश,** कृष्णप्रसाद अधिकारी, (मकवानपुर : मातृभूमि साहित्य समाज २०५९) पृष्ठ-भूमिका खण्ड ।

४. भीम विराग :***लेखकको भनाइ*** **,मोहभङ्ग** (मकवानपुर :मातृभूमि साहित्य समाज,२०५९) पृष्ठ-भूमिका खण्ड ।

५. रोशन पराजुली : ***केवुलकारभित्र पहिलो पटक बाह्र मिनेटको काव्ययात्रा*** **नेपाल समाचारपत्र,** (२०६० जेठ १७ ) पृष्ठ-६ ।

समाजले देवराज खरेलको **आत्मध्वनि** कवितासङ्ग्रह प्रकाशन गरेको छ । यसको ***प्रकाशकीय***मा अरुणराज सुमार्गीले मातृभूमि साहित्य समाजले विविध प्रकारका साहित्यिक कार्यक्रम गर्नुका साथै विभिन्न पुरस्कार तथा सम्मान स्थापना तथा वितरण गर्दै आएको एवं साहित्यिक कृतिहरूसमेत प्रकाशन गरेर विशिष्ट योगदान पुऱ्याएको कुरा व्यक्त गरेका छन् ।[६]

देवीराम लामाले **नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकवानपुरको योगदान** शीर्षकको शोधपत्रमा मातृभूमि साहित्य समाजले प्रतिष्ठित साहित्यकारहरूको जन्मजयन्ती, नारी दिवस जस्ता अवसरमा गोष्ठीहरू गर्दै आएको र विभिन्न पुरस्कार एवम् सम्मानहरू प्रदान गर्नुका साथै विगत ६ वर्षदेखि विभिन्न स्थानीय एवम् राष्ट्रिय साहित्यिक गतिविधिहरूलाई गति दिएको कुरा वर्णन गरेका छन् ।[७]

मातृभूमि साहित्य समाजले स्वर्गीय श्याम श्रेष्ठको **मुलुकभित्र** उपन्यास पुनः प्रकाशन गरेको छ । यस उपन्यासमा श्याम श्रेष्ठका छोरा आशिष श्रेष्ठले ***केही कुरा***मा आफ्ना पिताको उपन्यास प्रकाशन गरी सहयोग गरिदिने मातृभूमि साहित्य समाजप्रति आभार व्यक्त गरेका छन् ।[८]

समाजले यमुनाप्रसाद गौलीको कृति **स्मृति-आलोक** प्रकाशन गरेको छ । यस कविता सङ्ग्रहको ***प्रकाशनीय***मा देवराज खरेलले समाजको उद्देश्य सृजनशील प्रतिभाहरूको खोजी गरी प्रोत्साहित तुल्याउने रहेको छ भन्दै गच्छे अनुसार उनीहरूका कृतिहरूको प्रकाशन यस समाजले गर्ने छ भन्ने कुरा व्यक्त गरेका छन् ।[९]

---

६. अरुणराज सुमार्गी : **प्रकाशकीय**, **आत्मध्वनि,** देवराज खरेल (मकवानपुर : मातृभूमि साहित्य समाज २०६५) पृष्ठ-भूमिका खण्ड ।

७. देवीराम लामा : ***नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकवानपुरको योगदान*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन : २०६६) पृष्ठ ३० ।

८. आशिष श्रेष्ठ : ***केही कुरा*** **,मुलुकभित्र,** स्व.श्याम श्रेष्ठ (मकवानपुर :मातृभूमि साहित्य समाज २०६६) पृष्ठ-भूमिका खण्ड ।

९. देवराज खरेल : ***प्रकाशनीय,*** **स्मृति आलोक,** यमुनाप्रसाद गौली (मकवानपुरःमातृभूमि साहित्य समाज मकवानपुर २०६७) पृष्ठ- भूमिका खण्ड ।

**साभ्काकुरा** पत्रिकाका नाम संवाददाताले ***भीम विरागलाई लाइफ एचिभमेन्ट एवार्ड*** शीर्षकको लेखमा मातृभूमि साहित्य समाज मकवानपुरले वरिष्ठ कलासाधक भीम विरागलाई लाइफ एचिभमेन्ट एवार्डद्वारा सम्मान गर्नुका साथै उनले सङ्गीत, साहित्य, कला लगायतका क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरूप उनलाई यो सम्मान प्रदान गरेको कुरा उल्लेख गरेका छन् ।[१०]

मातृभूमि साहित्य समाजले प्रकाशन गरेको **मातृभूमि साहित्य समाज परिचय पुस्तिका**मा भाषा, साहित्य समाज, कला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्न वि.सं. २०५६ असोज ६ गते मातृभूमि साहित्य समाजको गठन भएको र यसले विभिन्न पुरस्कार तथा सम्मानहरू स्थापना एवम् वितरण गर्दै कृतिहरू पनि प्रकाशन गर्दै आएको कुरा उल्लेख गरिएको छ ।[११]

समाजले माधव पोखेलको **आकाङ्क्षाको चिता** नाटक प्रकाशन गरेको छ । यसको ***प्रकाशकीय***मा समाजका अध्यक्ष राजबाबु पहाडीले पुण्य मातृभूमि नेपालको स्तुति गायन नै मातृभूमि साहित्य समाजको मूल ध्येय रहेको र यो स्थापनाकालदेखि नै भाषा, साहित्य, कला, संस्कृतिको सेवा मार्फत राष्ट्र वन्दनाका लागि समर्पित रहेको कुरा व्यक्त गरेका छन् ।[१२]

**कान्तिपुर** राष्ट्रिय दैनिकका संवाददाताले ***कार्की र ज्ञवाली पुरस्कृत*** शीर्षक लेखमा मातृभूमि साहित्य समाजले यती फाइनान्स साहित्यिक पुरस्कार रुकु कार्की र मातृभूमि राष्ट्रिय सम्मान साहित्यिक एवम् राजनीतिक व्यक्तित्व प्रदीप ज्ञवालीलाई प्रदान गरेको कुरा उल्लेख गरेको पाइन्छ ।[१३]

---

१० संवाददाता : ***भीम विरागलाई लाइफ एचिभमेन्ट एवार्ड,*** **साभ्काकुरा** राष्ट्रिय दैनिक (हेटौंडाः २०६८ साउन २२) पृष्ठ -१ ।

११. ***मातृभूमि साहित्य समाज परिचय पुस्तिका*** (२०६९), मकवानपुर : मातृभूमि साहित्य समाज (पृष्ठ-१-११) ।

१२. राजबाबु पहाडी : ***प्रकाशकीय,*** **आकांक्षाको चिता,** माधव पोखेल (मकवानपुर :मातृभूमि साहित्य समाज २०६९) पृष्ठ- भूमिका खण्ड ।

१३.संवाददाता : ***कार्की र ज्ञवाली पुरस्कृत,*** **कान्तिपुर राष्ट्रिय दैनिक,** (काठमाडौं : २०६९ असार २७) पृष्ठ-१० ।

**हेटौडा टुडे**का संवाददाताले ***भानुजयन्ती विविध कार्यक्रम*** शीर्षकको लेखमा मातृभूमि साहित्य समाज मकवानपुरले भानु जयन्तीको अवसर पारेर हेटौंडामा प्रतियोगितात्मक कवि गोष्ठी, गजल प्रतियोगिता जस्ता कार्यक्रमहरूको आयोजना गरी पुरस्कृत गरेको कुरा उल्लेख गरेका छन् ।[१४]

प्रकाश दाहालले ***विभिन्न पुरस्कार तथा सम्मान प्रदान*** शीर्षकको लेखमा मातृभूमि साहित्य सामाजले हरेक वर्ष प्रदान गर्दै आएको विभिन्न ६ विधाका पुरस्कारहरू विभिन्न व्यक्तित्वहरूलाई ससम्मान वितरण गरेको कुरा उल्लेख गरेका छन् ।[१५]

कृष्णप्रसाद दाहालले **मातृभूमि साहित्य समाज मकवानपुर साङ्गठनिक प्रतिवेदन (२०६९/९/१७)** मा मातृभूमि साहित्य समाज मकवानपुरद्वारा २०६९ मङ्सिरभित्र सम्पन्न क्रियाकलापको संक्षिप्त गतिविधि र आगामी दिनको लागि प्रस्तावित कार्यक्रम प्रस्तुत गरेका छन् ।[१६]

प्रकाश दाहालले ***मूर्तिकलासँगै बहुभाषिक साहित्यकला*** शीर्षकको लेखमा मकवानपुरमा जारी अन्तर्राष्ट्रिय मूर्तिकलासँगै बहुभाषिक साहित्य कलामा मातृभूमि साहित्य समाजले साहित्यको वर्षा गरेर कार्यशालालाई थप उल्लासमय बनाएको कुरा उल्लेख गरेका छन् ।[१७]

केशव समर्पणले ***बहुभाषी रचनाको गुन्जन*** शीर्षकको लेखमा मातृभूमि साहित्य समाज मकवानपुरको आयोजनामा बहुभाषिक कवि गोष्ठी तथा सम्मान भएको र कार्यशालामा सहभागी मूर्तिकारलाई समाजले सम्मानपत्र प्रदान गरेको कुरा उल्लेख गरेका छन् ।[१८]

---

१४. संवाददाता : ***भानु जयन्तीमा विविध कार्यक्रम,*** **हेटौंडा टुडे** (हेटौंडा :२०६९ असार ३०) पृष्ठ-१ ।

१५. प्रकाश दाहाल : ***विभिन्न पुरस्कार तथा सम्मान प्रदान*** , **हेटौंडा टुडे**(हेटौंडा : २०६९ साउन ७) पृष्ठ १२ ।

१६. कृष्णप्रसाद दाहाल : ***मातृभूमि साहित्य समाज मकवानपुर सांगठनिक प्रतिवेदन (२०६९/९/१७ ),*****हाम्रो मातृभूमि** (हेटौंडा : देवराज खरेल,२०६९ कार्तिक पुस त्रैमासिक पत्रिका) पृष्ठ ५०-५२ ।

१७. प्रकाश दाहाल : ***मूर्तिकलासँगै बहुभाषिक साहित्यकला,*** **अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक** (काठमाडौँ : २०६९ मंसिर २२) पृष्ठ १२ ।

१८. केशव समर्पण : ***बहुभाषी रचनाको गुन्जन,*** **नारायणी राष्ट्रिय दैनिक** (हेटौडा : २०६९ साउन,२३) पृष्ठ-४ ।

समाजले विमला कार्की 'सुसं' को गजल सङ्ग्रह **घाम नभएको आकाश** प्रकाशन गरेको छ । यसमा निमेष निखिलले साहित्यका विविध विधा-उपाधिकाका लागि विमला कार्की 'सुसं' जस्ता प्रतिभालाई हौसला दिने यस संस्थाको कार्य सह्रनीयकला रहेको कुरा व्यक्त गरेका छन् ।[१९]

मातृभूमि साहित्य समाजले पण्डित अञ्जु दाहालको **सम्झनाका डोबहरू** कविता सङ्ग्रह प्रकाशन गरेको छ । उनले *आत्माभिव्यक्ति*मा मातृभूमि साहित्य समाज, मकवानपुरले प्रकाशनको अभिभारा लिएको हुँदा यसले पुस्तकको आकार प्राप्त गरेको कुरा व्यक्त गरेकी  छन् ।[२०]

समाजले मञ्जु खराल 'मञ्जुश्री ' को **समर्पण** गीतिसङ्ग्रह प्रकाशन गरेको छ । यसको अन्तर्मनका भावनाहरूमा मञ्जुश्रीले शिक्षा, साहित्य, सङ्गीत र कलाको संरक्षण एवम् उत्थान गर्ने उद्देश्यले स्थानीय प्रतिभाहरूलाई समेत उत्प्रेरित गर्ने मातृभूमि साहित्य समाजप्रति कृतज्ञता व्यक्त गर्दै आफ्नो गीति एल्बम **जलन** र गीति सङ्ग्रह **समर्पण** प्रकाशन गरेकोमा खुसी व्यक्त गरेकी छन् ।[२१]

यसरी मातृभूमि साहित्य समाजको बारेमा सामान्य चर्चा परिचर्चा भएका छन् । यस संस्थाका बारेमा समय-समयमा थोरबहुत पत्रपत्रिका र पुस्तकमा धेरै कुरा उल्लेख भएको देखिन्छ । जे जति अध्ययन भएका छन् ती सवै अपूर्ण र अधुरा नै देखिन्छन् । अतः प्रस्तावित शोधकार्यमा मातृभूमि साहित्य समाज, मकवानपुरको साहित्यिक योगदानको चर्चा गर्दै यसको ऐतिहासिक पृष्ठभूमि र यसले गरेको साहित्यिक गतिविधिको अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

भाषा र साहित्यको आयामभित्र भाषिक तथा साहित्यक क्रियाकलापहरूको आ-आफ्नै गरिमा र महिमा रहेको हुन्छ । खास गरी भाषा साहित्यका लागि गैरसरकारी तवरबाट साहित्यिक उत्थानमा जुटेका व्यक्ति वा संस्था सङ्ख्यात्मक हिसाबले अत्यन्तै कम रहेका हुन्छन् ।

---

१९.निमेष निखिल : ***शुभकामना,* घाम नभएको आकाश,** विमला कार्की 'सुसं' (मकवानपुर : मातृभूमि साहित्य समाज २०६९) पृष्ठ-भूमिका खण्ड ।

२०.अन्जु दाहाल : ***आत्माभिव्यक्ति,* सम्झनाका डोबहरू** ( मकवानपुर : मातृभूमि साहित्य समाज २०७०) पृष्ठ-भूमिका खण्ड ।

२१.मन्जु खराल 'मन्जुश्री' : ***अन्तर्मनका भावनाहरू,* समर्पण** (मकवानपुर : मातृभूमि साहित्य समाज २०७०) पृष्ठ-भूमिका खण्ड ।

यसै सन्दर्भमा एक दशकभन्दा बढी समयदेखि मकवानपुरका साहित्यिक गतिविधिहरूमा क्रियाशील साहित्यिक सङ्गठन मातृभूमि साहित्य समाज मकवानपुरले हालसम्म निरन्तर रूपमा नेपाली साहित्यलाई सङ्ख्यात्मक तथा गुणात्मक रूपमा पुऱ्याएको योगदानका आधारमा मातृभूमि साहित्य समाज मकवानपुरलाई राष्ट्रिय सन्दर्भमा परिचित गराउने कार्यमा प्रस्तुत शोधकार्य औचित्यपूर्ण देखिन्छ साथै मकवानपुर जिल्लाको साहित्यिक क्षेत्रको अध्ययनका लागि एवम् अध्येताहरूको लागि यो महत्त्वपूर्ण एवम् उपयोगी हुनेछ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमाङ्कन

प्रस्तुत गरिने शोधको क्षेत्र मातृभूमि साहित्य समाज मकवानपुर र यसका गतिविधिको अध्ययन हो । स्थापनाकालीन साहित्यिक सङ्घसंस्थाहरूको पृष्ठभूमिमा मातृभूमि साहित्य समाज मकवानपुरको परिचय गराउनुका साथै मातृभूमि साहित्य समाज मकवानपुरका साहित्यिक गतिविधिहरूको चर्चा गरिएको छ । यस समाजबाट वितरण हुनेगरेका पुरस्कारहरू तथा सम्मानहरू एवम्  पत्रपत्रिकाहरू र पुस्तकहरूको अध्ययन गर्नु र समाजको स्थापनादेखि हालसम्मको कार्य समिति र तिनका कार्यहरूका बारेमा चर्चा गर्नु यसको मुख्य क्षेत्र मानिएको छ । यहाँ उल्लेख गरिएको बाहेक अरु क्षेत्रको अध्ययन नगर्नु यसको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा मातृभूमि साहित्य समाजसँग सम्बन्धित पूर्व प्रकाशित सामग्रीहरू विभिन्न पत्रपत्रिकाहरूबाट सामग्री सङ्कलन गरिएको छ र यसका लागि पुस्तकालय विधिको उपयोग गरिएको छ । यसका साथै यस संस्थाका पदाधिकारीहरू तथा स्रष्टाहरूसँग अन्तर्वार्ता लिई क्षेत्रीय विधिबाट समेत सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि

पुस्तकालय विधिबाट सङ्कलित सामग्रीहरू एवम् मातृभूमि साहित्य समाजका पदाधिकारीहरू र यससँग आबद्ध स्रष्टाहरूसँग अन्तर्वार्ता लिई क्षेत्रीय विधिबाट समेत सङ्कलन गरिएको सामग्रीलाई सामान्यीकरण गरी व्याख्या र विश्लेषण गर्न विवरणात्मक, वर्णनात्मक र विश्लेषणात्मक तथा निगमनात्मक विधि समेत अङ्गालिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र सुव्यवस्थित गर्नका लागि पाँच परिच्छेदमा यसरी विभाजन गरिएको छ :-

**पहिलो परिच्छेद : शोधपरिचय**

यस परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । यसअन्तर्गत शोधशीर्षक, प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि, शोधपत्रको रूपरेखा शीर्षक रहेका छन् ।

**दोस्रो परिच्छेद : मातृभूमि साहित्य समाज, मकवानपुर स्थापनाकालीन मकवानपुरका साहित्यिक सङ्घ-संस्थाहरू**

यस परिच्छेदमा मातृभूमि साहित्य समाजको स्थापनाकालका मकवानपुर जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरू अध्ययन गरिएको छ । खास गरी वि.सं. २०२० देखि मकवानपुर जिल्लामा उदाएका साहित्यिक सङ्घसंस्थाहरूको गतिविधि र यस समाजको स्थापना गर्नका लागि समेत सङ्घसंस्थाहरूको हात रहेको सन्दर्भ बारे यस परिच्छेदमा अध्ययन गरिएको छ ।

**तेस्रो परिच्छेद : मातृभूमि साहित्य समाज मकवानपुरको गतिविधिहरू**

यस परिच्छेदमा स्थापनाकालदेखिका वर्तमानसम्मका कार्य समिति र तिनका कार्य, मुखपत्र प्रकाशन, सम्मान तथा पुरस्कारको स्थापना तथा वितरण, प्रकाशित कृति र स्रष्टाको अध्ययन गरिएको छ । मातृभूमि साहित्य समाजका विशिष्ट आजीवन उपासक तथा आजीवन उपासकहरूको विवरण समेत यसमा समेटिएको छ ।

**चौथो परिच्छेद मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान**

यस परिच्छेदमा नेपाली साहित्यको विकासमा मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदानको अध्ययन गर्दै यसले गाउँका विभिन्न ठाउँहरूमा गएर साहित्यिक कार्यक्रमहरू गर्नुका साथै विद्यार्थीहरूलाई शिक्षाप्रति प्रोत्साहित गरेको कुरा उल्लेख गर्दै मूल्याङ्कन गरिएको छ ।

**पाचौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको सारांश एवम् समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत शोधकार्यको अग्रभागका सबै अङ्गका साथै पश्चभागका रूपमा सन्दर्भ ग्रन्थसूची र परिशिष्ट समेत समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# मातृभूमि साहित्य समाजक स्थापनाकालीन मकवानपुरका साहित्यिक सङ्घसंस्थाहरू

## २.१ विषय प्रवेश

मकवानपुरका जिल्ला साहित्यको क्षेत्रमा उर्वर रहेको पाइन्छ । यस जिल्लामा नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि पञ्चयती बर्बरतालाई समेत बेवास्ता गर्दै व्यक्तिगत तथा संस्थागत प्रयासहरू पर्याप्त भएको देखिन्छ । खास गरी २०२० सालदेखि नै पत्रपत्रिका प्रकाशित भएको पाइएकाले मकवानपुरको साहित्यको फाँटमा मातृभूमि साहित्य समाज मकवानपुरको स्थापनाकालीन मकवानपुरका साहित्यिक सङ्घसंस्थाहरूलाई त्यही मिति सम्म लम्ब्याउन सकिन्छ । जिल्लाबाट **अविरल, अचार, अठोट, आवाज, श्रमिक, कुराकानी नवकोरस, गथु, चन्द्रगिरी, चुली, जुनेली, जुनकीरी उद्यान, झरना, नवपालुवा, नमस्कार, नारायणी टुडे, प्रकाश, पूर्वको चौतरी, प्रतिभा, परिवर्तन पलाँस, प्रयास, बारुद, मकवानपुर फुलपाती, बलिदान, मुर्च्छना, सयपत्री, सुनगाभा, सिद्धार्थ, त्रिवेणी, युगदर्पण, लगायत हेटौँडा सन्देश, जस्ता विभिन्न सङ्घ संस्थाहरूबाट प्रकाशित स्मारिका, मुखपत्र, हवाइपत्रिका,** दैनिक एवम् साप्ताहिक रूपमा प्रकाशित भएको पाइन्छ । यी पत्रपत्रिकाहरू पनि मातृभूमि साहित्यसमाजको स्थापनाकालीन रूपमा रहेको पाइन्छ ।

मातृभूमि साहित्य समाजको स्थापनाकालीन विभिन्न सङ्घसंस्थाहरूले साहित्यको उत्थानमा महत्त्वपूर्ण हात रहेको पाइन्छ । यस जिल्लामा वि.सं. २००९ देखि कैयौँ साहित्यिक सङ्घसंस्थाहरू एवम् पुस्तकालयहरू स्थापनाकालीन पृष्ठभूमिको रूपमा रहेका छन् । त्यस्ता संस्थाहरूले साहित्यिक विकासमा जीवन्त र क्रियाशील रूपमा उल्लेख्य भूमिका पनि खेलेको पाइन्छ । यस परिच्छेदमा मातृभूमि साहित्य समाजको स्थापनाकालीन मकवानपुर जिल्लाका साहित्यिक सङ्घसंस्थाहरूको सामान्य परिचय र तिनले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानका बारेमा कालक्रमिक चर्चा गरिएको छ ।

## २.१.१ ज्योति पुस्तकालय (२००९)

मकवापुर जिल्लाको पुरानो सदरमुकाम भीमफेदीमा वि.सं. २००९ मा शैक्षिक जागरणको प्रथम चेष्टास्वरूप ज्योति पुस्तकालय भीमफेदीमा स्थापना भएको पाइन्छ । २००७ साल पछिको परिवर्तित राजनैतिक संस्करणलगत्तै स्थापित यस पुस्तकालयले  मूलतः शैक्षिक समुन्नतिमा योगदान पुऱ्याएको  छ तापनि साहित्यिक पृष्ठभूमिमा पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । भीमफेदी नेवार जातिका मानिसहरूको बाहुल्य भएको ठाउँ भएको हुनाले विभिन्न चाडपर्वहरूमा नेवारी तथा नेपाली संस्कृति झल्काउने खालका नाटकहरू आयोजना गर्ने तथा भानुजयन्ती, लक्ष्मीजयन्ती एवम् विशेष अवसरहरूमा कविता गोष्ठीहरू आयोजना गर्ने गरेको देखिन्छ । यस पुस्तकालयमा पत्रपत्रिका एवम् साहित्यिक कृतिहरूका अध्ययनको अवसर प्रदान गर्ने ध्येयले अनेक पुस्तक तथा साहित्यिक पत्रपत्रिकाहरू सङ्कलन गर्नेजस्ता कार्यहरू भएका थिए । मकवानपुर जिल्लाको ऐतिहासिक यो पुस्तकालय हाल केवल पुस्तकालयको रूपमा सञ्चालित रहेको छ ।[१]

## २.१.२  नव कला कुञ्ज (२०१८)

हेटौँडाका साहित्यप्रेमी युवाहरूको सक्रियतामा वि.सं. २०१८ मा नव कला कुञ्जको स्थापना हेटौँडामा भएको पाइन्छ । रेडियो नेपालबाट गाइएका केही उत्कृष्ट गीत एवम् स्थानीय गायकहरूका समेत केही गीतहरू समेटी यस नव कला कुञ्जले **गीतकुञ्ज** शीर्षकको गीति सङ्गालो सम्पादन तथा सङ्कलन गरी प्रकाशन गरेको थियो भने गीतमा रुचि भएका व्यक्तिहरूलाई प्रशिक्षण दिने काम पनि यस संस्थाले गरेको थियो । हिरण्य 'भोजपुरे', गणेश रसिक लगायतका गायकहरू यसै संस्थाका उपज भएको बुझिएको छ । यसका साथै यस संस्थाले समयसमयमा विभिन्न गीति प्रतियोगिताको आयोजना गर्नुका साथै समयसमयमा नाटकसमेत प्रदर्शन गरेको थियो । आफ्नै निजी भवन भएको यस संस्थाले २०२६ सालसम्म सक्रिय रूपमा विभिन्न कार्यहरू गरेको र त्यसपछि विस्तारै निष्क्रिय हुँदै हाल पूर्ण रूपमा बन्द हुन पुगेको बुझिन्छ ।[२]

---

१.देवीराम लामा : नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकवानपुरको योगदान (अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन : २०६६) पृष्ठ ४० ।

२. ऐजन ।

### २.१.३ हिमाली साहित्य प्रकाशन (२०२४)

रामचन्द्र आचार्य 'फुर्सती'को अगुवाइमा मकवानपुर जिल्लाको नामटारमा वि.सं. २०२४ मा स्थापना भएको हिमाली साहित्य प्रकाशन जिल्लाकै पहिलो प्रकाशन हो । यस संस्थाले २०२८ सालमा हेटौँडा बजारबाट **त्रिवेणी सङ्गम** सामयिक साहित्यिक सङ्गालो वार्षिक रूपमा दुई अङ्क प्रकाशित गरेको थियो । चन्दा सङ्कलनबाट जुटाइएको रकमबाट सञ्चालित यो हिमाली साहित्य प्रकाशन आर्थिक अभावले २०२९ सालदेखि प्रायः निष्क्रिय बनेको देखिन्छ । यस प्रकाशनले २०५५ सालमा नामटारमा रहेका गीतकारहरूका गीतलाई सङ्कलन गरी **पहाडी सङ्गम** नामक गीति पुस्तिकाको प्रकाश गरेको बुझिन्छ ।[३]

### २.१.४ सङ्गम पुस्तकालय (२०३५)

हेटौँडाले शिक्षाप्रेमी व्यक्तिहरूको सक्रियतामा वि.सं. २०३५ मा हेटौँडा-३ सङ्गम चोकमा सङ्गम पुस्तकालयको स्थापना भएको पाइन्छ । यस पुस्तकालयले नेपाली भाषा र साहित्य एवम् अन्य विविध विषयका लगभग तीन हजार जति पुस्तकहरू तथा विभिन्न पत्रपत्रिकाहरू व्यवस्था गरी स्थानीय स्तरमा शैक्षिक जागरण ल्याउने र भाषिक तथा साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । यो पुस्तकालय आफ्नो स्थापनाकालेदेखि नै बेलाबेलामा विभिन्न साहित्यिक गोष्ठी, भाषा तथा वाङ्मयिक श्रीवृद्धिमा सक्रियताका साथ संलग्न रहँदै आजसम्म पनि सञ्चालन भइरहेको पाइन्छ ।[४]

### २.१.५ युगप्रकाश क्लब (२०३७)

हे.न.पा. वडा नं. ८ नवलपुरका स्थानीय शिक्षाप्रेमी तथा समाजसेवीहरूको सामूहिक प्रयासमा २०३७ सालमा युगप्रकाश क्लब नवलपुरको स्थापना भएको पाइन्छ । यस क्लबले मकवानपुर जिल्लामै पहिलोपटक भित्तेपत्रिका प्रकाशन गरी स्थानीय साहित्यकार तथा साहित्यप्रेमीहरूलाई प्रोत्साहित गर्न उल्लेख्य मद्दत पुऱ्याएको पाइन्छ ।

---

३. कुलप्रसाद सापकोटा : **नेपाली साहित्यको विकासमा मकवानपुरको योगदान**,(अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन : २०५८)पृष्ठ ३५ ।

४. ऐजन ।

समय-समयमा साहित्यिक गोष्ठीहरूको आयोजन गर्ने गरेको यस युग प्रकाश क्लबले जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।[५]

## २.१.६ मकवानपुर साहित्य परिषद् (२०३९)

साहित्यकार भीम विराग, दीपक मुडभरी आदिको सक्रियतामा वि.सं. २०३९ मा मकवानपुर साहित्य परिषद् हेटौँडामा स्थापना भएको विशुद्ध साहित्यिक संस्था हो । यस परिषद्ले भीम विरागको **अतृप्त स्पर्श**(२०४३) प्रकाशन गरेर साहित्यिक कृति प्रकाशनको मेलो देखाई मकवानपुरे साहित्यिक उन्नयनमा एउटा ईट्टा थप्ने काम गरेको देखिन्छ । विभिन्न समय-समयमा साहित्यिक गोष्ठी गर्ने यस परिषद्ले वि.सं. २०४१  मा लेखनाथ पौड्यालको शतवार्षिकीका अबसरमा बृहत् काव्य समारोहमा आयोजना गरी पहिलोपटक हेटौँडामा प्राज्ञ तथा वरिष्ठ साहित्यकारहरूलाई निम्त्याएर मकवानपुरका स्रष्टाहरूलाई अगाडि बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । करिब तीन वर्ष जतिको  सक्रियतापश्चात् यो संस्था निष्क्रिय बन्न पुगेको देखिन्छ ।[६]

## २.१.७ साहित्य सङ्गम मकवानपुर (२०४४)

वि.सं. २०४३ साल कार्तिक महिनामा स्थानीय भुवनेश्वर मन्दिरको प्राङ्गणमा केही हेटौँडेली साहित्यप्रेमीहरू जम्मा भई मकवानपुर साहित्य कमिटी गठन गरेको र २०४४ साल पौष २५ गते विभिन्न तप्काका लेखकहरूको प्रतिनिधित्व हुने गरी साहित्य सङ्गम मकवानपुरको नामबाट यस संस्थाको जग हाल्ने काम भएको थियो । तत्कालीन पञ्चायती बर्बरताको प्रताडनामा बौद्धिक जमातले आफूभित्रको असन्तुष्टि वा विद्रोह पोख्ने उपयुक्त माध्यमको खोजीमा यस संस्थाको गठन भएको  हो । साहित्यानुरागी नवराज शर्मा, आर.आर.चौलागाई, रामचन्द्र आचार्य, केशव श्रेष्ठ 'ज्योति' आदिको सक्रियतामा स्थापित मकवानपुर साहित्य कमिटी नै वि.सं. २०४४ पौष २५ गते धर्मदत्त न्यौपानेको अध्यक्षतामा **साहित्य सङ्गम मकवानपुर** नामबाट गठन भएको हो ।

---

५. कुलप्रसाद सापकोटा : नेपाली साहित्यको विकासमा मकवापुरको योगदान, त्रि.वि.,वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवन : २०५८, पृष्ठ ४० ।

६. ऐजन ।

साहित्य सङ्गम मकवानपुर नियमित साहित्य सन्ध्या सञ्चालन, मुखपत्र तथा स्मारिका प्रकाशन, विभिन्न साहित्यिक पुरस्कारहरूको संयोजन, संरक्षण तथा वितरण, पुस्तकालय सञ्चालन लगायतका साहित्यिक क्रियाकलापमा सक्रिय रहेको देखिन्छ ।[७]

## २.१.८ मूर्च्छना सङ्गीत समूह (२०४९)

मूर्च्छना सङ्गीत समूह हेटौँडामा सांस्कृतिक उत्थान तथा सङ्गीतकला क्षेत्रलाई जगेर्ना तथा संवर्द्धन गर्ने र यस क्षेत्रमा कार्यरत अन्य सङ्घसंस्थाहरूको सहयोग लिई नव प्रतिभाहरूलाई आवश्यक प्रोत्साहन गर्ने गरी २०४९ सालमा स्थापना गरिएको साङ्गीतिक समूह हो । खेम बानियाँ, रामचन्द्र भण्डारी, तुलाराम थापा, इन्द्रप्रसाद नेपाल तथा रामबाबु सापकोटा संस्थापक रहेको यस समूहले **मूर्च्छना** नामक साङ्गीतिक तथा साहित्यिक पत्रिकासमेतको प्रकाशन गरको पाइन्छ । स्थानीय नव प्रतिभाको प्रस्फुटन, संरक्षण, समाजमा सांस्कृतिक जागरण, कलाकारको वर्गीय हित, सुषुप्त रहेको सांस्कृतिक तथा कलाक्षेत्रलाई सक्रिय बनाई जीवन्तता प्रदान गरी जिल्लाको साहित्यिक तथा कलाक्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।[८]

## २.१.९ विश्वेश्वर आलोक मञ्च (२०४९)

वाचनालय, पुस्तकालय, अध्ययन केन्द्रहरू खोलेर नवीन सामाजिक चेतनाको अभिवृद्धि गर्ने, समाजमा लुकेका व्यावसायिक, सांस्कृतिक, साहित्यिक प्रतिभाको खोजी गरी रचनात्मक प्रोत्साहन र बढावा दिने, कला, सङ्गीत, साहित्य र खेलकुद क्षेत्रका प्रतिभाहरूको अभिनन्दन तथा पुरस्कारको व्यवस्था गर्ने जस्ता बहूद्देश्य बोकी २०४९ सालमा हेटौँडामा इन्द्रप्रसाद श्रेष्ठको संयोजकत्वमा **विश्वेश्वर आलोक मञ्च** गठन भएको पाइन्छ । विभिन्न अवसरहरूमा साहित्यिक गोष्ठीहरू सञ्चालन गरी साहित्यिक विकासमा रचनात्मक योगदान पुऱ्याएको यस संस्थाले २०४९ सालमा मकवानपुर प्रतिभा पुरस्कारको स्थापना गरेको पाइन्छ । मकवानपुरे साहित्यिक समुन्नतिमा लागि पर्ने प्रतिभाहरूलाई पुरस्कृत गर्ने क्रममा हालसम्म रामचन्द्र आचार्य 'फुर्सती', केशव श्रेष्ठ ज्योति, आरआर चौंलागाई, रमेश गोर्खाली पुरस्कृत भइसकेका छन् ।

---

७. देवीराम लामा , पूर्ववत् ,पृष्ठ ४६ ।
८. कुलप्रसाद सापकोटा, पूर्ववत् ,पृष्ठ ४१।

पुरस्कारको राशि रु. ५,०००।- र प्रमाणपत्र रहेको यो पुरस्कार वि.सं. २०५१ देखि प्रदान गर्न थालिएको हो ।[९]

## २.१.१० पुष्पलाल स्मृति पुस्तकालय (२०४९)

वि.सं. २०४९ मा हेटौँडा नगरपालिकाद्वारा हे.न.पा.-५, सानोपोखरामा स्थापना गरिएको 'पुष्पलाल स्मृति पुस्तकालय'ले स्थानीय नगरक्षेत्रमा रहेका आम पाठकहरूलाई उल्लेखनीय सेवा पुऱ्याउँदै आएको छ । व्यवस्थापन सञ्चालन हस्तान्तरणको प्रचलनसँगै हाल यस पुस्तकालयको सञ्चालन तथा व्यवस्थापन साहित्य सङ्गम मकवानपुरद्वारा गरिएको छ । हाल यस पुस्तकालयका सदस्य सङ्ख्या ३०९ तथा पुस्तकसङ्ख्या ५,६०१ रहेको देखिन्छ । यस पुस्तकालयमा अध्ययनका लागि आउने बौद्धिक व्यक्तित्वहरूको सङ्ख्या क्रमशः बढ्दो देखिन्छ ।[१०]

## २.१.११ जुनकिरी साहित्य परिवार (२०५०)

रमेशप्रसाद लामिछाने, रमेशमोहन अधिकारी, जङ्गबहादुर विश्वकर्मा, श्यामकृष्ण ढकाल, राजु घिमिरे, रामगुलाम साह, मधूसुदन शर्मा, गावाकृष्ण घिमिरे, दिलकृष्ण थापालगायतको साहित्यानुरागीहरूको संयुक्त प्रयासमा वि.सं. २०५० मा मकवानपुर जिल्लाको फापरबारीमा स्थापना भएको हो । यस जुनकिरी साहित्य परिवारले **जुनकिरी** नामक त्रैमासिक हवाइपत्रिका प्रकाशित गरी एकातिर स्थानीय नव साहित्य अनुरागीहरूलाई प्रोत्साहन गरेको पाइन्छ भने अर्कोतिर स्थानीय तवरमा साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको समेत देखिन्छ । जुनकिरीको सातौँ अङ्क प्रकाशनपश्चात् यो परिवार प्रायः निष्क्रिय रहेको बुझिएको छ ।[११]

## २.१.१२ उद्बोधन साहित्य मञ्च (२०५०)

प्रकाश पौड्याल, शिव खड्का, नरबहादुर पाखिन, दीर्घराज पौड्याल, विनोद कार्की, ध्रुव थापा, शम्भु खड्का, रमेश चौलागाई, सुदीप, लक्ष्मण बिँडारी लगायतका साहित्य प्रेमीहरूको संयुक्त प्रयासमा वि.सं. २०५० मा हेटौँडामा **उद्बोधन साहित्य मञ्च**को स्थापना भएको हो ।

---

९. देवीराम लामा , पूर्ववत् , पृष्ठ ४६।
१०. कुलप्रसाद सापकोटा , पूर्ववत् , पृष्ठ ४२ ।
११. देवीराम लामा , पूर्ववत् ,पृष्ठ ४७ ।

जीवनमुखी, जनमुखी र प्रगतिशील साहित्यको संवर्द्धन र विकास गर्ने ध्येयले स्थापित यस मञ्चले **उद्‌बोधन** नामक मासिक साहित्यिक पत्रिकासमेत प्रकाशित गरेको बुझिन्छ । दुई वर्षको सक्रियतापश्चात् यो मञ्च निष्क्रिय भएको देखिन्छ ।[१२]

## २.१.१३ प्रगतिशील लेखक सङ्घ (२०५०)

मकवानपुर जिल्लाका विभिन्न क्षेत्रमा रहेर प्रगतिशील चिन्तन राखी लेखन कार्यमा कार्यरत, पत्रपत्रिका सञ्चालन गरिरहेका साहित्य मञ्च, सङ्गम निकट भई तथा व्यक्तिगत रूपमा पनि प्रगतिशील जनपक्षीय कलम चलाउनेहरूको साझा सङ्गठनको रूपमा वि.सं. २०५० सालमा हेटौँडामा प्रगतिशील लेखक सङ्घ स्थापना भएको हो । सूर्यप्रसाद शर्माको संयोजकत्वमा स्थापित यस सङ्घले प्रारम्भमा टनकपुर सन्धिको विरोधमा जनमत सङ्ग्रह गराउने उद्देश्यले सडक कविता आन्दोलनको आयोजना गरेको थियो । यसका अतिरिक्त संस्थाले विभिन्न गोष्ठी एवम् साहित्यिक कार्यक्रम गर्ने गरेको पाइन्छ ।[१३]

## २.१.१४ शृङ्खला नाट्य समूह (२०५०)

केशव श्रेष्ठ, ज्योति वासुप्रसाद न्यौपाने, मुरारी रैला, विमल घिमिरे, लोकनाथ ढकाल, आशाकाजी श्रेष्ठ, खेम बानियाँ आदिको सामूहिक प्रयासमा २०५० सालमा 'शृङ्खला नाट्य समूह' हेटौँडामा गठन भएको देखिन्छ । शैक्षिक, सामाजिक, राजनैतिक जागरणका लागि बालअधिकार र चेलीबेटी बेचबिखनसम्बन्धी जनचेतना जगाउने खालका तथा अन्य समसामयिक घटनाहरूका बारेमा जिल्लाका प्रायजसो गाविसहरूमा सडकनाटक देखाई जनचेतना अभिवृद्धि गराउने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । यस समूहले **आरोह** नामको साहित्यिक पत्रिकाको प्रकाशन गरी मकवानपुरे नाट्यविधालाई उचाइमा पुऱ्याउन सफल भएको बुझिन्छ ।[१४]

---

१२. कुलप्रसाद सापकोटा, पूर्ववत् , पृष्ठ ४३ ।
१३. देवीराम लामा , पूर्ववत् ,पृष्ठ ४८ ।
१४.ऐजन ।

### २.१.१५ झरना साहित्यिक परिवार (२०५२)

रमेशमोहन अधिकारी, उद्धवप्रसाद सापकोटा, जनार्दन खनाल, नारायणप्रसाद तिमल्सिना, कृष्णप्रसाद चौलागाई आदि साहित्यप्रेमीहरूको सामूहिक प्रयासमा २०५२ साल फागुन १२ गते मकवानपुर जिल्लाको छतिवनमा **झरना साहित्यिक परिवार**को स्थापना भएको हो । यस संस्थाले छतिवन गा.वि.स. र आसपासका गा.वि.स. हरूमा सक्रियताका साथ साहित्यिक पत्रिकाको प्रकाशन गरी नवप्रतिभाहरूलाई फल्ने र फुल्ने अवसर स्थापनाकालदेखि दिँदै आएको पाइन्छ । मकवानपुरे राष्ट्रिय स्रष्टाहरूलाई अभिनन्दन गर्ने यो परिवार आफू स्वयम् पनि 'कर्ममोहन पुरस्कार' द्वारा सम्मानित भएको पाइन्छ । कविता, कथा, मुक्तक, गीत, गजल, गाउँखाने कथाजस्ता साहित्यका विभिन्न विधाहरुमा समानुपातिक प्रतियोगिताहरू सञ्चालन गरेको पाइन्छ । [१५]

### २.१.१६ दीपशिखा साहित्यिक परिवार (२०५३)

साहित्यकार आर.आर.चौलागाईको अगुवाइमा आर.सी.रिजाल, बाबुराम दाहाल, गणेशकुमार पौडेललगायतका हेटौंडेली साहित्यानुरागीहरूको सक्रियतामा २०५३ सालमा **दीपशिखा साहित्यिक परिवार**को स्थापना भएको हो । समय-समयमा साहित्यिक गोष्ठी गर्ने गरेको बुझिएको यस परिवारले **दीपशिखा** त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशन गरेको देखिन्छ । [१६]

### २.१.१७ युगदर्पण साहित्य समाज (२०५३)

अरुण खतिवडा, लक्षमण बानियाँलगायतका स्थानीय साहित्यप्रेमीहरूका सामूहिक प्रयासमा मकवानपुर जिल्लाको हर्नामाडीमा वि.सं. २०५३ मा **युगदर्पण साहित्य समाज** स्थापना गरी स्वस्थ र स्वच्छ साहित्यिक गतिविधि सञ्चालन गरी स्थानीय साहित्यलाई टेवा पुऱ्याएको पाइन्छ । केही साहित्यिक गोष्ठीहरू सञ्चालन गरेको यस समाजले **युगदर्पण** पत्रिकाको प्रकाशन गरेको पाइन्छ । [१७]

---

१५. कुलप्रसाद सापकोटा, पूर्ववत् ,पृष्ठ ४३ ।
१६. देवीराम लामा , पूर्ववत् , पष्ठ ४९।
१७ .ऐजन ।

### २.१.१८ प्रणयन परिवार (२०५५)

नेपाली साहित्यको उत्थान गर्ने लक्ष्य लिएको यस परिवारले छोटो समयमै महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । **युग प्रणयन** साहित्यिक पत्रिका प्रकाशित गरी एकातिर नव प्रतिभाहरूलाई मनग्गे स्थान र हौसला दिइएको देखिन्छ भने अर्कोतिर 'घुमन्ते साहित्यिक यात्रा' कार्यक्रम लिई जिल्लाका विभिन्न गा.वि.स. तथा छिमेकी जिल्लाहरूमा समेत साहित्यिक गोष्ठीहरू सञ्चालन गरी नेपाली साहित्यको समुन्नतिमा प्रस्तुत परिवार समर्पित भएको पाइन्छ । राष्ट्रव्यापी साहित्यिक कार्यक्रमसमेत गर्ने गरेको यस परिवारले स्थायित्व भने लिन सकेको देखिदैन ।[१८]

### २.१.१९ चन्द्रगिरी साहित्यिक परिवार (२०५५)

स्वच्छन्द भैरव माध्यमिक विद्यालय, चित्लाङ्का तत्कालीन शिक्षक मोदनाथ पोखेलको अगुवाइमा साहित्यिक परिवार स्थापना गरेको हो । यस परिवारले विकट गा.वि.स. चित्लाङ्मा वि.सं. २०५५ मा **चन्द्रगिरी** साहित्यको संवर्द्धनमा महत्त्वपूर्ण भूमिका ओगटेको पाइन्छ । यस परिवारले स्थानीय भेगको संस्कृति, कला तथा साहित्यको संवर्द्धनमा महत्त्वपूर्ण भूमिका ओगटेको पाइन्छ । यस परिवारले वि.सं. २०५५ चैत्र २० गते चित्लाङमा बृहत् साहित्य गोष्ठी आयोजना गरी काठमाडौं तथा नारायणी अञ्चलका साहित्यको पहिचानमा सहयोग पुऱ्याएको देखिन्छ ।[१९]

### २.१.२० मातृभूमि साहित्य समाज (२०५६)

हयग्रीव आचार्य र देवराज खरेलको विशेष सक्रियतामा नेपाली भाषा, साहित्य, कला एवम् संस्कृतिको विकास गर्ने उद्देश्यले वि.सं. २०५६ असोजमा हेटौँडा-५ पिप्लेमा **मातृभूमि साहित्य समाज**को स्थापना भएको हो । यस समाजको दर्ता नं. ५६८/०५६/०५७ रहेको पाइन्छ । 'मातृभूमिको अभियान : साहित्य, सङ्गीत, कला र संस्कृतिको सम्मान' भन्ने नारालाई आत्मसात गर्दै संस्था अगाडि बढेको पाइन्छ । यस संस्का संस्थापक अध्यक्ष हयग्रीव आचार्य रहेको यस समाजले प्रतिष्ठित साहित्यकारहरूको जन्मजयन्ती, नारी दिवस, नयाँ वर्षजस्ता अवसरहरू तथा समयसमयमा साहित्य गोष्ठी, प्रतियोगिता एवम् स्मृतिजन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

---

१८. देवीराम लामा , पूर्ववत् ,पृष्ठ ५० ।
१९ . ऐजन ।

यस समाजले विभिन्न तेह्रवटा पुरस्कार तथा सम्मानहरू वितरण गर्दै आएको छ भने उन्नाइसवटा साहित्यिक कृतिहरू प्रकाशन गरेको छ । यस संस्थाले विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कारको व्यवस्थापन गरेको छ । [२०]

## २.२ निष्कर्ष

निष्कर्षमा यस जिल्लाको साहित्यिक विकासमा विभिन्न पत्रपत्रिका, स्मारिका एवम् मुखपत्रहरू तथा साहित्यिक सङ्घसंस्थाहरुले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । प्रकाशित पत्रपत्रिकाहरूमध्ये **प्रयास** साप्ताहिकले पहिलोपल्ट आफ्नो पत्रिकामार्फत विभिन्न साहित्यकारहरूलाई प्रोत्साहन गरेको पाइन्छ भने **कुराकानी** साप्ताहिकले आफ्नो एक पृष्ठ नै साहित्यिक स्तम्भको रूपमा राखेर अर्धसाहित्यिक पत्रिकाको रूपमा काम गरी मकवानपुरे साहित्यिक स्तम्भको रूपमा राखेर उर्वर बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । यस्तै **नव कोरस, रातो सूर्य, मधुपत्र, नमस्कार, हेटौडा पोस्ट, बलिदान, नारायणी, हेटौँडा टुडे** आदि समाचारमूलक पत्रिकाहरूले पनि यस जिल्लाको साहित्यिक विकासमा त्यतिकै महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । भाषिक कलात्मक उच्चताको दृष्टिले सबै पत्रिकाहरू स्तरीय नदेखिए पनि साहित्यिक विधाहरूको समावेशक्रमलाई हेर्दा उपलब्धिमूलक नै मान्न सकिन्छ । यसका साथै जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू तथा पुस्तकालयहरूले पनि जिल्लाको साहित्यिक समुन्नतिमा उत्तिकै योगदान पुऱ्याएको पाइन्छ । यस क्रममा ज्योति पुस्तकालय, सङ्गम पुस्तकालय, पुष्पलाल स्मृति पुस्तकालय पुस्तकालयहरूमा मुख्य हुन् भने **नव कला कुञ्ज, हिमाली साहित्य प्रकाशन, मकवानपुर साहित्य सङ्गम मकवानपुर, विश्वेश्वर आलोक मञ्च, उद्बोधन साहित्य मञ्च, प्रगतिशील लेखक सङ्घ, शृङ्खला नाट्य समूह, झरना साहित्यिक परिवार, मातृभूमि साहित्य समाज,** मुख्य मुख्य साहित्यिक सङ्घसंस्थाहरू हुन् ।

समग्रमा भन्नुपर्दा यस जिल्लामा पत्रपत्रिका तथा साहित्यिक सङ्घसंस्थाहरू सङ्ख्यात्मक रूपमा प्रशस्तै देखिए पनि भौतिक स्वम् आर्थिक स्रोतसम्पन्न पत्रपत्रिका तथा साहित्यिक सङ्घसंस्थाहरूको भने कमी नै रहेको देखिन्छ । स्थापित भएका कतिपय पत्रपत्रिका तथा सङ्घसंस्थाहरू आर्थिक अभावमा निष्क्रिय बन्न पुगेको देखिन्छ । अवस्था जेजस्तो भए पनि सङ्गम

---

२०. हयग्रीव आचार्यसँगको अन्तर्वार्ता अनुसार ।

पुस्तकालय, पुष्पलाल स्मृति पुस्तकालय**, मकवानपुर साहित्य परिषद्, साहित्य सङ्गम मकवानपुर, झरना साहित्यिक परिवार** जस्ता साहित्यिक सङ्घ संस्थाहरू मातृभूमि साहित्य समाजको स्थापनाकालीन मकवानपुर जिल्लाका साहित्यिक सङ्घ संस्थाहरू हुन् । अन्य साहित्यिक सङ्घसंस्थाहरूको तुलनामा मातृभूमि साहित्य समाज, मकवानपुर स्थापनाकालदेखि वर्तमानसम्म गरेका विविध साहित्यिक क्रियाकलापले गर्दा यसको वर्तमान अवस्था सन्तोषजनक देखिन्छ भने भविष्यका निम्ति आशावादी बन्न सकिन्छ ।

# तेस्रो परिच्छेद

# मातृभूमि साहित्य समाज मकवानपुरको गतिविधि

## ३.१ स्थापना

भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्नका लागि वि.सं. २०५६ असोज ६ गते साहित्यकारद्वय देवराज खरेल र हयग्रीव आचार्यको पहलमा मातृभूमि साहित्य समाजको गठन भएको हो ।[1] नेपाली साहित्यको क्षेत्रमा उदाएका अन्य विभिन्न सङ्घसंस्थाहरूले जीवन्त रूपमा काम गरिरहेको अवस्थामा देशभित्र लुकेर रहेका स्रष्टाहरूलाई प्रोत्साहन गर्ने, विविध जातजातिका भाषा, भाषिकाको अभिवृद्धि गर्ने, राष्ट्र निर्माणका लागि कार्य गर्ने जस्ता विभिन्न उद्देश्यमा रहेर यस साहित्य समाजले धेरै कार्यक्रमहरू गरेको पाइन्छ ।[2]

यस साहित्य समाजले देशबाहिर रहेर पनि नेपाली भाषा साहित्यलाई माया गर्ने स्रष्टाहरूलाई समेत पुरस्कार तथा सम्मान प्रदान गर्दै आएको पाइन्छ । साहित्यको सम्बर्द्धन गर्नका लागि समय-समयमा विभिन्न प्रतियोगितात्मक कार्यक्रम गर्ने यस संस्थाले साहित्यको अभिवृद्धि गर्नका लागि विभिन्न पुस्तकहरू प्रकाशन गरेको पाइन्छ । यसै जमातमा बद्रीनाथ शर्मा, हयग्रीव आचार्य, देवराज खरेल, सीताराम रिमालजस्ता साहित्य प्रेमीहरुको रोहबरमा मातृभूमि साहित्य समाज मकवानपुरको गठन सँगै हयग्रीव आचार्यलाई नेतृत्व हस्तान्तरण गरेको पाइन्छ । वि.सं. २०५६ सालदेखि नेपाली भाषा तथा साहित्यको समुन्नयनमा निरविच्छिन्न क्रियाशील रहँदै आएको यस मातृभूमि साहित्य समाजको वर्तमान कार्यसमितिको नेतृत्व राजबाबु पहाडीले गरेका छन् ।

## ३.२ कार्यसमिति र तिनका कार्यहरू

मातृभूमि साहित्य समाजले आफ्नो स्थापनाको करिब करिब डेढ दशक पार गर्न लाग्दा सातवटा कार्यसमितिहरूको चयन गरिएको छ ।

---

१. मातृभूमि साहित्य समाज परिचय पुस्तिका ( मकवानपुर : मातृभूमि साहित्य समाज ) पृष्ठ १ ।
२. हयग्रीव आचार्यसँगको अन्तर्वार्ता अनुसार ।

मातृभूमि साहित्य समाजको समुन्नतिमा समर्पित कार्यसमितिका पदाधिकारीहरू तथा कार्यसमितिका मुख्य-मुख्य कामहरू जेजस्ता छन् यहाँ तिनको उल्लेख गरिएको छ ।

### ३.२.१ मातृभूमि साहित्य समाजको पहिलो कार्य समिति

२०५६ सालमा हेटौँडा नगरपालिका वडा नं.- ५, मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री बद्रीनाथ शर्माको अध्यक्षतामा बसेको बैठकले मातृभूमि साहित्य समाज, मकवानपुरको गठन गरेको थियो । यसका पदाधिकारीहरू यसप्रकार रहेका थिए :[३]

**कार्यसमिति**

| | |
|---|---|
| अध्यक्ष | श्री हयग्रीव आचार्य |
| सचिव | श्री देवराज खरेल |
| कोषाध्यक्ष | श्री सीताराम रिमाल |
| सदस्यहरू | श्री दिनेश न्यौपाने |
| | श्री राजेश मानन्धर |
| | श्री अर्जुनप्रसाद ढुङ्गेल |
| | श्री निरज सुवेदी |
| सल्लाहकार | श्री बद्रीनाथ शर्मा |
| | श्री धर्मदत्त न्यौपाने |
| | श्री हरिप्रसाद बिडारी |
| | श्री सुदर्शन घिमिरे |
| | श्री यादव पराजुली |

सात सदस्यीय यस समितिले भाषा, संस्कृतिको संरक्षण संवर्द्धनका लागि कवि गोष्ठी गर्ने, महाकवि लक्ष्मीप्रसाद देवकोटाको लक्ष्मी जयन्ती, प्लास्टिक नियन्त्रण एवम् सरसफाइ अभियानमा सहयोग गर्नेजस्ता कामहरू गरेको पाइन्छ ।

---

३. हयग्रीव आचार्यसँगको अन्तर्वार्ता अनुसार ।

### ३.२.२ मातृभूमि साहित्य समाजको दोस्रो कार्य समिति

वि.सं. २०५८ असार ३० गते पुनर्गठित कार्यसमितिले निम्न लिखित पदाधिकारीहरू चयन गरेको पाइन्छ :[४]

**कार्यसमिति**

| | |
|---|---|
| अध्यक्ष | श्री हयग्रीव आचार्य |
| उपाध्यक्ष | श्री देवराज खरेल |
| सचिव | श्री गोकर्ण सुवेदी |
| कोषाध्यक्ष | श्री राधा अधिकारी |
| सदस्यहरू | श्री श्यामप्रसाद पराजुली |
| | श्री विष्णुप्रसाद पराजुली |
| | श्री रामकुमार एलन |
| | श्री ऋषेश्वर दवाडी |
| | श्री गोविन्दराम ढकाल |
| | श्री गोपिनी गौतम |
| | श्री श्याम श्रेष्ठ |

एघार सदस्यीय यस समितिले यती फाइनन्स साहित्य पुरस्कार एवम् नित्य स्मृति-मातृभूमि सङ्गीत पुरस्कार संयोजन तथा वितरण गर्ने कार्य गरेको पाइन्छ । साहित्यमा योगदान पुऱ्याएबापत यी पुरस्कारहरू दिने गरिन्छ । मातृभूमि राष्ट्रिय सम्मान पनि यसै कार्य समितिले संयोजन गरेको हो भने वितरण पनि गरेको हो साथै **जीवन रङ्गमञ्च र भोगाइ, श्रीमद्भागवत सारांश, मोहभङ्ग**जस्ता कृतिहरू प्रकाशन गरेको पाइन्छ ।

### ३.२.३ मातृभूमि साहित्य समाजको तेस्रो कार्य समिति

वि.सं. २०६० मंसिर १९ गते पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ :[५]

---

४. ऐजन ।

५. ऐजन ।

**कार्यसमिति**

| | |
|---|---|
| अध्यक्ष | श्री हयग्रीव आचार्य |
| उपाध्यक्ष | श्री देवराज खरेल |
| सचिव | श्री ऋषेश्वर दुवाडी 'गाउँले' |
| सहसचिव | श्री रामकुमार एलन |
| कोषाध्यक्ष | श्री गोविन्दराम ढकाल |
| सदस्यहरू | श्री सुशीला पाण्डे (मानन्धर) |
| | श्री दीपकलाल खतिवडा |
| | श्री मार्गी सञ्जेल |
| | श्री सुशील न्यौपाने |
| | श्री सीताराम बञ्जारा |
| | श्री सुनील गौतम |
| सल्लाहकारहरू | श्री भीम विराग |
| | श्री माधव रिसाल |
| | श्री बद्रीनाथ शर्मा |
| | श्री रामचन्द्र 'फुर्सती' |
| | श्री घनश्यामशंकर शर्मा |
| | श्री तुलसी थापा |
| | श्री अरुणकुमार सुवेदी |

एघार सदस्यीय यस कार्य समितिले **मातृभूमि** नामक मुखपत्र प्रकाशन गरेको पाइन्छ , साथै यस अघि प्रदान गरिएका पुरस्कार तथा सम्मानहरूलाई निरन्तरता दिँदै **अध्यात्मरामायण** कृति प्रकाशन गरेको पाइन्छ । नेपालमा केवुलकारभित्र पहिलो पटक बाह्र मिनेटको काव्ययात्रा यसै समितिको पालामा सम्पन्न भएको जानकारी पाइन्छ भने विभिन्न किसिमका साहित्यिक गोष्ठीहरू पनि यस समितिले सम्पन्न गरेको देखिन्छ ।

## ३.२.४ मातृभूमि साहित्य समाजको चौथो कार्यसमिति

वि.सं.२०६२ मंसिर २४ गते पुनर्गठन भएको कार्यसमिति यसप्रकार रहेको छ :[६]

**कार्यसमिति**

| | |
|---|---|
| अध्यक्ष | श्री देवराज खरेल |
| उपाध्यक्ष | श्री विष्णुप्रसाद गौतम |
| सचिव | श्री अरुणराज सुमार्गी |
| कोषाध्यक्ष | श्री आशिष श्रेष्ठ |
| सह सचिव | श्री गिरिजा अधिकारी |
| सदस्यहरू | श्री लाल श्रेष्ठ |
| | श्री माधवप्रसाद खतिवडा |
| | श्री विजय कोइराला |
| | श्री अनल गौतम |
| | श्री शुशीला मानन्धर |
| | श्री भानुभक्त आचार्य |

यस कार्यसमितिको सल्लाहकार भने वि.सं. २०६२ माघ १ गते चयन गरेको पाइन्छ :[७]

| | |
|---|---|
| संरक्षक | श्री भीम विराग |
| सल्लाहकार | श्री अरुणकुमार सुवेदी |
| | श्री हयग्रीव आचार्य |
| | श्री तुलसी थापा |
| | श्री तुलसी घिमिरे |
| | श्री मुक्ति गोविन्द वैद्य |
| | श्री घनश्याम शर्मा |
| | श्री बद्रीनाथ शर्मा |

६. देवराज खरेलसँगको अन्तर्वार्ता अनुसार ।
७. ऐजन ।

श्री माधव रिसाल

श्री मन्जुरी सिँह

श्री ज्योतिरत्न बज्राचार्य

श्री राजबाबु पहाडी

श्री राजेशमोहन प्रधान

श्री रामचन्द्र आचार्य 'फुर्सती'

यस कार्यसमितिले मुखपत्र प्रकाशनलाई निरन्तरता दिएको पाइन्छ । शिक्षा, साहित्य तथा सरसफाइलाई ध्यान दिँदै त्यसलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम गर्नुका साथै सम्मान तथा पुरस्कारलाई निरन्तरता दिई **अक्षरका जुलुसहरू** कृति प्रकाशन गरेको पाइन्छ ।

### ३.२.५ मातृभूमि साहित्य समाजको पाँचौं कार्यसमिति

वि.सं. २०६४ पौष ६ गते पुनर्गठन भएको यस समाजको कार्यसमिति यसप्रकार रहेको छ :[८]

**कार्यसमिति**

| | |
|---|---|
| अध्यक्ष | श्री देवराज खरेल |
| उपाध्यक्ष | श्री लोकराज शर्मा |
| सचिव | श्री अरुणराज सुमार्गी |
| कोषाध्यक्ष | श्री आशिष श्रेष्ठ |
| सहसचिव | श्री राधिका अधिकारी 'आँशु' |
| सदस्यहरू | श्री सागर खतिवडा |
| | श्री कृष्णप्रसाद दाहाल |
| | श्री माधव पोखेल |
| | श्री विजय कोइराला |
| | श्री भानुभक्त आचार्य |
| | श्री अम्बिका बिहानी |

यस कार्यसमितले शिक्षा, स्वास्थ्य तथा साहित्यमा योगदान दिने व्यक्तित्वहरूको

८. ऐजन ।

चयन, पुरस्कारहरूको संयोजन तथा वितरण गरेको पाइन्छ । श्याम श्रेष्ठ स्मृति - मातृभूमि पुरस्कार, मायादेवी- मातृभूमि पुरस्कार, शेखर शर्मा रिजाल स्मृति-मातृभूमि शैक्षिक पुरस्कारहरूको संयोजन तथा वितरण गरेको पाइन्छ । श्याम श्रेष्ठ, मायादेवी कार्की, शेखर शर्मा रिजालको सम्झनामा कवि गोष्ठीजस्ता साहित्यिक कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ ।

### ३.२.६ मातृभूमि साहित्य समाजको छैटौं कार्यसमिति

वि.सं. २०६६ फागुन १५ गते पूनगर्ठन भएको कार्यसमिति यसप्रकार रहेको छ :[९]

**कार्यसमिति**

| | |
|---|---|
| अध्यक्ष | श्री देवराज खरेल |
| उपाध्यक्ष | श्री लोकराज शर्मा |
| सचिव | श्री कृष्णप्रसाद दाहाल |
| कोषाध्यक्ष | श्री माधव पोखेल |
| सहसचिव | श्री सागर खतिवडा |
| सदस्यहरू | श्री भानुभक्त आचार्य |
| | श्री राजन दाहाल (खुशराज) |
| | श्री अम्बिका बिहानी |
| | श्री मनोजी ढुङ्गाना |
| | श्री बिमला कार्की |
| | श्री गोपिनी गौतम |
| प्रमुख संरक्षक | श्री भीम विराग |
| संरक्षक एवम् सल्लाहकार | श्री मुक्ति गोविन्द वैद्य |
| | श्री हयग्रीव आचार्य |
| सल्लाहकार | श्री अरुणराज सुमार्गी |
| | श्री नीरशंकर श्रेष्ठ |
| | श्री मञ्जुरी सिँह |

९. ऐजन ।

श्री राजेश मोहन प्रधान

श्री राजबाबु पहाडी

श्री मुना अर्याल

श्री आशिष श्रेष्ठ

श्री घनश्यामशंकर श्रेष्ठ

यस कार्य समितिले पहिले वितरण गरेका पुरस्कार तथा सम्मानहरूलाई निरन्तरता दिँदै आएको पाइन्छ । साहित्यिक कार्यक्रमहरूमा कविगोष्ठी गर्ने, कविता प्रतियोगिता गर्नुका साथै **शब्दझर्ना, मुलुकभित्र, स्मृति आलोक, पत्थरको मान्छे** जस्ता कृतिहरू प्रकाशन गरेको छ ।

### ३.२.७ मातृभूमि साहित्य समाजको सातौँ कार्यसमिति

वि.सं. २०६८ मंसिर १७ गते पुनर्गठन भएको कार्यसमिति यसप्रकार रहेको छ : [१०]

**कार्यसमिति**

| | |
|---|---|
| अध्यक्ष | श्री राजबाबु पहाडी |
| उपाध्यक्ष | श्री माधव पोखेल |
| सचिव | श्री कृष्णप्रसाद दाहाल |
| कोषाध्यक्ष | श्री मनोज ढुङ्गाना |
| सहसचिव | श्री भानुभक्त आचार्य |
| सदस्यहरू | श्री हेमन्त ढुङ्गेल |
| | श्री विनिता महत |
| | श्री जितेन्द्र नेपाल |
| | श्री गोपिनी गौतम |
| प्रमुख संरक्षक | श्री मुक्ति गोविन्द वैद्य |
| संरक्षक | श्री हयग्रीव आचार्य |
| प्रमुख सल्लाहकार | श्री देवराज खरेल |

१० . राजबाबु पहाडीसँगको अन्तर्वार्ता अनुसार ।

यस कार्य समितिले पूर्व रूपमा वितरण गरेका पुरस्कार तथा सम्मानहरूलाई निरन्तरता दिँदै अन्य **टङ्केश्वरी स्मृति-मातृभूमि दलित विद्यार्थी प्रोत्साहन पुरस्कार, ईश्वरी स्मृति-मातृभूमि सम्मान,मातृभूमि राष्ट्रिय पुरस्कार, लाइफटाइम एचिभमेन्ट एवार्ड, मातृभूमि युवा सम्मान, पत्रकारिता पुरस्कार** तथा सम्मान थप गरेको पाइन्छ । **प्रकृतिसार, स्मृतिका टिपोट, आकांक्षाको चिता, घाम नभएको आकाश, जलन, रित्तिएको गाउँ, सम्झनाका डोबहरू, समर्पण**जस्ता पुस्तकहरू यो कार्यसमिति कार्यरत रहेको अवस्थामा प्रकाशन भएको पाइन्छ  साथै विभिन्न साहित्यिक कार्यक्रमहरू गर्दै देहरादुन(भारत)का नेपाल बाहिर रहेका साहित्यकारहरूलाई पनि सम्मान गरेको छ ।

यसरी मातृभूमि साहित्य समाजले साहित्यिक योगदानका लागि स्थापनाकालदेखि ६ वटा कार्यसमितिहरूले आफ्नो कार्यकाल पूरा गरिसकेको देखिन्छ भने हाल सातौँ कार्यसमितिको रूपमा राजबाबु पहाडीको नेतृत्वको समिति रहेको छ । यी कार्यसमितिमध्ये सातौँ कार्यसमितिले पुरस्कारहरू वितरण एवम् पुस्तक प्रकाशन पर्याप्त रूपमा गरेको पाइन्छ , साथै प्रशस्त मात्रामा साहित्यिक कार्यक्रमहरू गरेको पाइन्छ । साहित्यिक उपादेयतालाई हेर्दा राजबाबु पहाडीको अध्यक्षतामा रहेको सातौँ कार्यसमितिले समाजले प्रकाशन गरेका पुस्तकहरू र पुरस्कारको संयोजन तथा वितरण अधिक मात्रामा भएको पाइन्छ ।

## ३.३ समाजका विशिष्ट तथा आजीवन उपासकहरू

मातृभूमि साहित्य समाजले साहित्यानुरागीहरूका लागि सामाजिक र एकतात्मक सामाजिकीकरण गर्दै साहित्य लेखनप्रति पनि अग्रसर गराउनुका साथै साहित्य समाजको पुरस्कार एवम् सम्मान वितरण गर्नका लागि आर्थिक रूपले सुदृढ हुनका लागि विशिष्ट तथा आजीवन उपासकहरूको स्थापना गरेको पाइन्छ । उपासक भन्नाले सदस्यको अर्थ बुझ्नुपर्ने हुन्छ । समाजबाट भए गरेका विभिन्न कार्यक्रमहरूमा सहभागी भएर साहित्यिक गतिविधिमा अगाडि बढ्न समेत सघाउ पुऱ्याउने विशिष्ट तथा आजीवन उपासकहरूलाई साहित्यका विविध विधामा कलम चलाउन समेत मातृभूमि साहित्य समाजको पहल रहेको छ ।

यस समाजका विशिष्ट आजीवन उपासक तथा आजीवन उपासकहरूको लामो नामावली रहेको छ । यहाँ तिनको उल्लेख गरिएको छ ।

## विशिष्ट आजीवन उपासकतर्फका व्यक्तित्वहरूको विवरण

### तालिका सङ्ख्या १

| क्र.सं. | नाम | ठेगाना | क्र.सं. | नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १. | मुक्ति गोविन्द वैद्य | हेटौंडा | २२. | कृष्णप्रसाद दाहाल | हेटौंडा |
| २. | हयग्रीव आचार्य | हेटौंडा | २३. | राजबाबु पहाडी | हेटौंडा |
| ३. | देवराज खरेल | हेटौंडा | २४. | केदारप्रसाद न्यौपाने | हेटौंडा |
| ४. | मञ्जुरी सिंह | हेटौंडा | २५. | नवराज खनियाँ | चितवन |
| ५. | अरुणराज सुमार्गी | हेटौंडा | २६. | नीरशंकर श्रेष्ठ | हेटौंडा |
| ६. | देवेन्द्र अर्याल | हेटौंडा | २७. | पुष्पराज बानियाँ | हेटौंडा |
| ७. | अनल गौतम | हेटौंडा | २८. | गोकु लाल श्रेष्ठ | हेटौंडा |
| ८. | आशिष श्रेष्ठ | हेटौंडा | २९. | राम श्रेष्ठ | हेटौंडा |
| ९. | विष्णुप्रसाद गौतम | हेटौंडा | ३०. | विकाश श्रेष्ठ | हेटौंडा |
| १०. | प्रकाश पराजुली | हेटौंडा | ३१. | राजन सुवदी | हेटौंडा |
| ११. | घनश्यामशंकर शर्मा | हेटौंडा | ३२. | यमुनाप्रसाद गौली | हेटौंडा |
| १२. | गोविन्दबहादुर क्षेत्री | हेटौंडा | ३३. | सागर शर्मा | पर्वत |
| १३. | जयमुकुन्द खनाल | काठमाडौं | ३४. | राजेशमोहन प्रधान | हेटौंडा |
| १४. | रुकु कार्की | हेटौंडा | ३५. | विश्वकान्ति-कलावती सुमार्गी | हेटौंडा |
| १५. | माधव न्यौपाने | हेटौंडा | ३६. | प्रकाश ढकाल | हेटौंडा |
| १६. | मुना अर्याल | हेटौंडा | ३७. | वसन्त रोक्का क्षेत्री | हेटौंडा |
| १७. | डा. बलराम भट्ट | हेटौंडा | ३८. | वीरेन्द्र पौडेल ‘विवश’ | कास्की |
| १८. | लालबहादुर पाण्डे | हेटौंडा | ३९. | कमलप्रसाद नेपाल | काठमाडौं |
| १९. | विष्णुगोपाल महर्जन | हेटौंडा | ४०. | रामसागर गुराागाई | हेटौंडा |
| २०. | आनन्दराम रेग्मी | काठमाडौं | ४१. | रणबहादुर कार्की | हेटौंडा |
| २१. | वसन्त बिडारी | हेटौंडा | ४२. | मनोज ढुङ्गाना | हेटौंडा |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३. | लोकराज शर्मा | दाङ | ६७. | आनन्दराम पराजुली | हेटौंडा |
| ४४. | प्रभाकर पण्डित | चितवन | ६८. | मीठाराम दाहाल | हेटौंडा |
| ४५. | बाबुराम दाहाल | हेटौंडा | ६९. | दिपक दाहाल | हेटौंडा |
| ४६. | गुप्तबहादुर श्रेष्ठ | स्याङ्जा | ७०. | ईश्वरप्रसाद मैनाली | हेटौंडा |
| ४७. | ओकीलराज बानियाँ | हेटौंडा | ७१. | पण्डित अञ्जु दाहाल | हेटौंडा |
| ४८. | विष्णुप्रसाद लामिछाने | हेटौंडा | ७२. | देवेन्द्र कलवार | हेटौंडा |
| ४९. | प्रद्युम्न उपाध्याय | हेटौंडा | ७३. | नारायण गिरी | पर्सा |
| ५०. | माधव पोखेल | हेटौंडा | ७४. | श्रीधर भण्डारी | धनकुटा |
| ५१. | हेमन्त ढुङ्गेल | हेटौंडा | ७५. | रामकुमार विष्ट | हेटौंडा |
| ५२. | उद्धव सापकोटा | हेटौंडा | ७६. | शंकर उपाध्याय | हेटौंडा |
| ५३. | श्याम सुवेदी | हेटौंडा | ७७. | गंगाकुमारी चौलागाई ढुंगेल | हेटौंडा |
| ५४. | गणेशप्रसाद हुमागाई | हेटौंडा | ७८. | विश्वरमण न्यौपाने | हेटौंडा |
| ५५. | अमृत लामा | हेटौंडा | ७९. | अप्सरा तिमिल्सिना | हेटौंडा |
| ५६. | गोविन्द दाहाल | हेटौंडा | ८०. | सुदर्शन अधिकारी | हेटौंडा |
| ५७. | बुद्धशरण लामा | हेटौंडा | ८१. | उद्धव बानियाँ | हेटौंडा |
| ५८. | डा.विश्वराज सिग्देल | हेटौंडा | ८२. | विनोदचन्द्र कोइराला | हेटौंडा |
| ५९. | गणेशकुमार पौडेल | हेटौंडा | ८३. | दिपकराज मिश्र | हेटौंडा |
| ६०. | गोपिनी गौतम | हेटौंडा | ८४. | वासु कार्की | हेटौंडा |
| ६१. | मञ्जुश्री | हेटौंडा | ८५. | रक्षा तुम्बा हाङ्के | हेटौंडा |
| ६२. | ज्ञानकुमार अग्रवाल | हेटौंडा | ८६. | सुशिल पराजुली | हेटौंडा |
| ६३. | सिद्धिविनायक पतञ्जली | हेटौंडा | ८७. | सुधिरभद्र श्रेष्ठ | हेटौंडा |
| ६४. | इन्द्रप्रसाद नेपाली | हेटौंडा | ८८. | पदमराज डङ्गोल | हेटौंडा |
| ६५. | उज्जैनसिंह राउत | हेटौंडा | ८९. | ध्रुव पराजुली | हेटौंडा |
| ६६. | जितेन्द्र नेपाल | हर्नामाडी | ९०. | राजेन्द्रप्रसाद ढुङ्गाना | हेटौंडा |

| | | | | | |
|---|---|---|---|---|---|
| ९१. | रामप्रसाद कोइराला | हेटौंडा | ९६. | विजयराज वैद्य | हेटौंडा |
| ९२. | मोहनप्रसाद न्यौपाने | हेटौंडा | ९७. | पुरुषोत्तम खनाल | हेटौंडा |
| ९३. | केदार अर्याल | हेटौंडा | ९८. | यमबहादुर सिलवाल | हेटौंडा |
| ९४. | महालक्ष्मी उपाध्याय'डिना' | हेटौंडा | ९९. | राजन लम्साल | मकवानपुरगढी |
| ९५. | ऋषिराम घिमिरे | हेटौंडा | १००. | सुरेशकुमार श्रेष्ठ | हेटौंडा |

स्रोत : **मातृभूमि साहित्य समाज परिचय पुस्तिका** (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

## आजीवन उपासकतर्फका व्यक्तित्वहरूको विवरण

## तालिका सङ्ख्या २

| क्र.सं. | नाम | ठेगाना | क्र.सं. | नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १. | वासुदेव तिमिल्सना | हेटौंडा | १५. | मणिराज उपाध्याय | हेटौंडा |
| २. | ऋषेश्वर दुवाडी | चितवन | १६. | तिलकप्रसाद दुलाल | हेटौंडा |
| ३. | राममणि शर्मा 'श्रीवैष्णव' | हेटौंडा | १७. | रामचन्द्र 'फुर्सती' | हेटौंडा |
| ४. | गोर्खे साइलो | चितवन | १८. | रमण न्यौपाने | हेटौंडा |
| ५. | गोविन्दराम ढकाल | हेटौंडा | १९. | मीनबहादुर बानियाँ | हाल:बेलायत |
| ६. | बेंबेन कार्की | बारा | २०. | वरदराज भारद्वाज | हेटौंडा |
| ७. | विष्णुप्रसाद अधिकारी | हेटौंडा | २१. | डा.रमेशचन्द्र अधिकारी | काठमाडौँ |
| ८. | माधव रिसाल | काठमाडौँ | २२. | राधा अधिकारी | रुपन्देही |
| ९. | अरुण सुवेदी | हेटौंडा | २३. | निरज सुवेदी | हेटौंडा |
| १०. | सीताराम रिमाल | हेटौंडा | २४. | सुदर्शन घिमिरे | हेटौंडा |
| ११. | राजन दाहाल''खुसराज' | हेटौंडा | २५. | इन्द्रकुमार श्रेष्ठ | ओखलढुङ्गा |
| १२. | माधव अधिकारी | हेटौंडा | २६. | यादव पराजुली | हेटौंडा |
| १३. | हरिशरण गौतम | हेटौंडा | २७. | पीताम्बर ढकाल | हेटौंडा |
| १४. | गोविन्द गुरुङ | लम्जुङ | २८. | ब्रह्मनाथ गौतम | धादिङ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | विनोदबन्धु न्यौपाने | तनहुँ | ५४. | सुरेशकुमार न्यौपाने | हेटौँडा |
| ३०. | दिपकलाल खतिवडा | हेटौँडा | ५५. | राजनलाल श्रेष्ठ | काठमाडौँ |
| ३१. | विन्दु गोर्खाली | हेटौँडा | ५६. | खेम नेपाली | विराटनगर |
| ३२. | माधव शर्मा भण्डारी | हेटौँडा | ५७. | मधु पोखरेल | विराटनगर |
| ३३. | उद्धव अधिकारी | हेटौँडा | ५८. | चिन्तामणि उप्रेती | हेटौँडा |
| ३४. | उत्तम शर्मा ढकाल | हेटौँडा | ५९. | भगवती चित्रकार | हेटौँडा |
| ३५. | सुशीला पाण्डे मानन्धर | हेटौँडा | ६०. | वैकुण्ठ आचार्य | हेटौँडा |
| ३६. | सुशील न्यौपाने | हेटौँडा | ६१. | मनदेवी के.सी. | कास्की |
| ३७. | रमेशलाल श्रेष्ठ | हेटौँडा | ६२. | वासुदेव वत्स | हेटौँडा |
| ३८. | ढुण्डिराज पोखेल | हेटौँडा | ६३. | शोभा श्रेष्ठ | हेटौँडा |
| ३९. | नवराज बराल‘बाबुदाइ’ | कास्की | ६४. | गोकर्ण सुवेदी | हेटौँडा |
| ४०. | अच्युतकृष्ण वाग्ले | काठमाडौँ | ६५. | केशवराज बानियाँ | हर्नामाडी |
| ४१. | तेजबहादुर गोदार | हेटौँडा | ६६. | विश्वराज बानियाँ | हेटौँडा |
| ४२. | रवि कँडेल शर्मा | हेटौँडा | ६७. | रमेश गिरी | हेटौँडा |
| ४३. | शंकर दाहाल | हेटौँडा | ६८. | उद्धव सापकोटा | हेटौँडा |
| ४४. | ज्ञानेन्द्र ढकाल | हेटौँडा | ६९. | जी.पी.सञ्जेल‘मार्गी’ | हेटौँडा |
| ४५. | उदयकृष्ण उपाध्याय | काठमाडौँ | ७०. | सीताराम अधिकारी | हेटौँडा |
| ४६. | भानुभक्त आचार्य | हेटौँडा | ७१. | चण्डिका मा.वि. | हेटौँडा |
| ४७. | बीजेन्द्र अग्रवाल | हेटौँडा | ७२. | निमेष निखिल | हेटौँडा |
| ४८. | रवि रेग्मी | हेटौँडा | ७३. | आर.सी.रिजाल | हेटौँडा |
| ४९. | गणेशकुमार श्रेष्ठ | हेटौँडा | ७४. | साम्ब ढकाल | हेटौँडा |
| ५०. | पूर्णबहादुर खनाल | हेटौँडा | ७५. | ईश्वर पाण्डे | हेटौँडा |
| ५१. | उत्सव पराजुली | हालःअष्ट्रेलिया | ७६. | राजु घिमिरे | हेटौँडा |
| ५२. | विजय कोइराला | हेटौँडा | ७७. | डम्बर घिमिरे | झापा |
| ५३. | बद्रीनाथ शर्मा | हेटौँडा | ७८. | मोदनाथ पोखरेल | हेटौँडा |

| | | | | | |
|---|---|---|---|---|---|
| ७९. | जयराम देवकोटा | हेटौँडा | ८५. | रामकृष्ण देवकोटा | हेटौँडा |
| ८०. | जीवनकाजी माकजु | हेटौँडा | ८६. | विनिता महत | हेटौँडा |
| ८१. | पुष्प अधिकारी'अञ्जलि' | चितवन | ८७. | रामचन्द्र भण्डारी | हेटौँडा |
| ८२. | विमला कार्की'सुसं' | हेटौँडा | ८८ | तुलसी थापा | हेटौँडा |
| ८३. | आशा ढकाल | हेटौँडा | ८९. | राजन ढकाल | हाँडीखोला |
| ८४. | विजयराज ज्ञवाली | नवलपरासी | - | - | - |

स्रोत : **मातृभूमि साहित्य समाज परिचय पुस्तिका** (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

## ३.४ मातृभूमि साहित्य समाजले गरेका कामहरू

भाषा, साहित्यको कमी अनुभव भइरहेको र भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण सम्बर्द्धन गर्नका लागि अति नै आवश्यकता भइरहेको अवस्थामा वि.सं. २०५६ मा मकवानपुरमा एउटा नौलो चाहनालाई बोकेर जुर्मुराउँदै उदाएको साहित्यिक संस्था मातृभूमि साहित्य समाज मकवानपुर हो । सीमित व्यक्ति समूहबाट यस समाजले २०५६ देखि २०७० सम्म आइपुग्दा थुप्रै आरोह-अवरोहहरू व्यतीत गरेको देखिन्छ भने आफैमा वयस्क वृक्ष भई थुप्रै साहित्यप्रेमीलाई शीतल ओत दिनुका साथै प्यास मेटाउने काम पनि गर्दै आएको पाइन्छ । यस मातृभूमि साहित्य समाज मकवानपुरको समुन्नतिमा थुप्रै मकवानपुरे र इतरका स्रष्टाहरूले सहयोग पुऱ्याएको पाइन्छ । यस समाजको स्थापनाकालदेखि हालसम्म नेपाली साहित्यलाई प्रत्यक्ष-परोक्ष रूपमा सहयोग पुऱ्याउने क्रममा विभिन्न कार्यहरूमा अनवरत खटेको देखिन्छ र यस क्रममा मातृभूमि साहित्यको श्रीवृद्धिमा लागिपरेको देखिन्छ । यहाँ यसका कार्यहरूको विस्तृत र व्यवस्थित चर्चा क्रमशः गरिएको छ ।

### ३.४.१ मुखपत्र प्रकाशन

मातृभूमि साहित्य समाज मकवानपुरका विभिन्न कार्यहरूमध्ये मुखपत्र प्रकाशन एक उत्कृष्ट कार्य हो । मुखपत्रमा समाहित साहित्यका विभिन्न विधाहरू धेरैथोरै नेपाली साहित्यको विकास तथा समुन्नतिमा तत्पर रहेका देखिन्छन् । मातृभूमि साहित्य समाज वि.सं. २०५६ सालमा गठन भए तापनि यसको मुखपत्रको प्रकाशन भने २०६० साल वैशाखबाट २०६४ सालसम्म यो समाज प्रकाशक रहेर मुखपत्र **मातृभूमि** अर्धवार्षिक पत्रिका प्रकाशन भएको पाइन्छ । वि.सं. २०६५ सालदेखि

भने देवराज खरेल प्रकाशक रही **हाम्रो मातृभूमि** नामक त्रैमासिक साहित्यिक पत्रिका निरन्तर रूपमा प्रकाशन हुँदै आएको पाइन्छ यहाँ क्रमशः यिनीहरुको अध्ययन गरिएको छ ।

### ३.४.१.१ मातृभूमि वर्ष १, अङ्क १

मातृभूमि साहित्य समाज प्रकाशक भई पहिलो मुखपत्रको रूपमा २०६० वैशाखमा **मातृभूमि** ६ महिने साहित्यिक पत्रिका प्रकाशित भएको पाइन्छ । भीम विराग संरक्षक, हयग्रीव आचार्य सल्लाहकार, देवराज खरेल, विष्णुप्रसाद गौतम सम्पादक रहेको यस साहित्यिक पत्रिकामा सम्पादकीय लेखसहित ११ कविता, १ निबन्ध, २ लघुकथा, २ समीक्षा, १ संस्मरण, १ दृष्टिकोण, १ जीवनी र १ व्यङ्ग्य सहित ३३ वटा रचना भएको र आवरणसहित ७६ पृष्ठको पुस्तकाकारमा प्रकाशित भएको देखिन्छ । भुटनदेवी अफसेट प्रेसद्वारा मुद्रित यस अङ्कको रु. १०/- मूल्य निर्धारण गरिएको पाइन्छ । स्थानीय स्रष्टाहरू धेरै देखिएको यस अङ्कमा भीम विरागको कविता, निमेष निखिलको लघु कथा, देवराज खरेलको दृष्टिकोण लगायत उत्कृष्ट स्रष्टाहरूको र विशेष गरी प्रगतिवादी रचनाहरूको बाहुल्य रहेको देखिन्छ ।

### ३.४.१.२ मातृभूमि वर्ष १, अङ्क २

मातृभूमि साहित्य समाज प्रकाशक रही दोस्रो मुखपत्रका रूपमा २०६० कार्तिकमा **मातृभूमि** ६ महिने साहित्यिक पत्रिका प्रकाशित भएको पाइन्छ । पदमराज भारद्वाज, सम्पादकीय लेख र चिठीपत्र सहित २२ कविता, लघुकथा , लोककथा , लेख , गजल , मुक्तक २० गरी जम्मा ४२ वटा रचनाहरू भएको ६७ पृष्ठको पुस्तकाकार पत्रिका प्रकाशित भएको देखिन्छ । यस अङ्कमा पनि कविता विधाकै प्रधानता रहेको पाइए तापनि भानुभक्त पोखरेलको लेख, आर.आर. चौलागाईको लघुकथा, लोकराज शर्माको गजल पनि रहेका छन् । अरुणराज सुमार्गी, भीम विराग, देवराज खरेल लगायतका स्रष्टाहरूका रचनाहरू समाहित रहेका शृङ्खला थप गरेको पाइन्छ भने अन्तर्वार्ता खण्ड पनि राखिएको पाइन्छ । दोस्रो अङ्कको मूल्य भने रू. २०/- निर्धारण राखिएको छ ।

### ३.४.१.३ मातृभूमि वर्ष २, अङ्क १

मातृभूमि साहित्य समाज मकवानपुर आफू प्रकाशक भई मुखपत्रको रूपमा मातृभूमि वर्ष २, अङ्क १, २०६१ वैशाखमा प्रकाशन भएको देखिन्छ । भुटनदेवी अफसेट प्रेसबाट मुद्रित यस

अङ्कको वरदराज भारद्वाज र विष्णुप्रसाद गौतमले सम्पादन गरेका छन् । यस अङ्कमा कविता, गीत, गजल, मुक्तक ३२, कथा ७ वटा, लेख, व्यङ्ग्य, समीक्षा, जीवनी, अन्तर्वार्ता ६ का साथै तत्कालीन प्रमुख जिल्ला अधिकारी जयमुकुन्द खनालको शुभेच्छा र चिठीपत्रका साथै मातृभूमि साहित्य समाजको गतिविधिलाई समेटेको पाइन्छ । यस अङ्कमा शुभेच्छाले प्रवेश पाएको छ भने कविता विधाको पूर्ववत् रूपमा प्रमुखता देखिन्छ । यस अङ्कमा बुँद राना, गोविन्दराज विनोदी, साम्ब ढकाल, बवी थापा, हयग्रीव आचार्य जस्ता स्रष्टाहरूका रचना थप समेटिएका छन् । ६६ पृष्ठ रहेको यस पत्रिकाको मूल्य भने तोकिएको पाइँदैन ।

### ३.४.१.४ मातृभूमि, वर्ष २, अङ्क २

मातृभूमि साहित्य समाज प्रकाशक रहेको मातृभूमि पत्रिकाको वर्ष २, अङ्क २ को यो अङ्क २०६१ कार्तिकमा प्रकाशन भएको पाइन्छ । वरदराज भारद्वार र विष्णुप्रसाद गौतमको सम्पादकत्वमा सम्पादित यस संस्करणमा लेख, निबन्ध, संस्मरण, अन्तर्वार्ता-८, लघुकथा, कथा-३, कविता, गीत, गजल मुक्तक ३७ समेत गरी जम्मा ४८ वटा रचनाहरू समावेश भएको पाइन्छ । यसमा जम्मा ६६ पृष्ठहरू रहेका  छन् । भीम विराग, प्रकट पंगेनी, 'शिव', इन्दिरा 'इन्दु' , उद्धव अधिकारी, धनराज गिरी जस्ता स्रष्टाहरूको सृजना यस अङ्कका रहेको पाइन्छ । भुटनदेवी अफसेट प्रेसबाट मुद्रित यस अङ्कको पनि मूल्य तोकिएको छैन ।

### ३.४.१.५ मातृभूमि वर्ष ३, अङ्क १

मातृभूमि साहित्य समाजले मातृभूमि पत्रिका वर्ष ३, अङ्क १, २०६२ वैशाखमा अर्धवार्षिक साहित्यिक पत्रिका मुखपत्रका रूपमा प्रकाशन गरेको पाइन्छ । वरदराज भारद्वार र विष्णुप्रसाद गौतमको सम्पादकत्त्वमा सम्पादित यस संस्करणमा  लेख, निबन्ध, संस्मरण, अन्तर्वार्ता गरी ७ वटा, लघुकथा, कथा गरी ४, कविता, गीत, गजल, मुक्तक समेत २६ र मातृभूमिको गतिविधि एवम् भीम विरागसँगको अन्तर्वार्तालाई समेत समेटी जम्मा ३९ वटा रचनाहरूलाई समावेश गरिएको पाइन्छ । जम्मा ६६ पृष्ठ रहेको यस साहित्यिक पत्रिकामा बिर्खे अन्जान, डि.पी. भट्टराई, आर.आर चौलागाई, हयग्रीव आचार्यजस्ता स्रष्टाहरूको रचना यस अङ्कमा समेटिएको देखिन्छ । यस अङ्कको पनि मूल्य निर्धारण गरिएको पाइँदैन ।

### ३.४.१.६ मातृभूमि वर्ष ३, अङ्क २

अर्धवार्षिक साहित्यिक पत्रिका तथा मातृभूमि साहित्य समाज मकवानपुरको मुखपत्रको रूपमा प्रकाशित हुने मातृभूमिको छैटौँ प्रस्तुतिका रूपमा **मातृभूमि** वर्ष ३, अङ्क २, २०६२ कार्तिकमा प्रकाशित भएको पाइन्छ । विष्णुप्रसाद गौतम र वरदराज भारद्वाजको सम्पादनमा सम्पादित यस अङ्कमा मातृभूमि साहित्य समाज मकवानपुरका प्रतिनिधिहरूका नामावलीका साथै समाजको गतिविधि समेटिएको पाइन्छ । कविता, गीत, गजल, मुक्तक-३२, लघुकथा, कथा-६, लेख, निबन्ध, समीक्षा, संवार्ता, जीवनी-८ तथा चिठी पत्र गरी ४७ वटा रचनाहरू समावेश भएका छन् । धुस्वाँ सायमी, गोविन्दराज विनोदी, नारायणप्रसाद खनाल, साम्ब ढकाल, अनल गौतम आदि स्रष्टाहरूको रचनाहरू यस अङ्कमा पनि कविताकै बाहुल्यता रहेको पाइन्छ ।

### ३.४.१.७ मातृभूमि वर्ष ४, अङ्क १

वि.सं. २०६० देखि नियमित अर्धवार्षिक रूपमा **मातृभूमि** मुखपत्र प्रकाशन गर्दै आएको यस मातृभूमि साहित्य समाजको **मातृभूमि** वर्ष ४, अङ्क १, वि.सं. २०६३ वैशाखमा प्रकाशन गरेको पाइन्छ । विष्णुप्रसाद गौतम र माधवप्रसाद खतिवडाको सम्पादनमा सम्पादित यस अङ्कमा कविता, गीत, गजल, मुक्तक ३२, लघुकथा, कथा ३, लेख, टिप्पणी, समालोचना, अनुवाद र मातृभूमि गतिविधि चिठीपत्र गरी ४५ वटा रचनाहरू समावेश गरिएको पाइन्छ । राजबाबु पहाडी, माधव काफ्ले, शीतल कादम्बिनी, गोविन्दराज भट्टराई, पुष्करराज भट्ट, धनराज गिरी, कुमुद अधिकारी, राजु सायमी जस्ता स्रष्टाहरूको सृजनालाई यस साहित्यिक पत्रिकाले समेटेको पाइन्छ । ७० पृष्ठ रहेको यस पत्रिकाको मूल्य तोकिएको छैन ।

### ३.४.१.८ मातृभूमि वर्ष ४, अङ्क २

मातृभूमि साहित्य समाजको प्रकाशनमा प्रकाशित मुखपत्रको रूपमा **मातृभूमि** वर्ष४, अङ्क २, वि.सं. २०६३ कार्तिकमा प्रकाशन भएको पाइन्छ । साहित्यका विविध विधालाई समावेश गरी स्रष्टाहरूको साहित्य सृजनालाई प्रोत्साहन गर्न, मातृभूमि साहित्य समाजका सृजनालाई प्रोत्साहन गर्न र साथै मातृभूमि साहित्य समाजका गतिविधिहरूलाई समेत समेट्ने जमर्को यसले गरेको छ । प्रधान सम्पादक हयग्रीव आचार्य रहेको यस अङ्ककोमा सम्पादन विष्णुप्रसाद खतिवडा र जी.पी. सन्जेल (मार्गी) ले गरेको पाइन्छ । कविता, गीत, गजल, मुक्तक-२३, लघुकथा २, संवार्ता, संस्मरण,

आलाप, निबन्घ, लेख-१०, परशु प्रधानको स्रष्टा सङ्घर्ष १ गरी जम्मा ३६ रचनाहरू यस अङ्कमा समावेश भएका छन् । परशु प्रधान, साम्ब ढकाल, धनराज गिरी, इन्द्रकुमार श्रेष्ठ, झमक घिमिरे, शिखर आरोहण जस्ता स्रष्टाहरूका रचनालाई यसमा समेटिएको पाइन्छ । यस अर्धवार्षिक साहित्यिक पत्रिकाको पृष्ठ ६० मातृभूमि रहेको छ भने यसको मूल्य तोकिएको छैन ।

### ३.४.१.९ मातृभूमि वर्ष ५, अङ्क १

मातृभूमि साहित्य समाज प्रकाशक भई प्रकाशित नवौँ मुखपत्रको रूपमा वि.सं. २०६४ वैशाखमा वर्ष ५, अङ्क १ प्रकाशन भएको पाइन्छ । प्रधान सम्पादक हयग्रीव आचार्य, सम्पादकहरू विष्णुप्रसाद गौतम, वरदराज भारद्वाज, माधवप्रसाद खतिवडा, जी.पी. सन्जेल (मार्गी)को सम्पादकत्वमा सम्पादित यस अङ्कमा पनि पूर्ववत् कविता विधाको प्रधानता पाइन्छ । मातृभूमि साहित्य समाजको गतिविधि एवम् मातृभूमिका आजीवन विशिष्ट र साधारण उपासकहरूको नामावली समेत यसमा प्रस्तुत गरिएको पाइन्छ । कविता,गीत, गजल, मुक्तक हाइकु-२७, कथा-२, लेख, निबन्ध, अनुवाद साहित्य, जीवनी, संस्मरण-९, पाठक प्रतिक्रिया, चिठीपत्र र मातृभूमि साहित्यको गतिविधि गरी ३ समेतलाई समेट्दा जम्मा ४१ वटा रचनाहरू प्रकाशन भएको पाइन्छ । दिनेश अधिकारी, रमेश खकुरेल, मन्जुरी सिँह, जी.पी. सन्जेल (मार्गी) लोकराज शर्मा, अरुण खतिवडा, डी.पी. भट्टराई, राजबाबु पहाडी, सिन्धु गौतम, आनन्दराज रेग्मी जस्ता स्रष्टाहरूको रचनालाई यस अङ्कले समेटेको पाइन्छ । प्रयास हेटौँडाबाट मुद्रित यस अङ्कको पृष्ठ संख्या ७० रहेको छ ।

### ३.४.१.१० मातृभूमि, वर्ष ५, अङ्क २

वि.सं. २०६० बाट नियमित मुखपत्र प्रकाशन गर्दै आएको यस मातृभूमि साहित्य समाजले आफ्नो वर्ष ५ अङ्क २ **मातृभूमि कविता विशेषाङ्क**को रूपमा वि.सं. २०६४ कार्तिकमा अर्धवार्षिक साहित्यिक पत्रिकाको रूपमा प्रकाशित भएको पाइन्छ । यस अङ्कमा भने कविता विशेषाङ्क भएकोले कविताहरू मात्र रहेको पाइन्छ भने लक्ष्मण गौतमको नेपाली साहित्यमा कविता सम्बन्धी परिभाषा, विमल भौकाजी, रुकु कार्की, पुण्य गौतम, विश्वास साम्ब ढकाल, केशवराज आमोदी, आर.आर.चौलागाई, सरिता तिवारी, रामचन्द्र फुर्सती, गणेश कुमार पौडेल जस्ता स्रष्टाहरूका रचनाहरू रहेको पाइन्छ । बिर्खे अन्जानले ९ औँ अङ्कसम्म मातृभूमिमा प्रकाशित कविताका

वैचारिक स्वर शीर्षकको रचना लेखेको पाइन्छ । मातृभूमि साहित्य समाजको गतिविधि एवम् चिठीपत्रहरूलाई समेत यस अङ्कले निरन्तरता दिएको पाइन्छ । प्रयास हेटौँडाबाट मुद्रित यस अङ्कको पृष्ठ संख्या १०६ रहेको पाइन्छ । यसको मूल्य भने निर्धारण गरिएको छैन ।

### ३.४.१.११ निष्कर्ष

निष्कर्षमा मातृभूमि साहित्य समाजले वि.सं. २०६० देखि २०६४ सम्म अर्धवार्षिक रूपमा मुखपत्रका रूपमा **मातृभूमि** अर्धवार्षिक साहित्यिक पत्रिका वर्ष ५, अङ्क २ सम्म प्रकाशन गरेको पाइन्छ । वि.सं. २०६५ देखि भने देवराज खरेलको प्रकाशनमा **हाम्रो मातृभूमि** नामबाट त्रैमासिक रूपमा प्रकाशन भएको पाइन्छ । प्रारम्भिक अङ्कहरूका स्रष्टाहरू निखारिएको र पारङ्गत हुन पुगेको उत्तरार्द्धका शृङ्खलामा पाउन सकिन्छ । आरम्भका वर्ष ५, अङ्क १ सम्म साहित्यका विविध विधालाई समेटी प्रकाशन गरिए तापनि वर्ष ५ अङ्क २ मा भने कविता विशेषाङ्क राखिएको पाइन्छ । नयाँ नयाँ स्रष्टाहरू जन्माउन सफल यस साहित्यिक पत्रिकाले ५ वर्ष सम्म साहित्यका विविध विधालाई समेट्न सफल भएको पाइन्छ ।

## ३.४.२ पुरस्कार तथा मानसम्मान स्थापना र वितरण

मातृभूमि साहित्य समाज मकवानपुरको अर्को महत्त्वपूर्ण पाटो यसले स्थापना गरेका विभिन्न पुरस्कार र सम्मानको भूमिकाले पनि नेपाली साहित्यको विकासमा प्रभाव पारेको देखिन्छ । यस साहित्य समाजले **यती फाइनान्स साहित्य पुरस्कार, नित्य गोविन्द पुरस्कार, श्याम श्रेष्ठ-मातृभूमि पुरस्कार, मायादेवी-मातृभूमि पुरस्कार, शेखर शर्मा रिजाल-मातृभूमि शैक्षिक पुरस्कार, टङ्केश्वरी स्मृति-मातृभूमि उत्कृष्ट दलित विद्यार्थी प्रोत्साहन पुरस्कार, ईश्वरी स्मृति-मातृभूमि सम्मान,मकवानपुरश्री सम्मान, लाइफटाइम एचिभमेन्ट एवार्ड, मातृभुमि युवा सम्मान, मातृभूमि पत्रकारिता पुरस्कार** जस्ता पुरस्कार तथा सम्मानको संरक्षण, संयोजन तथा वितरण गर्ने गरेको देखिन्छ । मकवानपुर जिल्लाका भाषा,कला, संस्कृति, साहित्य आदि विभिन्न विधा र क्षेत्रका सेवीहरू तथा वाङ्मय संवर्द्धनमा यस साहित्य समाजले ठूलो सहयोग पुऱ्याएको देखिन्छ । यी पुरस्कार तथा सम्मानहरूको थप अध्ययन यहाँ गरिएको छ ।

### ३.४.२.१ यती फाइनान्स साहित्य पुरस्कार २०५९

नारायणी अञ्चलकै पहिलो वित्तीय संस्था यती फाइनान्स लिमिटेड हेटौँडाले नारायणी अञ्चलभित्रका स्रष्टालाई दिइने रु १०हजारको पुरस्कार प्रायोजन गर्दै आएको छ । प्रत्येक वर्ष यो पुरस्कार दिने गरिन्छ । हालसम्म यो पुरस्कार प्राप्त गर्ने स्रष्टाहरू यसप्रकार रहेका छन् :

**यती फाइनान्स साहित्य पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण**

**तालिका सङ्ख्या ३**

| क्र.सं. | स्रष्टा | ठेगाना | मिति |
|---|---|---|---|
| १ | कवि एवम् गीतकार प्रेमविनोद नन्दन | चितवन | २०५९ |
| २. | साहित्यकार रमेश गोर्खाली | पर्सा | २०६० |
| ३. | नियात्राकार निर्मोही व्यास | बारा | २०६१ |
| ४. | हाँस्यव्यङ्ग्यकार मुकुन्द आचार्य | बारा | २०६२ |
| ५. | उपन्यासकार ध्रुवचन्द्र गौतम | पर्सा | २०६३ |
| ६. | समालोचक केशवप्रसाद उपाध्याय | बारा | २०६४ |
| ७. | साहित्यकार रुकु कार्की | मकवानपुर | २०६७ |
| ८. | निबन्धकार रामबाबु घिमिरे | चितवन | २०६६ |
| ९. | कविता नाटककार तुलसी थापा | मकवानपुर | २०६७ |
| १०. | साहित्यकार रुकु कार्की | मकवानपुर | २०६७ |
| ११. | साहित्यकार गोपाल 'अश्क' | पर्सा | २०६९ |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

### ३.४.२.२ नित्य गोविन्द स्मृति-मातृभूमि सङ्गीत पुरस्कार २०५९

समाजसेवी मुक्ति गोविन्द वैद्यले आफ्नो स्वर्गीय पिता सङ्गीतकार नित्य गोविन्द वैद्यको नाममा यो पुरस्कार स्थापित गरेका हुन् । रु.५,०००/- बाट सुरु भएको यो पुरस्कार वि.सं. २०६९ सालबाट १२,५५५/- गरिएको पाइन्छ । मकवानपुर जिल्ला भित्रका साङ्गीतिक क्षेत्रका स्रष्टाहरूलाई

मात्र यो पुरस्कार दिदै आएकोमा वि.सं. २०६९ सालबाट नारायणी अञ्चलका स्रष्टाहरूलाई समेत दिने निर्णय गरिएको पाइन्छ । हालसम्म यो पुरस्कार पाउने स्रष्टाहरू यसप्रकार रहेका छन् :

**नित्य गोविन्द स्मृति-मातृभूमि सङ्गीत पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण**

**तालिका संङ्ख्या ४**

| क्र.सं. | स्रष्टा | मिति |
|---|---|---|
| १ | सङ्गीतकार भोला जोशी | २०५९ |
| २. | गायिका सुशीला पाण्डे (मानन्धर) | २०६० |
| ३. | सङ्गीतकार प्रमेन्द्र महर्जन | २०६१ |
| ४. | सङ्गीतकार लाल श्रेष्ठ | २०६२ |
| ५. | लोकगायक सोमबहादुर लामा | २०६३ |
| ६. | सङ्गीतकार गौरव के.सी. | २०६४ |
| ७. | भजन गायक भृगुराम श्रेष्ठ | २०६५ |
| ८. | गीतकार शम्भुप्रसाद बाँस्कोटा | २०६६ |
| ९. | सङ्गीतकार तथा गायक ईश्वरखड्का(दृष्टि विहीन) | २०६७ |
| १०. | गायक तुलुक लामा | २०६८ |
| ११. | सङ्गीतकार तथा गायक हरि योञ्जन | २०६९ |
| १२. | गायक/सङ्गीतकार ज्ञानवीर क्षेत्री | २०७० |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

### ३.४.२.३ श्यामश्रेष्ठ स्मृति-मातृभूमि पुरस्कार २०६६

समाजसेवी, शिक्षाप्रेमी आशिष श्रेष्ठले आफ्ना स्वर्गीय पिता श्याम श्रेष्ठको स्मृतिमा यो पुरस्कारको स्थापना गरेका हुन् । रू. ११,१११/- राशिको यो पुरस्कार शिक्षा, साहित्य, समाजसेवाको क्षेत्रमा उत्कृष्ट योगदान दिने स्रष्टाहरूलाई यो पुरस्कार समर्पण गरिन्छ । हालसम्म यो पुरस्कार प्राप्त गर्ने स्रष्टाहरू यसप्रकार रहेका छन् :

**श्याम श्रेष्ठ स्मृति-मातृभूमि पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण**

**तालिका सङ्ख्या ५**

| क्र.सं. | स्रष्टाको नाम | विधा | ठेगाना | मिति |
|---|---|---|---|---|
| १ | परशु प्रधान | साहित्य | मोरङ, विराटनगर | २०६७ |
| २ | डेन्टीजंग शाह | शिक्षा | हेटौँडा, मकवानपुर | २०६८ |
| ३ | गोविन्द बहादुर के.सी. | समाजसेवा | पोखरा, कास्की | २०६९ |
| ४ | सरुभक्त | साहित्य | कास्की | २०७० |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

### ३.४.२.४ मायादेवी- मातृभूमि पुरस्कार २०६६

नेपाली साहित्यमा विविध विधाको लेखन मार्फत विशिष्ट योगदान पुऱ्याउँदै आएकी साहित्यकार रुकु कार्कीले वि.सं. २०६६ मा रू. १ लाखको अक्षयकोष मार्फत रू. ११ हजार १ सय ११ राशिको पुरस्कार समर्पण गर्दै आएकोमा वि.सं. २०६९ सालबाट अक्षयकोषमा १ लाख थप गरी पुरस्कारको राशि रू.१५ हजार बनाएको पाइन्छ । यो पुरस्कार रुकु कार्कीकी माताश्री मायादेवीको नामबाट समर्पण गरिएको पाइन्छ । वि.सं. २०६८ सालदेखि यो पुरस्कार नारी स्रष्टालाई मात्रै दिने निर्णय गरिएको पाइन्छ । हालसम्म यो पुरस्कार प्राप्त गर्ने स्रष्टाहरू यसप्रकार छन् :

**मायादेवी-मातृभूमि पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण**

**तालिका सङ्ख्या ६**

| क्र.सं. | स्रष्टाको नाम | ठेगाना | मिति |
|---|---|---|---|
| १ | साहित्यकार गोविन्द विनोदी | नवलपरासी | २०६७ |
| २. | साहित्यकार गंगा सुवेदी | बिराटनगर,मोरङ | २०६८ |
| ३. | साहित्यकार शर्मिला खड्का दाहाल | इटहर,सुनसरी | २०६९ |
| ४. | समालोचक लीला लुइटेल | काठमाडौं | २०७० |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

### ३.४.२.५ शेखर शर्मा रिजाल स्मृति-मातृभूमि शैक्षिक पुरस्कार २०६६

यो पुरस्कार समाजसेवी अचर्ना शर्मा रिजालले आफ्नो प्रत्येक वर्ष मकवानपुर जिल्लामा सामुदायिक विद्यालयतर्फ बाट प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउने एक छात्र र एक छात्रालाई जनही रु १५/१५ हजार राशिको पुरस्कार प्रदान गरेको पाइन्छ । हालसम्म यो पुरस्कार प्रदान गरेको पाइन्छ । हालसम्म यो पुरस्कार प्राप्त गर्ने प्रतिभावान विद्यार्थीहरू यसप्रकार रहेका छन् :

**शेखर शर्मा रिजाल स्मृति-मातृभूमि शैक्षिक पुरस्कार प्राप्त गर्ने विद्यार्थीको विवरण**

**तालिका संख्या - ७**

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | मिति |
|---|---|---|---|
| १ | आशिष अधिकारी | प्रगति उच्च मा.वि.,हेटौडा-९ | २०६६ |
| २. | सृष्टि पुडासैनी | बालज्योति मा.वि.,हेटौडा-५ | २०६६ |
| ३. | सुसन दाहाल | आधुनिक राष्ट्रिय उच्च मा.वि.,हेटौडा-४ | २०६७ |
| ४. | रञ्जिता बाँस्तोला | प्रगति उच्च मा.वि.,हेटौडा -९ | २०६७ |
| ५. | निरोज दाहाल | आधुनिक राष्ट्रिय उच्च मा.वि.हेटौडा-४ | २०६८ |
| ६. | रूपा चौलागाई | वंश गोपाल उच्च मा.वि.,हेटौडा-६ | २०६८ |
| ७. | कृतिका पौडेल | आधुनिक राष्ट्रिय उच्च मा.वि.,हेटौडा-४ | २०६९ |
| ८. | राजु अधिकारी | बाल जागृति युवा वर्ष मा.वि., हेटौडा-६ | २०६९ |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

### ३.४.२.६ टङ्केश्वरी स्मृति-मातृभूमि उत्कृष्ट दलित विद्यार्थी प्रोत्साहन पुरस्कार २०६९

समाजसेवी अधिवक्ता रमेश गिरीले स्वर्गीय पिता टङ्क र माता ईश्वरीका नाममा यो पुरस्कार स्थापना गरेका हुन् । यो पुरस्कारको राशि रु ५ हजार १ रहेको छ । प्रत्येक वर्ष मकवानपुर जिल्लाका सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने उत्कृष्ट दलित विद्यार्थीलाई दिइने यो पुरस्कार वि.सं. २०६९ सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने विद्यार्थीको विवरण यसप्रकार रहेको छ :

**टङ्केश्वरी स्मृति-मातृभूमि उत्कृष्ट दलित विद्यार्थी प्रोत्साहन पुरस्कार**

**प्राप्त गर्ने विद्यार्थीको विवरण**

**तालिका संख्या - ८**

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | मिति |
|---|---|---|---|
| १ | दिपेश वि.क. | आधुनिक राष्ट्रिय उच्च मा.वि.हेटौडा-४ | २०६८ |
| २. | रोशन सुनार | आधुनिक राष्ट्रिय उच्च मा.वि.हेटौडा-४ | २०६९ |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

### ३.४.२.७ मातृभूमि राष्ट्रिय पुरस्कार

यो पुरस्कार मातृभूमि साहित्य समाजले आफ्नै नाममा स्थापना गरेको पाइन्छ र समाजका विशिष्ट तथा आजीवन उपासकहरूको सदस्यता शुल्क १ लाख ६५ हजारको अक्षयकोषबाट हरेक वर्ष रु २१ हजार १ राष्ट्रिय पुरस्कार प्रदान गर्ने निर्णय भएको पाइन्छ । साहित्य, सङ्गीत, पत्रकारिता, समाजसेवा, स्वास्थ्य, खेलकुद, शिक्षा, कला आदि विविध क्षेत्रमा निरन्तर कार्यरत विशिष्ट व्यक्तित्वलाई वि.सं. २०७० सालदेखि यो पुरस्कार दिइने कुराको जानकारी पाइन्छ । [११]

### ३.४.२.८ मातृभूमि पत्रकारिता पुरस्कार २०६९

यो पुरस्कार मातृभूमि साहित्य समाजले स्थापना गरेको हो । मातृभूमि साहित्य समाजका सदस्यता शुल्कको ब्याजबाट ५ हजार रूपैया प्रदान गरेको पाइन्छ । पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएका जिल्लाका पत्रकार मध्येबाट चयन गरी पुरस्कार प्रदान गर्ने गरेको पाइन्छ । यो पुरस्कार मकवानपुरमा रही पत्रकारिता गर्ने रोसन पराजुलीले २०६९ मा प्राप्त गरेको जानकारी प्राप्त भएको छ । [१२]

---

११. मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर : मातृभूमि साहित्य समाज) २०६९, पृष्ठ-५ ।

१२. हयग्रीव आचार्यसँगको अन्तर्वाता अनुसार ।

### ३.४.२.९ मातृभूमि राष्ट्रिय सम्मान २०५८

यो सम्मान मातृभूमि साहित्य समाजले आफ्नै नाममा स्थापना गरेको पाइन्छ । भाषा, साहित्य, सङ्गीत, पत्रकारिता, समाजसेवा आदिका क्षेत्रमा कार्यरत व्यक्तित्वलाई सो सम्मान प्रत्येक वर्ष समर्पण गर्ने गरेको पाइन्छ । हालसम्म यो सम्मान प्राप्त गर्ने व्यक्तित्वहरू यसप्रकार रहेका छन् :

**मातृभूमि राष्ट्रिय सम्मान प्राप्त गर्ने व्यक्तित्वहरूको विवरण**

**तालिका सङ्ख्या ९**

| क्र.सं. | नाम | ठेगाना | मिति |
|---|---|---|---|
| १ | नाटककार अशेष मल्ल | काठमाडौँ | २०५८ |
| २. | महाकाव्यकार डा. रमेशचन्द्र अधिकारी | काठमाडौँ | २०५९ |
| ३. | कथाकार परशु प्रधान | मोरङ | २०६२ |
| ४. | कवि कृष्णभूषण बल | मोरङ | २०६३ |
| ५. | कवि आनन्दराम पौडेल | काठमाडौँ | २०६४ |
| ६. | कवि तथा आख्यानकार धनराज गिरी | चितवन | २०६४ |
| ७. | हास्य व्यङ्ग्यकार आर.सी.रिसाल | मकवानपुर | २०६५ |
| ८. | कवि डा. विष्णु विभु घिमिरे | काठमाडौं | २०६५ |
| ९. | पत्राकार निर्मलकुमार आचार्य | काठमाडौं | २०६५ |
| १०. | गीतकार शीतल कादम्विनी | चितवन | २०६५ |
| ११. | कवि इन्द्रकुमार श्रेष्ठ | ओखलढुङ्गा | २०६५ |
| १२. | समालोचक डा. तुलसीप्रसाद भट्टराई | काठमाडौं | २०६५ |
| १३. | कवि तथा गीतकार नवराज लम्साल | काठमाडौं | २०६५ |
| १४. | समालोचक डा. गोविन्दराज भट्टराई | काठमाडौं | २०६५ |
| १५. | कवि गीता पन्थ | रुपन्देही | २०६६ |
| १६. | कवि आर.आर.चौलागाई | मकवानपुर | २०६६ |

| | | | |
|---|---|---|---|
| १७. | पत्रकार मोहन दुलाल | भक्तपुर | २०६६ |
| १८. | कवि केशवराज आमोदी | चितवन | २०६६ |
| १९. | कवि गीता क्षेत्री | दार्जलिङ (भारत) | २०६७ |
| २०. | कवि जोगेन दर्नाल | दार्जलिङ (भारत) | २०६७ |
| २१. | साहित्यकार भूपेन्द्र अधिकारी | देहरादुन (भारत) | २०६८ |
| २२. | कवि तथा पत्राकार जंगबहादुर सिँह ठकुरी | देहरादुन (भारत) | २०६८ |
| २३. | रङ्कर्मी सुम्निमा गुरुङ | देहरादुन (भारत) | २०६८ |
| २४. | साहित्यकार तथा राजनीतिज्ञ प्रदीप ज्ञवाली | गुल्मी | २०६९ |
| २५. | साहित्यकार मैना थापा 'आशा' | गुवाहाटी(भारत) | २०६९ |
| २६. | साहित्यकार दुर्गाप्रसाद श्रेष्ठ | वाराणसी(भारत) | २०७० |
| २७. | साहित्यकार हिरण्यलाल श्रेष्ठ | मकवानपुर | २०७० |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

### ३.४.२.१० मकवानपुरश्री राष्ट्रिय सम्मान

मकवानपुर जिल्लालाई राष्ट्रिय रूपमा परिचित गराउने व्यक्तित्वलाई समय-समयमा यो सम्मान मातृभूमि साहित्य समाजले समर्पण गर्दै आएको पाइन्छ । हालसम्म यो सम्मान पाउने व्यक्तिहरु यसप्रकार छन् :

**मकवानपुरश्री सम्मान प्राप्त गर्ने व्यक्तित्वहरूको विवरण**

**तालिका संख्या - १०**

| क्र.सं. | नाम | ठेगाना | मिति |
|---|---|---|---|
| १ | वरिष्ठ कलासाधक भीम विराग | मकवानपुर | २०६० |
| २. | समाजसेवी घनश्याम शंकर शर्मा | मकवानपुर | २०६० |
| ३. | समाजसेवी मुक्ति गोविन्द वैद्य | मकवानपुर | २०६२ |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

### ३.४.२.११ लाइफटाइम एचिभमेन्ट एवार्ड

जीवन पर्यन्त कला, साहित्य, सङ्गीत लगायत विविध क्षेत्रमा विशिष्ट योगदान दिने व्यक्तित्वलाई मातृभूमि साहित्य समाजले यो सम्मान समर्पण गर्दै आएको पाइन्छ । वि.सं. २०६८ मा मकवानपुरका वरिष्ठ कलासाधक भीम विरागले यो पुरस्कार प्राप्त गरेका छन् । [१३]

### ३.४.२.१२ ईश्वरी स्मृति-मातृभूमि सम्मान २०६९

मातृभूमि साहित्य समाज मकवानपुरका विशिष्ट आजविन उपासक तथा वर्तमान सचिव कृष्णप्रसाद दाहाल र उनका परिवारजनले आफ्ना पिताको स्मृतिमा अक्षय कोष रू. १२ हजार ५ सय ५५ राशिको सम्मान स्थापना गरेको पाइन्छ । यो सम्मान समाजका विविध क्षेत्रमा उत्कृष्ट योगदान दिने सामाजिक व्यक्तित्वलाई वि.सं. २०७० सालदेखि प्रदान गरिएको छ । यो सम्मान दोलखाका विश्व साइकल यात्री पुष्कर शाहले प्राप्त गरेको पाइन्छ । [१४]

### ३.४.२.१३ मातृभूमि युवा सम्मान

यो सम्मान मातृभूमि साहित्य समाजले ४० वर्ष मुनिका विविध क्षेत्रका युवा व्यक्तित्वहरूलाई समर्पण गर्दै आएको पाइन्छ । हालसम्म यो पुरस्कार पाउने व्यक्तित्वहरू यस प्रकार रहेका छन् :

**मातृभूमि युवा सम्मान प्राप्त गर्ने व्यक्तित्वहरुको विवरण**

**तालिका सङ्ख्या - ११**

| क्र.सं. | नाम | ठेगाना | मिति |
|---|---|---|---|
| १ | गजलकार अमला अधिकारी | सिन्धुली | २०६९ |
| २. | समालोचक विर्खे अन्जाान | मकवानपुर | २०६९ |
| ३. | श्रीराम श्रेष्ठ | नुवाकोट | २०७० |

स्रोत : मातृभूमि साहित्य समाज परिचय पुस्तिका (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९)

१३. **मातृभूमि साहित्य समाज परिचय पुस्तिका** (मकवानपुर :मातृभूमि साहित्य समाज,२०६९) पृष्ठ-७ ।

१४.पूर्ववत पृष्ठ ५ ।

### ३.४.३ मातृभूमि साहित्य समाज मकवानपुरबाट प्रकाशित कृतिहरू

मातृभूमि साहित्य समाजका महत्त्वपूर्ण कार्यहरूमध्ये अर्को महत्त्वपूर्ण कार्य कृति प्रकाशन हो । साहित्यिक प्रतिभाहरूको उत्थान र हौसला बढाउन समाजले आफ्ना उद्देश्य अनुरूप विभिन्न समयमा साहित्यिक कृतिहरू सङ्कलन र प्रकाशन गर्दै आइरहेको छ । समाजले कृति प्रकाशनको आर्थिक भार बेहोर्न नसके तापनि समाजले प्रचार प्रसार, विमोचन तथा संस्थागत मूल्य मान्यता स्थापित गर्ने भूमिका खेलेको छ । हालसम्म यस संस्थाले १९ वटा कृतिहरू प्रकाशन गरेको छ । यहाँ मातृभूमि साहित्य समाज मकवानपुरबाट प्रकाशित कृतिहरूको सङ्क्षिप्त परिचय दिइएको छ ।

#### ३.४.३.१ हयग्रीव आर्चाय र उनको जीवन रङ्गमञ्च र भोगाइ (२०५८)

वि.सं. २०२२ पौष २३ गतेका दिन पिता होमनाथ आचार्य र माता बलदेवी आचार्यका पुत्रका रूपमा हयग्रीव आचार्यको जन्म भएको हो । सानैदेखि साहित्यमा रुचि राखने उनको **खुकुरी र मान्छे** एवम् **जीवन रङ्गमञ्च र भोगाइ** दुई कृतिहरूप्रकाशन भएको पाइन्छ । सिस्नुपानी नेपाल, राष्ट्र उत्थान साहित्य समाज, मातृभूमि साहित्य समाज, साहित्य सङ्गम, एमनेष्टी इन्टरनेशनल जस्ता अन्य दर्जनौ सामाजिक सङ्घ संस्थाहरूमा आबद्ध हयग्रीव आचार्य मातृभूमि साहित्य समाजका संस्थापक अध्यक्ष हुन् भने हाल उनी सल्लाहकार रहेका छन् ।

वि.सं. २०५८ सालमा हयग्रीव आचार्यद्वारा लिखित जीवन रङ्गमञ्च र भोगाइ मातृभूमि साहित्य समाजद्वारा प्रकाशित पहिलो शृङ्खलाको हो । आफ्ना आत्मीय सहृदयी मित्र स्वर्गीय शरण मिश्रको देहावसानबाट मर्माहत भएर हयग्रीव आचार्यले यस कारुणिक उपन्यास लेखेको पाइन्छ ।

भूटनदेवी प्रिन्टर्स, हेटौँडाद्वारा मुद्रित यसउपन्यासको र भीम विरागको सयपत्री विचको एउटा पत्र शीर्षक भूमिका रहेको छ । प्रस्तुत काव्यान्यासमा ६४ पृष्ठभित्र २४ अध्यायहरू रहेका पाँच पृष्ठसम्म यसको अध्यायहरू छुट्याइएको पाइन्छ ।

**जीवन रङ्गमञ्च र भोगाइ**लाई हयग्रीव आचार्यले काव्यान्यास नाम दिएका छन् । गद्य र पद्य शैली मिसाएर लेखिएको यो कृति सरल,रहज एवम् सुललित शब्दहरूको समन्वय गरी भाषालाई बोधगम्य गराएको देखिन्छ ।

### ३.४.३.२ कृष्णप्रसाद पौडेलको श्रीमद्भागवत सारांश (२०५९) एवम् अध्यात्म रामायण (२०६१)

कृष्णप्रसाद पौडेलको जन्म वि.सं. १९८७ मा पिता कुलनाथ पौडेल एवम् माता बालकुमारी पौडेलका पुत्रका रूपमा भएको हो । उनी २४ वर्षको उमेरमा काशी सहरमा पुगी मध्यमासम्मको अध्ययन गरेका छन् । वि.सं. २०१८ देखि वि.सं. २०५५ सम्म शिक्षकका रूपमा काम गरेको पाइन्छ ।

वि.सं. २०५९ सालमा कृष्णप्रसाद पौडेलद्वारा लिखित श्रीमद्भागवत सारांश लोकलयमा आधारित काव्यात्मक कृति हो । मातृभूमि साहित्य समाज प्रकाशन रही प्रकाशन गरेको यो दोस्रो पुरस्तकाकार कुति हो । लोकलयमा आधारित यस पुस्तकको सम्पादन हयग्रीव आचार्यले गरेका छन् भने मुद्रण भुटनदेवी प्रिन्टर्सबाट गरिएको छ । रमेशचन्द्र अधिकारीले हार्दिक शुभकाङ्क्षा र सम्पादकीय समेत यसमा रहेको छ । आभार एवम् समर्पण, मन्त्र पुष्पाञ्जलिपछि श्रीमद्भागवत सारांश प्रथम स्कन्ध प्रारम्भ भएर द्वादश स्कन्धसम्म फैलिएको छ । श्रीमद्भागवत सारांशरूपी मन्दिरमा पुष्पार्पण राखिएको छ । जम्मा १२१ पृष्ठमा यो कृति रहेको पाइन्छ ।

आध्यात्मरामायण कृष्णप्रसाद पौडेलको मातृभूमि साहित्य समाज प्रकाशक रही प्रकाशन भएको दोस्रो कृति हो भने मातृभूमि साहित्य समाजको चौथो पुस्तकाकार कृति रहेको छ । लोकलयमा आधारित **आध्यात्म रामायण**को सम्पादन धर्मदत्त न्यौपानेले गरेका छन् भने मुद्रण सुन्दर छापाखानाबाट भएको पाइन्छ । परिव्राजक स्वामी रामानन्द गिरीको *शुभ सम्मति*बाट सुरुवात भएको पाइन्छ । धर्मदत्त न्यौपानेको दुईशब्द भूमिका रहेको छ । श्रीहरि : शीर्षकको वासुदेव उपाध्याय आगेयको कविता साथै हयग्रीव आचार्यको प्रकाशकीय रहेको छ । यस कृतिमा रामको जन्मदेखि लिएर रामको वैकुण्ठ यात्रामा समाप्त भएको पाइन्छ । २४७ पृष्ठमा भक्तजनहरूको नामावलीका साथ साथै शुद्धाशुद्धी तालिका पनि राखिएको पाइन्छ ।

### ३.४.३.३. भीम विराग र उनको मोहभङ्ग (२०५९) महाकाव्य

भीम विरागको जन्म वि.सं. १९९१ माघ वीरगञ्जको माइस्थानमा भएको हो । कला, साहित्यका पारखी उनको १० वटा कृतिहरू प्रकाशित भएका छन् भने ६ वटा पुरस्कारहरू प्राप्त गरेका छन् ।

मातृभूमि साहित्य समाजद्वारा प्रकाशित तेस्रो पुस्तकाकार कृतिका रूपमा **मोहभङ्ग** महाकाव्य रहेको छ । आवरण डिजाइन टी.आर.लाफा रहेका यस पुस्तकको मूल्य रु २००/-

तोकिएको पाइन्छ । स्वामी सामानन्द गिरीको *शुभ सम्मति*बाट सुरु भएको यसमा लेखकको भनाइ र *प्रकाशकीय* समेत रहेको पाइन्छ । प्रारम्भदेखि सुरु भएर विभिन्न १८ वटा शीर्षकहरू रहेका छन् । गीतामा आधारित यस महाकाव्यमा प्रारम्भ, शोकाकुल अर्जुन, ज्ञानयोग कर्मयोग, अविनाशी योग, सन्यास र कर्मयोग, फलको इच्छारहित कर्म, परा अपराको व्याख्या, ब्रह्म एवम् कर्मको व्याख्या, विज्ञानको श्रेष्ठता, प्रभु परिचय, विश्वरूप दर्शन, उपासनाको अर्थ, क्षेत्र र क्षेत्रज्ञ, ज्ञानको पनि ज्ञान परमज्ञान, पीपल महिमा, सृष्टिको परिभाषा, सत्त्व, रज र तमको व्याख्या, मोहभङ्गसमेत गरेर जम्मा १८ शीर्षकमा विभाजन गरिएको पाइन्छ । जम्मा १५७ पृष्ठ रहेको यस महाकाव्यमा ६०६ श्लोकहरू रहेका छन् ।

**मोहभङ्ग**लाई भीम विरागले पद्यशैलीमा लेखेका छन् । सरल शब्दहरूको संयोजन गरिएको यस कृतिमा श्लोकहरू पनि छुट्याइएको पाइन्छ ।

### ३.४.३.४ गिरिजा अधिकारी र अक्षरका जुलुसहरू कविता सङ्ग्रह (२०६२)

गिरिजा अधिकारीको जन्म वि.सं. २०४२ असार २२ गतेका दिन पिता तोपनाथ अधिकारी र माता लीलामती अधिकारीको पुत्रका रूपमा पदमपोखरी-४, मकवानपुरमा भएको हो । साहित्यप्रति रुचि राख्ने गिरिजा अधिकारीका कविताहरू फुटकर रूपमा पत्रपत्रिकामा प्रकाशित भएपनि पुस्तकाकार कृतिका रूपमा भने **अक्षरका जुलुस**हरू पहिलो कविता सङ्ग्रहका रूपमा प्रकाशित भएको छ ।

मातृभूमि साहित्य समाज प्रकाशक रही प्रकाशित पाँचौं पुस्तकाकार कृतिका रूपमा **अक्षरका जुलुस**हरू कविता सङग्रह रहेको पाइन्छ । गिरिजा अधिकारीको *अक्षरका जुलुसहरूसँग हिँड्दा* शीर्षकको भूमिका रहेको यस पुस्तकमा हयग्रीव आचार्यको शुभपत्र रहेको छ । साम्ब ढकालको *कविता बन्ने कोसिसमा गिरिजाका कविता* शीर्षकको लेख, तुलसी घिमिरेको *शुभकामना* यसमा समेटिएको छ । *मनको भन्नु* शीर्षकमा गिरिजा अधिकारीले आफ्ना विचारहरू पोखेका छन् । *म यथार्थ लेख्छु ,मेरो सपना, अन्त्योष्टिमा हिँडेका नारीहरू, कवि, मागिएको जवाफ, प्रभात, सम्झनाको एक निमेष, हामी जे हौं त्यो देखिदैनौं, हामी चलाइएका छौं, आकृतिहरूसँग, कर्मबहादुरहरू, मान्छेहरू, रगतमा रुझेको देश, सिपाही बनेर, खबरदारी माटो बेच्नेहरूलाई, इतिहासको कठघरामा नेपाली भए हुन्थ्यो, अवरूद्ध राजमार्गहरू* जस्ता १८ शीर्षकमा उनका कविताहरू समेटिएका पाइन्छन् । उनका सम्पूर्ण कविताहरू गद्य लयमा लेखिएका छन् । यस कविता सङ्ग्रहको आवरण

पृष्ठ सामान्य किसिमको रहेका छन् । सृजना छापाखाना हरिकुञ्जरोड, हेटौंडा-२ मुद्रक रहेको यस कृतिमा जम्मा ३६ पृष्ठ रहेको छ । मूल्य व्यक्तिगत रू.२५/- र संस्थागत रु. ५०/- तोकिएको पाइन्छ ।

### ३.४.३.५ अनल गौतम र शुभप्रभात हाइकु सङ्ग्रह (२०६४)

अनल गौतमको जन्म वि.सं. २०३८ असार १७ गतेका दिन हेटौंडा-५ पिप्ले, मकवानपुरमा भएको हो । उनी मातृभूमि साहित्य समाज मकवानपुर, हेटौँडा जेसिस नेपाल, रेडक्रस सोसाइटी, सेमिनरी एकेडेमिक काउन्सिल, मकवानपुर होटल एसोसिएसनजस्ता विभिन्न संस्थाहरूमा आबद्ध रहेका छन् । साहित्यका विविध विधाहरूमध्ये हाइकुमा विशेष रुचि देखाउने अनल गौतमको मातृभूमि साहित्य समाज प्रकाशक रही प्रकाशन भएको हाइकु सङ्ग्रह **शुभप्रभात** हो ।

**शुभप्रभात** मातृभूमि साहित्य समाजको छैठौँ प्रकाशित कृति हो । यसमा विष्णुबहादुर सिंहको *हाइकुहरूको उदयमा "शुभप्रभात"* , भीम विरागको *शुभप्रभातको बिहान देख्दा,* परशु प्रधानको *अनल गौतमको यो शुभप्रभात,* हयग्रीव आचार्यको *'शुभप्रभात'को शब्दप्रभातमा हराउँदा,* लोकराज शर्माको *Lovely fair flowers These Harikus : Anal's Power To smile for hours,* देवराज खरेलको *प्रकाशकीय* साथै अनल गौतमकै *फूलहरूमा आग्रह कोपिला*को जस्ता भूमिकाहरू रहेको पाइन्छ । जम्मा ३५५ वटा हाइकुहरू यस स्रङ्ग्रहमा रहेको पाइन्छ । नेपालीमा रहेको हाइकुहरूलाई अङ्ग्रेजी भाषामा पनि अनुवाद गरिएको छ । यसका नेपाली भाषा सम्पादन हयग्रीव आचार्यले गरेका छन् भने अङ्ग्रेजीको लोकराज शर्माले गरेका छन् । यस पुस्तकको व्यक्तिगत मूल्य रू. १००/- र संस्थागत रू.२००/- तोकिएको पाइन्छ । प्रयास हेटौंडाद्वारा मुद्रित यस पुस्तकमा १०२ पृष्ठ रहेका छन् ।

यस कृतिमा समावेश गरिएका सम्पूर्ण हाइकुहरू सरल, सुललित, सहज शब्दहरूको समन्वय गरी भाषा बोधगम्य समेत रहेको देखिन्छ ।

### ३.४.३.६ देवराज खरेल र उनको आत्मध्वनि कविता सङ्ग्रह (२०६५) र स्मृतिका टिपोट निबन्ध सङ्ग्रह (२०६८)

देवराज खरेलको जन्म वि.सं. २००७ कार्तिक २८ गतेका दिन स्व.उमानाथ खरेल र रेवतीदेवी खरेलका पुत्रका रूपमा काभ्रे फलाँटे-८ मा भएको हो । **हाम्रो मातृभूमि** साहित्यिक पत्रिकाका सम्पादक र प्रकाशक दुवै रहेका देवराज खरेल मातृभूमि साहित्य समाज, वाणी प्रकाशन, भीम विराग कला साहित्य प्रतिष्ठान, जनमत प्रकाशन साहित्य सङ्गम मकवानपुर जस्ता संस्थाहरूसँग आबद्ध रहेका छन् । लोकमार्ग कल्याणम् पुरस्कार, मकवानपुर प्रतिभा पुरस्कार जस्ता पुरस्कार एवम् सम्मान प्राप्त गरेका देवराज खरेल मातृभूमि साहित्य समाजका संस्थापक पनि हुन् । यिनका **कविता सङ्ग्रह** र मातृभूमि साहित्य समाजको प्रकाशकत्वमा २ वटा कृतिहरू प्रकाशित भएका छन् । **आत्मध्वनि** र **स्मृतिका टिपोटहरू** निबन्ध सङ्ग्रह उनका कृति रहेका छन् ।

वि.सं. २०६५ सालमा देवराज खरेलद्वारा लिखित कविता सङ्ग्रह **आत्मध्वनि** मातृभूमि साहित्य समाजद्वारा प्रकाशित सातौँ पुष्प रहेको छ । लक्ष्मणप्रसाद गौतमको *कवि परिचय*, परशु प्रधानको *नेपाली मात्रका पीडा खरेलका कविता*, तुलसी भट्टराईको *लेखन निरन्तरताको अपेक्षा*, अरुणराज सुमार्गीको *प्रकाशकीय* तथा देवराज खरेलको *आफ्नै कथन* पाइन्छन् । *अदृश्य घाउ, काठमाडौँ, मेरो परिचय, हेटौँडा, कवि हुनुको अर्थ, चरा र मान्छे, मित्रघात, महत्त्वाकाङ्क्षा, अखण्डित मनहरू, भावशुद्धिको अभ्यास, उज्यालोको चाहना, समय, औसत मान्छेको छातीभित्र, अहिंसा अभियान, कविपरिचय, जीवन र सडक, वनको काँडा र मनको काँडा , फूल र मान्छे , समीक्षा, एउटा याचना देश हाँक्नेहरूसित, प्रकृति,चरा र मान्छेहरू, आफन्त हाँसेको औंधी मन पर्छ, महान नेपाल बन्न सक्छ, पैसाको महत्त्व, दिने त हो जिन्दगी, आँसु, भक्त आस्थावन, छिमेकी, आफन्त, जिन्दगी हाँसो कि आँसु, अक्षरउपासना, भीमविराग, अनुभव, रात, झुपडीको मालिक, दुःख बिझाउँछ, हिंसा भन्नु मन रहेछ, गाउँ तिम्रो सम्झना गर्छ, कविता हार्नु हुन्न, हृदयभरि सयपत्री फूल, कविता चरीको, पौडेल बा र नियति, आगो साँझको, विद्यार्थी, म सपनाको जिन्दगी बाँच्छु, म मन्त्री महोदय, काभ्रेवन्दना, घात, नयाँ वर्ष २०६५, बाँच्ने जीवनको अभ्यास, वाचडगको अभिव्यक्ति, हजुरआमा, मन, सर्लाही टेक्ने हो कि, रूद्धगला बाँच्न विवश छन् दलितहरू र प्रेम* शीर्षकमा रहेका ५६ वटा कविताको आयाममा यो सङ्ग्रह ६३ पृष्ठमा रहेको छ । यस सङ्ग्रहका कविताहरू थोरैमा १ पृष्ठ र धेरैमा २ पृष्ठसम्मको आयममा रहेका छन् । प्रयास हेटौँडाद्वारा मुद्रित यस पुस्तकको व्यक्तिगत मूल्य रू. ५०/- र संस्थागत रू. १००/- तोकिएको पाइन्छ ।

वि.सं.२०६८ सालमा देवराज खरेलद्वारा लेखिएको **स्मृतिका टिपोट** निबन्ध सङ्ग्रह मातृभूमि साहित्य समाज मकवानपुरबाट प्रकाशित भएको पाइन्छ । समाजको यो तेह्रौं प्रकाशित कृति हो । रामबाबु घिमिरेको *सद्भाव सर्जक र सिर्जना*प्रति, निमेष निखिलको *प्राञ्जल शैलीका आत्मपरक निबन्ध,* कृष्णप्रसाद दाहालको *प्रकाशकीय* देवराज खरेलको *आफ्नै कुरा* यसमा रहेको पाइन्छ । आत्मपरक शैलीमा *भीम विराग एक व्यक्तित्त्व अनेक, माधव वियोगी : जीवन एक चर्चा अनेक , दीर्घ घाउ, मुक्ति गोविन्द वैद्य : शब्दचित्र, क्यौरानीको माया, अभिमान, धान खेती र आषाढ महिना, आफन्त, मातृभूमि, मेरो हेटौँडा, जातपातको महारोग, आमाको अन्त्य, गाउँ र सहरको भिन्नता, मान्छे, शोषण, जागिरे जीवन, नव नेपाल निर्माणको कुरा, स्रष्टा, सिर्जना र सेवा, घर, म , मेरो देश र मेरो कर्तव्य, रहर, म, कुसाइतको यात्रा, आफ्नै सेरोफेरोबाट, पेट सङ्घर्षशील सङ्गीता, श्रद्धाञ्जली , संवेदना हराएको सूचना* जस्ता जम्मा २८ वटा शीर्षकहरू रहेका छन् । यस सङ्ग्रहमा रहेका निबन्धहरू थोरैमा २ पृष्ठका र धेरैमा ५ पृष्ठ सम्मका रहेका छन् । यो कृति ८३ पृष्ठमा फैलिएको पाइन्छ । प्रयास हेटौँडाद्वारा मुद्रित यस पुस्तकको व्यक्तिगत मूल्य रू. १००/- र संस्थागत रू. २००/- तोकिएको पाइन्छ ।

### ३.४.३.७ विमला कार्की 'सुसं' र उनको पत्थरका मान्छे (२०६६) एवम् घाम नभएको आकाश (२०६९) गजल सङ्ग्रह

विमला कार्कीको जन्म वि.सं. २०४४ कार्तिक २८ जोरपाटी, काठमाडौँमा माता चन्द्रकुमारी कार्की र पिता सिद्धिबहादुर कार्कीकी पुत्रीका रूपमा भएको हो । हाम्रो मझेरी साहित्य प्रतिष्ठान, चितवन, मातृभूमि साहित्य समाज, मकवानपुर साहित्य सङ्गम मकवानपुर जस्ता साहित्यिक संस्थामा आबद्ध उनले रूपनारायण मा.वि.-२०५९ (नाटक) प्लान नेपाल मकवानपुर २०६० (चित्रकला), जिल्ला बचत तथा ऋण सहकारी संघ-२०६२ (कविता) हाम्रो मझेरी साहित्य प्रतिष्ठान चितवन-२०६५ जस्ता पुरस्कार तथा सम्मानहरू प्राप्त गरेकी छन् । मातृभूमि साहित्य समाज मकवानपुरले उनको **पत्थरको मान्छे र घाम नभएको आकाश** नामक दुई गजल सङ्ग्रह प्रकाशन गरेको पाइन्छ ।

वि.सं. २०६६ सालमा विमला कार्की 'सुसं' द्वारा लिखित **पत्थरको मान्छे** गजल सङग्रह मातृभूमि साहित्य समाजद्वारा प्रकाशित आठौं कृति रहेको छ । हयग्रीव आचार्यको *अनारका दाना जस्ता विमलाका गजल,* खगेन्द्र गिरी 'कोपिला' को *भूमिकाको बहाना*मा, दामोदर पुडासैनी 'किशोर'

को *विमला कार्कीका बान्किला गजलहरु,* नवराज लम्सालको *शुभकामना,* गोपाल अश्कको *शुभकामनाका दुई शब्द,* धनराज गिरीको *कुमारी आमालाई हार्दिक बधाई,* पुष्प अधिकारी 'अञ्जली'को *पत्थरको मान्छेलाई हृदयभरिको शुभकामना,* देवराज खरेलको *प्रकाशकीय* साथै विमला कार्की 'सुसं'को *सिन्धुसँग विन्दुको आग्रह* समेत यस गजलसङ्ग्रहमा पाइन्छ । उनका गजलहरूमा मानवको फरक-फरक किसिमका आचरणलाई समेटिएको पाइन्छ । यस सङ्ग्रहमा हयग्रीव आचार्यको भाषा सम्पादन, भीमप्रसाद शर्माको आवरण, विकास श्रेष्ठको आवरण सज्जा, प्रयास हेटौँडाद्वारा मुद्रित रहेको पाइन्छ । यस कृतिको व्यक्तिगत मूल्य रु. ५०/- र संस्थागत मूल्य रु. १५०/- तोकिएको पाइन्छ भने पृष्ठ संख्या ६६ रहेको छ ।

वि.सं. २०६९ मा प्रकाशन भएको विमला कार्की 'सुसं'को गजल संङ्ग्रह **घाम नभएको आकाश** मातृभूमि साहित्य समाज प्रकाशन रही प्रकाशित पन्ध्रौं कृति रहेको छ । केशवराज आमोदीको *तगज्जलको खोजीमा 'घाम नभएको आकास' भित्र रुमलिँदै,* धनराज गिरीको *शेरैशेर जन्माउने शेरेनीलाई शुभकामना,* पुष्प अधिकारी *'अञ्जली' को विमलाको घाम नभएको आकाशमा अब पक्का घाम आउनेछ,* निमेष निखिलको *शुभकामना* प्रकाश आङ्देम्बेको *आनन्द प्राप्तिको लागि सुत्र मिलाइरहनु आवश्यक छैन,* गोर्खे साँइलोको *'घाम नभएको आकाशलाई शब्द गुच्छा,* मिलन बन्जारा 'सर्जक' को *घाम नभएको आकाशमा हराएको विमला,* विमला कार्की 'सुसं' को *काँडा टेकेर फूल टिप्दै* र राजबाबु पहाडीको *प्रकाशकीय* यसमा रहेको पाइन्छ । *नेपालको संविधान, तिमी मेरो, ठूलो मकानको, बाँच्न पनि बडा, किन जानु काशी, भगवान हुँदा म, तिमी सँग मेरो, युद्ध नचलेको भए, कचकच गर्छन घरमा साह्रै, मदहोसी हुँदा म, तातो सडक खाली खुट्टा, यो जमाना, घाम नभएको आकाश, मङ्सिर बित्यो माघ भो म त आउँदिन, कसम खाई अर्कैसँग, भएपछि दुई जना, केही चाहिदैन तिम्रो, स्वतन्त्र छ बाँच्न घरमुली जो उहीको, माग्न आउँदा पनि, चिहाएर बाहिर तिर, तिम्रो पल्लो मेरो, देखेर तिमीलाई, आमा खुवाँउथिन, सुन्दै सुनेन उसले, लगाउने खाने सामानै सामानको, नभैदिएको भए तिमी, झ्यालढोका पुरै, दुखेकै थिएन मलाई, एउटाको कुमार, झुप्रो या दरवार कस्तो, लुटेर अर्काको धन, छैन केही रहर, म धर्तीमै आकाश, नारीबिना एकै छिन पनि, कहिलेकाँही जून पनि, कमाएर तिनको नाममा, मलाई स्वार्थी या, हार होस् या जित, बिहान सबेरै खरानीले, नियम कडा, पिएर नेपाली मूलको पानी, तलतल लाग्दा तिमीसँगै, तार बनायौ जुन बनायौ, म गाउँपाखाको, वा ! भगवान तँ पनि, किन हो खै फूलका, हलो काटेर मुंग्रो, जे गर्नु छ गर*

*तिम्रै हो, घरघरबाट कुसंस्कार, जे पर्ला पर्ला कहिले काँही त, विश्वास छ तै-पनि, यो युग, सानो छँदा मसँग बा, मेरी आमा देशै ढले कहाँ रहन्छ , याद गर्नुस हावा पनि, ठूलो आगो, मलाई गर्भवती* जस्ता ६० शीर्षकमा गजलहरू रहेका छन् । प्रत्येक गजल १ पृष्ठको रहेको पाइन्छ । जम्मा ६० पृष्ठ रहेको यस सङ्ग्रहको सम्पादन हयग्रीव आचार्यले गरेका छन् । प्रयास हेटौँडाको मुद्रण रहेको यस सङ्ग्रहको मूल्य व्यक्तिगत रु.१००/- र संस्थागत रु. २००/- तोकिएको पाइन्छ ।

### ३.४.३.८ यमुना प्रसाद गौली र उनको शब्दझर्ना (कविताकुञ्ज, २०६६), स्मृति आलोक (वन्दना काव्य, २०६७) एवम् प्रकृति-सार (कविता सङ्ग्रह ,२०६८)

यमुनाप्रसाद गौलीको जन्म वि.सं. १९९४ असोज २४ गतेका दिन माता स्व. नन्दकुमारी देवी गौली र पिता स्व. चूडामणि गौलीका पुत्रका रूपमा भएको हो । पेसाले शिक्षक रहेका उनी हाल अवकाश प्राप्त जीवन बिताइरहेका छन् । **कर्मभूमि** जिल्ला शिक्षा समिति कपिलवस्तु (२०५७) पुरस्कारबाट पुरस्कृत उनी नेपाली संस्कृति संरक्षण समिति (कपिलवस्तु) नेपाली सेवा संघ (कपिलवस्तु), मातृभूमि साहित्य समाज मकवानपुर जस्ता संस्थाहरूमा आबद्ध रहेका छन् । मातृभूमि साहित्य समाज प्रकाशक रही उनको **शब्दझर्ना** (कविता कुञ्ज) **स्मृति आलोक** (वन्दना काव्य) एवम् **प्रकृतिसार** (कविता सङ्ग्रह) गरी तीन कृतिहरू प्रकाशन भएका छन् ।

**शब्दझर्ना** वि.सं. २०६६ मा मातृभूमि साहित्य समाज प्रकाशक रही प्रकाशित नवौं कृति रहेको छ । केशवप्रसाद उपाध्यायको *मन्तव्य र शुभकामना,* रमेशचन्द्र अधिकारीको *शब्दझर्ना काव्य-कृतिबारे,* गोविन्दराज विनोदीको *'शब्दझर्ना'को जलाभिषेचन,* हयग्रीव आचार्यको *शब्दझर्नामा भर्ना हुँदा,* धर्मेन्द्र भट्टराईको *शुभकामना,* देवराज खरेल र निमेष निखिलका *शुभकामना,* यमुनाप्रसाद गौलीको *मन्तव्य* रहेका छन् । *मेरो सन्देश, प्रकृतिलीला, मोतिदान, अनुकम्पा, म त ठूलो मान्छे, बालक, विद्या, बैंस छँदा, बाला, बाल्यकाल, तनय-बधु, आशा-निराशा, मेरो चिनारी र गति, भाग्य विधाता, विज्ञान युग, मनको धनी, लज्जावतीझार, सुन्दर सपना, सुखालय, वैरागी, जाली फटाहा, कविता, संयोग, गरिब, वेदना, मार्ग, सुन्दरताल, थोपो यात्रा, प्रमाण हजुर, पापी मानव, कोपिला, भत्केको घर, सुनौलो बिहानी, मन, विरोध, गन्थनमन्थन, आँखीझ्याल, टीको, बेसाहारा, पुनर्मिलन, फुटेका चुरा, एकान्तमा, जुँगा, सुन्सानरात, लुकामारी, खिँचातानी, बर्षा, ओझेल, जीवन-जुवा, सम्झना* जस्ता शीर्षकका ५१ वटा कविताहरू यस सङ्ग्रहमा सङ्कलित छन् । थोरैमा एक पृष्ठ र धेरैमा २ पृष्ठमा कविता रहेका छन् । यो संङ्ग्रह ६० पृष्ठको रहेको छ । हयग्रीव आचार्यको भाषा

सम्पादन, प्रयास हेटौडाको मुद्रण रहेको यस कृतिको मूल्य व्यक्तिगत रू. ५०/- र संस्थागत रू. १५०/- तोकिएको छ ।

**स्मृति आलोक** वि.सं. २०६७ मा मातृभूमि साहित्य समाज मकवानपुर प्रकाशक रहेको पाइन्छ । हयग्रीव आचार्यको *सम्पादकीय,* गोविन्दराज विनोदीको *'स्मृतिआलोक'* काव्यको *विहङ्गावलोकन,* विष्णुराज आत्रेयको *स्मृति आलोकको विहगावलोकन,* रमेशचन्द्र अधिकारीको *हार्दिक शुभेच्छा,* केशवराज आमोदीको *हार्दिक शुभाशंसा,* निमेष निखिलको *सिर्जनात्मक निरन्तरताको कामना,* धर्मेन्द्र भट्टराईको *शुभेच्छा,* देवराज खरेलको *प्रकाशनीय* ,यमुनाप्रसाद गौलीको *शब्दानुनय* यसमा रहेका छन् । यो काव्य प्रथम स्मृतिदेखि अष्टम स्मृतिसम्म फैलिएको पाइन्छ । हरेक स्मृतिमा सुरुका श्लोकहरू शार्दूलविक्रीडित छन्दमा रहेका छन् भने अन्तिमको एक श्लोक मालिनी छन्दमा रहेको छ । जम्मा ७७ पृष्ठ रहेको यस कृतिको मुद्रण प्रयास हेटौंडाले गरेको पाईन्छ । यसको व्यक्तिगत मूल्य रू. ५०/- र संस्थागत रू. १५०/- रहेको छ ।

**प्रकृतिसार** वि.सं. २०६८ मा समाजद्वारा प्रकाशित कविता सङ्ग्रह हो । यो यमुनाप्रसाद गौलीको समाजद्वारा प्रकाशित भएको तेस्रो कविता सङ्ग्रह हो भने समाज प्रकाशक रही प्रकाशित बाह्रौं कृति हो । रमेशचन्द्र अधिकारीको *भूमिका* , विष्णुराज आत्रेयको *कृतिसारमा रमाएपछि ,* गोविन्दराज विनोदीको *'प्रकृतिसार' काव्यका स्रष्टाप्रति,* निमेष निखिलको *शुभकामना,* धर्मेन्द्र भट्टराईको *हार्दिक शुभेच्छा,* देवराज खरेलको *शुभकामना,* हयग्रीव आचार्यको *सम्पादकीय शुभकामना,* यमुनाप्रसाद गौलीको *धड्कन धड्किँदै* यसमा रहेको पाइन्छ । *स्तुति, हिमालयन वर्णन, विविध शृङ्खलाका नाम ,विविधता, ऋषिमहर्षिहरू, हिमाल, हिमाली भेगका, पहाडी भेग, तीर्थालु, तराईतिर, विकृतिका, सु-कीर्तिका, वर्गीकरण निकुञ्जहरू, हिमाली भेगमा, पहाडतिर, पर्यटन क्षेत्र, नेपालको परापूर्वकाल, पछौटेपन, नदीका मुहानहरू, सप्तकोशी, सप्तगण्डकी, शेषान्तमाजस्ता* शीर्षकहरूमा चौबिस कविताहरू यसमा रहेका छन् । थोरैमा १ पृष्ठ र धेरैमा ६ पृष्ठसम्मका कविता यस कृतिमा रहेका छन् । भाषा सम्पादन हयग्रीव आचार्य, आवरण विकास श्रेष्ठले गरेको यस कृतिको मुद्रण प्रयास यस हेटौंडाले गरेको पाइन्छ । यस कृतिको मूल्य व्यक्तिगत रू. ५०/- र संस्थागत रू. १५०/- तोकिएको छ ।

### ३.४.३.९ स्व. श्याम श्रेष्ठ र उनको मुलुकभित्र उपन्यास (२०६६)

स्व. श्याम श्रेष्ठको जन्म वि.सं. १९९६ मंसिर २८ गतेका दिन माता कर्णकुमरी श्रेष्ठ र पिता लालबहादुर श्रेष्ठका पुत्रका रूपमा धनकुटामा भएको हो । लायन्स क्लब हेटौँडा, मकवानपुर क्याम्पसजस्ता संस्थामा आबद्ध रहेर काम गरेका उनी भुटनदेवी अफसेटका संस्थापक सचिव पनि रहेका थिए । साहित्य र समाजसेवामा रुचि राख्ने, मिलनसार, मुदुभाषी व्यक्तित्व भएका श्रेष्ठको उपन्यास पहिलो सस्करण अन्यत्रबाटै प्रकाशित भएपनि मृत्युपछि **मुलुकभित्र** पुनः प्रकाशन मातृभूमि साहित्य समाजले गरेको पाइन्छ ।

**मुलुकभित्र** उपन्यास वि.सं. २०२८ सालमा प्रकाशित भएर वि.सं. २०६६ मा मातृभूमि साहित्य समाजले पूनप्रकाशन गरेको कृति हो । मुलुकभित्र आएका प्रवासी नेपालीहरूका सम्मानमा यो उपन्यास समर्पित गरेको कुरा श्यामबहादुर श्रेष्ठको *दुई शब्द,* परशु प्रधानकै *संस्मरण पनि शुभकामना पनि,* हयग्रीव आचार्यको *मुलुकभित्र छिर्दा* ,देवराज खरेलको *प्रकाशकीय,* आशिष श्रेष्ठको *केही कुरा,* विष्णुगोपाल फुयाँलको *श्याम श्रेष्ठसँगका स्मरणहरू,* ओकिलराज बानियाँको *श्याम सरसँगको सामीप्यता,* भद्रकुमारी घलेको *श्याम श्रेष्ठको व्यक्तित्व र साहित्य,* लायन गोविन्दबहादुर क्षेत्रीको *मेरो मस्तिष्कमा श्याम श्रेष्ठ* र *तुलसी मेहर मेमोरियल उच्च मा.वि. को परिचय* यसमा रहेको पाइन्छ । **मुलुकभित्र** उपन्यासमा जम्मा ९ अङ्कहरू रहेका पाइन्छन् । भाषा परिमार्जिन हयग्रीव आचार्यबाट गरिएको छ । यस कृतिको मूल्य रू. ५०/- ( शैक्षिक सहयोग अक्षयकोषको लागि ) तोकिएको छ ।

### ३.४.३.१० माधव पोखेल र उनको आकांक्षाको चिता (नाटक), २०६९ एवम् रित्तिएको गाउँ (कविता सङ्ग्रह ),२०७०

माधव पोखेलको जन्म वि. सं. २०२१ जेष्ठ १० गतेका दिन तनमुना-६, सुनसरीमा माता नर्वदादेवी पोखेल र पिता स्व. तेजबहादुर पोखेलको पुत्रका रूपमा भएको हो । युनिलिभर लिमिटेडमा कार्यरत उनी यात्री समूह विराटनगर, मातृभूमि साहित्य समाज मकवानपुर, हेटौँडा बजार लायन्स क्लबजस्ता संस्थाहरूमा आबद्ध रहेका छन् । मातृभूमि साहित्य समाजबाट उनका **आकांक्षाको चिता** र **रित्तिएको गाउँ** दुई कृतिहरू प्रकाशन भएका छन् भने उनले **प्रेमको आँधी, बाँच्न चाहनेहरू, भावीको लेखा**, **म पनि देउता मान्छु**जस्ता नाटकहरूको निर्देशन एवम् अभिनय पनि गरेको पाइन्छ ।

वि.सं. २०६९ सालमा माधव पाखेलद्वारा लिखित नाटक **आकांक्षाको चिता** मातृभूमि साहित्य समाजद्वारा प्रकाशित चोधौं कृति हो । यसको भूमिका खण्डमा विवश पोखरेलको *पीडा र संवेदनाको प्रतिचित्र : आकांक्षाको चितामा,* हयग्रीव आचार्यको *सम्पादकीय,* राजबाबु पहाडीको *प्रकाशकीय,* माधव पोखेलको *मैले भन्नै पर्ने कुरा* रहेका छन् । यस नाटकलाई दृश्य एकदेखि दृश्य अट्ठाइससम्म लम्ब्याइएको पाइन्छ । समाजको यथार्थ पक्षलाई उजागर गर्ने प्रयास यसमा गरिएको छ । हयग्रीव आचार्यको भाषा सम्पादन, कृष्णप्रसाद दाहालको आवरण परिकल्पना, मनोज ढुङ्गानाको आवरण डिजाइन, दर्शन अफसेट प्रेस, बागबजारको मुद्रण रहेको यस कृतिमा ७८ पृष्ठ रहेको छ । यस कृतिको व्यक्तिगत मूल्य रू. १२५/- र संस्थागत रू.२००/- तोकिएको छ ।

वि. सं. २०७० सालमा माधव पोखेलको **रित्तिएको गाउँ** कविता सङ्ग्रह समाजले प्रकाशन गरेको पाइन्छ । शैलेन्द्र साकारको *समसामयिक पीडा बोधका कविता,* परशु प्रधानको कविताको *पहिलो घामको झुल्को,* नेपाल स्रष्टा समाजका अध्यक्ष पवन आलोकको *वर्तमान नेपालको पोर्ट्रेट,* पुष्प अधिकारी 'अञ्जलि'को *कवि माधव पोखेलका कवितामा हृदयको संवेग भेटेको छु* , राजबाबु पहाडीको *प्रकाशकीय,* माधव पोखेलको *मैले भन्नु पर्दा*जस्ता मन्तव्यहरू यसको भूमिका खण्डमा रहेको छ । *मेरी आमा, गाउँ रित्तिदै छ , अनुभूति, दिउँसो कुखुरा बास्दा, मपाइँ, भोगाइ, आजको मान्छे , नारी तिमीलाइ के भनूँ , घर, नयाँ नेपाल, गाह्रो, किसानको जीवन, नेपालका सभासद, शान्तिको खोजीमा, सहर र मान्छे , थाहा छैन, मान्छेको स्वभाव, सहिद रोइरहेछ , नारी प्रधान देश, किन ? , सुकर्म , भगवानबिनाको मन्दिर, बोली, कवि, नेपालकी चेली भृकुटी, नागरिक सर्वोच्चता, ढुङ्गे युगमा पुग्न बाँकी , सहिद, बिष पनि पिइदिन्छु , तिमी पुरुष , कुर्सी , चिता जल्दा, जीवन एक यात्रा, फूल र पुजारी , पछुतो , नुनुवा , नेपाल मेरो घर*जस्ता शीर्षकमा ३७ कविताहरू यस सङ्ग्रहमा रहेका छन् । थोरैमा एक पृष्ठदेखि धेरैमा तीन पृष्ठसम्मका कविताहरू यसमा रहेका छन् । हयग्रीव आचार्यको भाषा सम्पादन , मनोज ढुङ्गानाको आवरण र प्रयास हेटौँडाको मुद्रण रहेको यस कृति जम्मा ७२ पृष्ठको रहेको छ । यस कृतिको मूल्य रू. १५०/- तोकिएको पाइन्छ ।

### ३.४.३.११ मञ्जु खराल 'मञ्जुश्री' र उनको जलन, २०६९ ( गीति एल्बम) एवम् समर्पण, २०७० ( गीति सङ्ग्रह )

मञ्जु खराल 'मञ्जुश्री'को जन्म वि.सं. २०३० साल जेष्ठ १३ गते माता सीतादेवी उपाध्याय दाहाल र पिता ईश्वरीप्रसाद उपाध्याय दाहालकी पुत्रको रूपमा भएको हो । सामुदायिक कल्याण केन्द्र, नुवाकोट साहित्यिक प्रतिष्ठान, नेपाल रेडक्रस सोसाइटी, मातृभूमि साहित्य समाजजस्ता संस्थाहरूमा उनी आबद्ध रहेको पाइन्छ । *जलन* गीति एल्वम र *समर्पण* गीति सङ्ग्रह उनको मातृभूमि साहित्य समाज प्रकाशक रही प्रकाशित भएका कृति हुन् । आदर्श दम्पति सम्मान २०६३, मकवापुर उनले प्राप्त गरेको सम्मान हो ।

*जलन* गीति एल्वम मातृभूमि साहित्य समाजले वि.सं. २०६९ सालमा प्रकाशन गरेको हो । जम्मा ७ वटा गीतहरू यस एल्वममा रहेका छन् । अञ्जु पन्त, स्वरूपराज आचार्य, कोसिस क्षेत्री साथै मनोजराजको स्वर रहेको यस एल्वममा *तिमी टाढा हुँदा नसोध कस्तो भयो कस्तो भयो , न सक्छु म नकार्न तिमीलाई न मनले सजिलै स्वीकार्छ तिमीलाई, आजभोली सबको दिलमा फुल्दै छ्यौ रे तिमी*जस्ता उत्कृष्ट गीतहरू यस एल्वममा रहेका छन् ।

वि.सं. २०७० सालमा मञ्जु खराल 'मञ्जुश्री' को गीति सङ्ग्रह **समर्पण** मातृभूमि साहित्य समाजबाट प्रकाशित भएको कृति हो । यस गीति सङ्ग्रहको भूमिका खण्डमा माधव घिमिरेको *फूलमा शीत भिजेजस्तै,* कृष्णहरि बरालको *यस सङ्ग्रहभित्र,* उन्नती बोहरा 'शीला'को *शुभकामनाका हरफहरू,* गार्गी शर्माको *समर्पणभित्र हराउँदा* , शम्भुप्रसाद बाँसकोटाको *शुभकामना,* श्रीराम श्रेष्ठको *शुभकामना* , राजबाबु पहाडीको *प्रकाशकीय* र मञ्जु खराल 'मञ्जुश्री'को *अर्न्तमनका भावनाहरू* रहेका छन् । यसमा *समर्पण गीत, उठ जाग लम्क, मलाइ लाग्छ मेरो , नेपाली...नेपाली...नेपाली, मलाइ चिन्ता छ , नेपाली हुँ भनी , श्रद्धाञ्जली छ हाम्रो , बालअधिकार र महिला , अब बन्ने संविधान , म यो देशको , म हुँ नेपाली , आजभोलि सबको तिमी टाढा हुँदा, चाहे मलाई मायाँ, न सक्छु म , अतीतका ती घाउ , हिराको हारले तिमीलाई , तिम्रो एक दृष्टिले , जसलाइ मुटु ओच्छ्याइदियो , पत्थर हो कि , झुके जसै मेरा , म विश्वास हैन , तिमी त प्रेमको , मेरो घरमा आगो , के मैले कसैसँग, तिमीले मलाई लत्याए, जिन्दगीको कुन मोडमा , दिल त मेरो, कुन खुसीले हाँसी , अबदेखि तिम्रो बाटो , कहाँ तिमी कहाँ , जिन्दगी चुक्यो चुरासरी, हामी दुई मिलन, लाग्छ मैले मनैमनमा, यी नजरमा एकपटक, तिमीले मलाई, खुसीले बाँच्नु पो , डुबेँ डुबेँ खै, आकाश उही*

*छ , सायद म तिमीलाई , सङ्गीत तिमी मेरो , सुनेको थिइनँ मैले , तिमीलाई सम्झी त्यसै , एक्लै बस्दा सम्झनाले , कहाँ छ्यौ तिमी , यो कति मिठो , तिम्रो खुसीमा म , म त केवल, मेरो माया परदेशमा , मेरी माया स्वदेशमा , चन्द्रमालाई सोधेँ मैले, एउटै बिछ्यौना छ , यो जुनी त , चाहे नजिक आऊ, मुटु दिन सक्छु , यो जुनीमा प्रिय , यो मनभित्र मायाको , किन हो प्रिया , कहिले फूल सम्झिएर , म त हर तरहले , जहिलेसम्म यो धरतीमा, यो संसारमा तिमीले , म कति रोएँ , तिमीले त दियौ , आउँदैन होला त्यो , मेरो मन त गंगा , कोही मेरो नजिक, न त दियौ तिमीले , तिमी घृणाको तीर , तिमी विना जिउन , तिमी नहुँदा एक्लै, गर प्रिय सधैंभरि , किन हजुर मैले , अमृतभरि नजरले , आजफेरि पुरानो , खुसीसँग बितोस प्रिय , टाढियौ तिमी टाढिएँ , जति कुरा भन्नु , अब किन हाल , आफ्नो कोही हुँदो , जसले ज्यानै दिने ,मेरो देश नै , मेरो देश नेपाल , हाँसीहाँसी जन्म दिएँ , किन जान्छौ युवा , कहाँ छौ कृष्ण, बालक हामी सुवास, हातमा छ सुनकै , लटकीलटकी मटकी , तीनपानी झोलले , कम्मरैमा पटुकी बुट्टे , माछी झुम्यो बग्ने , बिन्ति छ रोकिदेऊ , मोज गर मस्ती , नाचौँ गाऊँ साथी , माया मिल्ने भए , याद किन आउँछ , चाहे धरती फाटोस् ,खोई कहाँ छ* जस्ता नेपाली भाषाका १०० गीतहरू र *Money Money, My Buddha my, Oh ! My Lord ! , Never you ask, Wish you a , The earth is morning, I love you, When you see, You taught me, If you really, As long as, You can do, You told me, Either you like, None of the , Never fall in , Even if the , Let's we have, I love my, Hey you baby, Hello Handsome* जस्ता अंग्रेजी भाषाका २१ वटा गीतहरू र *वह रिश्ता तुमने, सुनाथा एक चाँद, मै क्यूँ कभी, दूर दूर की , कहाँ से आया, क्या जादू हे, जिसने जान देनेका, किस ने बनाई, दिल भी दिया, हे रब तुने* जस्ता हिन्दी भाषका १० वटा गीतहरू रहेको पाइन्छ । यस कृतिको भाषा सम्पादन हयग्रीव आचार्यले गरेका छन् भने आवरण परिकल्पना कृष्णप्रसाद दाहालको रहेको छ । आवरण कला मनोज ढुङ्गानाको रहेको यस पुस्तकको आवरण सज्जा विकास श्रेष्ठले गरा छन् । प्रयास हेटौँडाद्वारा मुद्रित यस पुस्तकको व्यक्तिगत मूल्य रू.२००/- र संस्थागत रू. ३००/- रहेको पाइन्छ । यस कृतिमा रहेका प्रत्येक गीतहरू १ पृष्ठका रहेका छन् । यस गीति सङ्ग्रहमा जम्मा १३१ पृष्ठ रहेका छन् ।

### ३.४.३.१२ पण्डित अञ्जु दाहाल र उनको सम्झनाका डोबहरू कविता सङ्ग्रह(२०७०)

पण्डित अञ्जु दाहालको जन्म माता सीतादेवी उपाध्याय दाहाल र पिता ईश्वरीप्रसाद उपाध्याय दाहालकी पुत्रीका रूपमा भएको हो । श्री श्रमिक मा.वि. हेटौँडा-४ मा कार्यरत उनी लक्ष्मी नारायण मन्दिर हेटौँडा-५, मातृभूमि साहित्य समाजजस्ता संस्थामा आबद्ध रहेकी छन् । यिनले लक्ष्मी नारायण मन्दिर, हेटौँडा-५, २०५८, श्रमिक मा.वि. हेटौँडा-४, २०६२, श्रमिक मा.वि.भू.पू. विद्यार्थी समाज २०६९, जस्ता सम्मान र प्रशंसा प्राप्त गरेकी छन् । यस कवितासङ्ग्रहको भूमिका खण्डमा पुष्प अधिकारी 'अञ्जलि'को *अञ्जु दाहालका कविताहरूले अनुभूतिका आकाश टेकेका छन्* , गोविन्दराज विनोदीको *हार्दिक शुभकामना,* तुल्सी थापाको *हार्दिक शुभकामना,* राजबाबु पहाडीको *प्रकाशकीय* ,पण्डित अञ्जु  दाहालको *आत्माभिव्यक्ति* रहेका छन् । *सम्झना, पितृवियोग, आमा, आमाको आशीर्वाद, पति बिछोड, कैलाश, मन, अन्याय, चिसापानी, विद्यालय, छोराचेला, किसानको समस्या, नारीको बह, युवा, नेतृ, पार्टी, पीडित पति, दिलशोभा, बलत्कार , बालक, नेता, अमूल्य, मेनोपोज,  सगरमाथा, निरीक्षक, प्रेरणा, जनता र विकास गाउँका बुहारी, तिज, नुवाकोट, देशको सान, पत्राकार, नाजुक, चोर, मझुवा, त्रिभुवन, त्रिशुली, अतीत, कालो तुलसी महिमा, त्रिशुलीदेखि लम्जुङसम्म गाउँसहरको मेला, आमा हौँ हामी, चैनपुर, याद, वैश रक्षा , प्राकृतिक प्रकोप, सत र कार्य, फरक किन ?, चेलीको समस्या , लिची र आँप, दार्जिलिङ पुग्दा, जाडो, सुझाव, नावालकलाई सास्ती, भैरुम प्राथमिक विद्यालय* जस्ता शीर्षकमा ५५ कविताहरू यसमा रहेका पाइन्छन् । हयग्रीव आचार्यको भाषा सम्पादन र प्रयास हेटौँडाद्वारा मुद्रण गरिएको यस कविता सङ्ग्रहको व्यक्तिगत मूल्य रू. १००/- र संस्थागत रू.२००/- तोकिएको पाइन्छ । यस कविता सङ्ग्रहमा जम्मा ६२ पृष्ठमा रहेको छ ।

मातृभमि साहित्य समाजले प्रकाशन गरेका कृतिहरूमध्ये नाट्य विधाका एउटा मात्र महत्त्वपूर्ण कृति प्रकाशन गरेकोले यसको विस्तृत रूपमा अध्ययन गरिएको छ ।

## ३.५ आकांक्षाको चिता नाटकको विश्लेषणात्मक अध्ययन

### ३.५.१ विषय प्रवेश

नेपाली साहित्यको नाटक एवम् कविता विधामा कलम चलाएका साहित्यकार माधव पोखेलको जन्म वि.सं. २०२१ जेठ १० गते तनमुना-६,सुनसरीमा माता नर्बदादेवी पोखेल र पिता

तेज बहादुर पोखेलको पुत्रका रूपमा भएको हो । सानैदेखि अभिनयमा सोख राख्ने माधव पोखेल तिन-चार कक्षा पढ्दा पहिलो पटक नाटक खेलेका थिए । उनले त्यसमा धेरै प्रशंसा पनि प्राप्त गरेको पाइन्छ । उनी पढाइको सिलसिलामा विराटनगर पुगेका थिए, जहाँ **यात्री समूह** नाट्य समूहको स्थापना गरी त्यसको संस्थापक सचिवको रूपमा कार्यभार वहन गरेका थिए । साहित्यका अन्य विधामा कलम चलाए पनि उनलाई साहित्यको बाटोमा डोऱ्याउने श्रेय भने नाटकले नै दिएको पाइन्छ । पेसाले युनिलिभर लिमिटेड नेपालसँग आबद्ध माधव पोखेल वि.सं.२०५३ मा हेटौँडा आएपछि पूर्ण रूपमा आफ्नो पेसाप्रति समर्पित भएका थिए । करिब १० वर्षसम्म उनी साहित्यक गतिविधिबाट टाढा रहेपनि भित्र-भित्रै उनलाई साहित्यप्रतिको मोहले कुत्कुत्याउन भने छोडेन । त्यसैले वि.सं २०६३ सालमा युनिलिभर लिमिटेडको अफिसबाट नै **'स्पन्दन'** नामक त्रैमासिक पत्रिका प्रकाशन गरी पुनः लेखन कार्यलाई निरन्तरता दिन थालेका हुन् । केही समयपछि उनी मातृभूमि साहित्य समाजमा आबद्ध रहेर आफ्नो साहित्यप्रतिको लगावलाई पूर्णता प्रदान गरेको पाइन्छ ।

नाटक र कवितालाई मुख्य विधा बनाएका माधव पोखेलले समाजमा घट्ने गरेका समसामयिक विषयवस्तुलाई आफ्ना रचनामा प्रस्तुत गरेका छन् । विभिन्न पत्र पत्रिकाहरूमा आफ्ना नाटक एवम् कविताहरु प्रकाशन गरेका माधव पोखेलका मातृभूमि साहित्य समाज मकवानपुरको प्रकाशनमा **आकांक्षाको चिता**, (नाटक) २०६९ र **रित्तिएको गाउँ**, (कविता सङ्ग्रह)२०७० रहेका छन् ।

माधव पोखेल 'यात्री समूह' विराटनगरका संस्थापक सचिव,मातृभूमि साहित्य समाज मकवानपुरका साथै विविध सङ्घसंस्थाहरूमा आबद्ध रहेर आफ्नो जिम्मेवारीलाई पूरा गर्दै आएका छन् । उनको निर्देशनमा **प्रेमको आँधी,बाँच्न चाहनेहरू,भावीको लेखा, म पनि देउता मान्छु** तथा सडक नाटकहरू १०० भन्दा बढी ठाउँमा प्रदर्शन भइसकेका छन् । यसबाट के स्पष्ट हुन्छ भने उनी एक सफल नाटककार र सफल अभिनयकर्ता एवम् निर्देशक पनि हुन् ।[1]

---

१.सदानन्द अभागी :***'आकांक्षाको चिता' नाटकको सङ्क्षिप्त अवलोकन,*** **अभिव्यक्ति** (पूर्णाङ्क १६६,पृष्ठ-६५)

साहित्यको क्षेत्रमा योगदान दिएका माधव पोखेलले नाटक विधामा समाजको यथार्थ पक्षलाई उजागर गरेका छन् । **आकांक्षाको चिता** नाटकमा पनि समाजको यर्थाथलाई उजागर गरिएको छ । यसमा सम्पत्तिका लागि भएको पारिवारिक द्वन्द्व,त्यसले निम्त्याएको विनाशको दुःखान्तलाई देखाइएको छ । त्यसैले शोधलेखमा मातृभूमि साहित्य समाजका उपाध्यक्ष माधव पोखेलद्वारा लेखिएको र मातृभूमि साहित्य समाज मकवानपुरद्वारा प्रकाशन गरिएको नाटक **'आकांक्षाको चिता'** को विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ३.५.२ 'आकांक्षाको चिता' नाटकको विश्लेषण

माधव पोखेल (वि.सं.२०२१) एक स्वावलम्बी प्रगतिवादी सामाजिक चेतनाले युक्त व्यक्तित्व हुन् । नेपाली साहित्यमा नाटक एवम् कविता विधामा कलम चलाएर साहित्य क्षेत्रलाई उर्वर बनाउन सहयोग पुऱ्याउने माधव पोखेलको महत्त्वपूर्ण नाटकको रूपमा **आकांक्षाको चिता** नाटक रहेको छ । यसले जीवनका विविधतालाई नाटकमा उन्ने काम गरेको छ । पीडा र संवेदनाको प्रतिचित्र यसमा पाइन्छ ।[२] यो एउटा सामाजिक नाटक हो । यसमा धनीवर्ग, मध्यमवर्ग र गरिब वर्गलाई समायोजन गरिएको छ । धनीवर्गले मध्यम र गरिबवर्गलाई कसरी थिचोमिचो गर्दछन् त्यो यसमा प्रस्ट्याइएको छ ।[३] गलत सङ्गतमा डुबेका युवाहरूको कुलतले निम्त्याउने पारिवारिक असहजता र समाजमा रहेका व्यक्तिहरूको छोरा-छोरीप्रतिको माया ममताले छोरा-छोरीमा बढ्दो कुलत तथा गलत प्रवृत्तिको प्रश्रय आदिलाई यस नाटकलाई यसप्रकार कथावस्तु, चरित्रचित्रण, देशकाल, वातावरण, भाषाशैली, संवाद, द्वन्द्व, अङ्क-दृश्य, उद्देश्य, शीर्षकको सार्थकताका आधारमा यसरी विश्लेषण गरिएको छ :

#### ३.५२.१ कथावस्तु

नाटकको प्रधान र अनिवार्य तत्त्व कथावस्तु नाट्य लेखनको आधार हो । कालक्रमानुसार व्यवस्थित घटनाहरूको वर्णन कथावस्तु हो ।[४] कथावस्तुको अभावमा नाटकको कल्पनासम्म गर्न

---

२.विवश पोखरेल : ***पीडा र संवेदनाको प्रतिचित्र : आकांक्षाको चितामा*, आकांक्षाको चिता** २०६९, (मकवानपुर : मातृभूमि साहित्य समाज) पृष्ठ-भूमिका खण्ड ।

३. ऐजन ।

४. रामचन्द्र पोखरेल : **नेपाली नाटक सिद्धान्त र समीक्षा** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार,२०६२) पृष्ठ २० ।

सकिँदैन । कथावस्तु नाटकको मूल आधार हो किनकि यसैका आधारमा पात्र, संवाद, देश काल वातावरण, भाषाशैली, उद्देश्य अनि रङ्गमञ्चको विकास भएको हुन्छ । भरतले इतिवृत्ति वा कथावस्तुलाई नाटकको शरीर भनेको उल्लेख उपाध्यायले गरेका छन् ।[५] यसले घटनालाई एक आपसमा सम्बन्धित बनाएर सुगठित गर्ने काम गर्दछ ।

**आकांक्षाको चिता** नाटकमा कथावस्तु छोरी शिल्पा र आमा शकुन्तलाको वार्तालापबाट आरम्भ भएर नरेन्द्र र भाउजू (नरेन्द्रकी दिदी) दुबैजनालाई हत्याको आरोपमा पुलिसले लगेपछि अन्त्य भएको छ । यस नाटकमा सुवर्णनाथ एक जमिनदार रहेका छन् । उनको मृत्यु भईसके पनि शकुन्तलाको संस्मरणमा उनी आएका छन् । सुवर्णनाथ र शकुन्तलाका दुई छोराहरू र एक छोरी रहेका छन् । छोराहरू सुरेन्द्र र विक्रम रहेका छन् भने छोरी शिल्पा रहेकी छन् । छोरा र छोरीमा भेदभाव नराख्ने परिवारमा आमा शकुन्तलाले छोरीलाई पनि स्वतन्त्रता प्रदान गरेको पाइन्छ । आमाले छोरीलाई बिहानै घरबाहिर हिँड्न लाग्दा ठूली भइसक्यौ, अब यसरी हिड्दा चिन्ता लाग्छ,अनि बिहे गरी दिन पाए ढुक्कले सास जाने कुरा गर्दा छारीले भनेकी हुन्छे :

***शिल्पा : (बिचैमा)ए ज्वाइँ चाहियो ? तपाईं भन्नुस् न मात्रै,म एकसेएक केटाको लाइन लगाइदिन्छु ।***

***शिल्पा : त्यसो भए म जाऊँ ?***

**पृष्ठ-१**

शिल्पा र उसको दाजुहरु सुरेन्द्र र बिक्रम राम्रो लालन-पालनमा हुर्केका व्यक्तिहरु रहेका छन् । सुवर्णनाथले आफू मर्नुभन्दा पहिले नै दुबै छोरा र छोरीलाई बराबर अंश भाग लगाइ दिएका हुन्छन् किनकि उनले छोरा र छोरी जन्मँदा उनी धेरै खुसी भएका हुन्छन् ।

***सुवर्णनाथ : अरे सिस्टर, ती सब मूर्ख हुन् , जसले छोरा र छोरीमा भेदभाव गर्दछन् । आखिर त्यो छोरालाई जन्म दिएर संसार देखाउने आमा पनि त एक दिन कसैकी छोरी नै थिइन् । छोरी भनेको सृजनकी जननी हुन् । छोरी विना यो***

---

५. केशवप्रसाद उपाध्याय : **नाटक र रङ्गमञ्च** (काठमाडौं : रुमु प्रकाशन, २०५२) पृष्ठ ४८ ।

***संसारको सृष्टि सम्भव छैन । छोरीलाई माया गर्नु भनेको सम्पूर्ण नारी जातिलाई सम्मान गर्नु हो । म त भन्छु , जसले नारीको सम्मान गर्न जान्दैन त्यो मानिस र पशुमा कुनै भिन्नता छैन ।***

**पृष्ठ-३**

सुवर्णनाथ र शकुन्तलाको धारणा छोरीलाई अंश दिनुमा सकारात्मक भए पनि छोराहरू सुरेन्द्र र विक्रमलाई यो कुरा मन परेको हुँदैन । उनीहरू जसरी पनि त्यो अंश आफ्नो भोगमा ल्याउन चाहेका हुन्छन् तर शिल्पाको चाहना भने दाजुहरूलाई त्यो अंश फिर्ता दिने रहेको हुदैन । सुरेन्द्रकी श्रीमती (भाउजू) र सुरेन्द्रको सालो नरेन्द्रले शिल्पालाई दिएको अंश हात पार्नका लागि अनेक ताना-बाना बुनेर सताउने गरेका हुन्छन् । आमाको मृत्यु भएकोले गर्दा ऊ एक्लै परेकी हुन्छे । नरेन्द्र जो आफू रक्सीको कुलतमा लागेको हुन्छ । उसले सञ्जय जस्तो असल व्यक्तिलाई पनि रक्सी खानका लागि कर गर्दछ । जस्तै -

***सञ्जय : तिमीहरु जे खानु छ खाओ तर म चाँही कोल्ड ड्रिङ्क्स खान्छु ।***

***नरेन्द्र : (जिस्क्याउँदै) के नचाहिँदो कुरा गरेको ? यो एक्काइसौं शताब्दी हो मित्र, आजभोलि त तिर्खा मेट्न केटीहरू पनि कोल्ड ड्रिङ्क्स नखाएर बियर खान्छन् बियर, भने हामी त केटा हौं ।***

**पृष्ठ-५**

विक्रम र सुरेन्द्र मिलेर शिल्पालाई कलेज जानबाट रोक्न घरमा अनेक किसिमका आरोपहरू लगाउनुका साथै खाली कागजमा सही गर्न धम्की दिएका हुन्छन् । यस्तो अवस्थामा पनि शिल्पा आफूले क्याम्पसको पढाइ सकेपछि मात्र सही गर्ने भनी आफ्नो पढाइलाई निरन्तरता दिन चाहेकी हुन्छे ।

रामबहादुर सुरेन्द्रको खेतिपाती(फर्म) हेर्ने व्यक्ति हो । उसकी एउटी छोरी जानकी ऊसँगै बसेकी हुन्छे । नरेन्द्र फर्म हेर्नका लागि गाउँमा गएको हुन्छ । बिहान जानकीले नरेन्द्रका लागि दुध लिएर गएकी हुन्छे । नरेन्द्रले जानकीलाई झुक्याएर नसालु पदार्थ खुवाउँछ र लठ्याएर उसको

इज्जत लुटेको हुन्छ , जसको कारणले गर्दा जानकी आत्महत्या गर्न विवश भएकी हुन्छे । छोरीको मृत्युपछि रामबहादुर पागल हुन पुगेको हुन्छ ।

शिल्पा र सुष्मा मिल्ने साथी रहेका छन् । उनीहरू एक-अर्काको घरमा समेत आउने-जाने गरेका हुन्छन् । एकदिन सुष्माको घर जाने क्रममा सुष्माको दाजु सञ्जयसँग शिल्पाको भेट भएको हुन्छ । उनीहरु छोटो चिनजान मायामा परिणत भएको हुन्छ । शिल्पा आफूलाई परेको हरेक समस्याहरू सञ्जयलाई सुनाउने गरेकी हुन्छे । सञ्जयपनि त्यसको हल झिक्ने कोसिस गर्दछ । सञ्जयले शिल्पालाई खाली पानामा सही नगर्ने सल्लाह दिएको हुन्छ र शिल्पाले पनि त्यसै गरेकी हुन्छे । नरेन्द्रले सुष्मालाई आफ्नो प्रेमजालमा पारेको हुन्छ । उसलाई नारीको अस्मितासँग कुनै ठूलो कुरा लाग्दैन तर सुष्मा भने नरेन्द्रलाई साँचो हृदयले प्रेम गरेकी हुन्छे र ऊसँगै विवाह गर्न चाहेकी हुन्छे । ऊ आफ्नो गर्भमा रहेको बच्चाको बारेमा नरेन्द्रसँग भेटेर कुरा गर्छे तर नरेन्द्रलाई यो सामान्य लागेको हुन्छ । ऊ बिहे गर्ने पक्षमा रहेको हुँदैन । जस्तै -

***सुष्मा : (रुन्चे स्वरमा कराउँदै) किन ? किन बिहे गर्दैनौ ? बिहे नगर्ने भए मसँग प्रेमको नाटक किन रच्यौ ?***

***नरेन्द्र : (मुस्कुराउँदै) तिमीहरुजस्तो सुन्दर नारीसँग रमाउनु मेरो सौख हो । किनकि म सुन्दरताको पुजारी हुँ । कुनै पनि राम्रो वस्तुले मलाई तुरुन्तै आकर्षित गरिहाल्छ । सायद यो मेरो कमजोरी पनि हुन सक्छ ।***

**पृष्ठ -३४**

नरेन्द्रको कारणले गर्दा सुष्माले पासो लगाएर आत्महत्या गरेकी हुन्छे । रामबहादुर जस्तो काम गरेर खाने व्यक्ति छोरीले भोगेको भोगाइ र छोरीको आत्महत्याको कारणले मानसिक अवस्था गुमाउन पुगेको हुन्छ । नरेन्द्रले गरेको वास्तविक घटनालाई सबैको सामु भन्दै हिँड्ने गरेको हुन्छ । सुष्माको चिता जलाउँदा ऊ यसरी आक्रोशित बन्न पुगेको हुन्छ । जस्तै :-

***पागल : जल्यो, आज फेरी एउटा चिता जल्यो । फक्रन खोज्ने कोपिला आज फेरी फुल्नै नपाई खरानी बन्यो । मलाई थाहा छ यो पनि त्यसकै काम हो । त्यो मान्छे होइन दानव हो दानव । त्यो जिउँदो मान्छे खाने राक्षस हो । जसले आफ्नो वासना पूर्ति गरेर अबला नारीहरूलाई मृत्युमा होमिन बाध्य गराउँछ ।***

**पृष्ठ -३९**

नरेन्द्र र उसकी दिदी अर्थात सुरेन्द्रकी श्रीमती मिलेर नरेन्द्रसँग शिल्पाको विवाह गर्ने योजना बनाएका हुन्छन् , जसले गर्दा शिल्पाको अंश पनि खान पाइयोस् । शिल्पा र सञ्जयको सम्बन्ध शिल्पाको घरमा थाहा पाएर सञ्जयको हत्यारा उसकै दाजुहरू हो भनेकी हुन्छे । यही कारणले गर्दा शिल्पाका दाजुहरू,भाउजू र नरेन्द्र समेत मिली पागलको संज्ञा दिएका हुन्छन् । शिल्पालाई पागल भनी मानसिक अस्पतालमा भर्ना गरिदिन्छन् । शिल्पाले म पागल होइन भनी कराएको सुनेर सुरज ऊ नजिकै गएको हुन्छ । सुरज धनी व्यापारी हुन् । शिल्पासँग कुराकानी गरेका हुन्छन् अनि उसलाई केही समयको लागि भनेर डक्टरसँग सल्लाह गरी घरमा लिएर गएका हुन्छन् । सुरजकी पहिली श्रीमती सुरजले आवश्यक समय दिन नसकेको कारणले गर्दा ऊ घरमा भन्दा बाहिर नै रमाउन थालेकी हुन्छे र राति ढिलो घर आउने गरेकी हुन्छे । जस्तै -

***रमा : ओ, सुरज ! तिमी कतिखेर आयौ ? मलाई देखेर आश्चर्य लाग्यो होला हो ? तर एउटा कुरा सुन, यसको जिम्मेवार तिमी हौ, तिमी । (सुरजले एक थप्पड हिर्काउँछ) तिमी के सोँच्छौ,तिम्रो यो थप्पडले डराउँछु ? नो, नेभर । मैले धेरै सहेँ सुरज, कुनै पनि चिजको सीमा हुन्छ । जब त्यो सीमा नाघ्छ त्यसपछि जे पनि हुन सक्छ । आज त्यही भएको छ । कुनै पनि जवान नारीको लागि उसको रुप र यौवन सबैभन्दा प्यारो हुन्छ तर तिमीलाई आफ्नो व्यापारदेखि फुर्सद छैन । तिम्रो लागि तिम्रो सम्पत्ति नै सबैभन्दा ठूलो चिज हो । घरमा श्रीमतीलाई दिनुपर्ने समय पनि तिमीसँग छैन । कति दिनसम्म सहेर बस्ने ? श्रीमती कुनै माटो र प्लाष्टिकको खेलौना होइन, चाहेको बेलामा प्रयोग गर्ने । हाम्रो पनि आफ्नो अस्तित्व छ ।***

**पृष्ठ - ५१**

सुरजकी श्रीमती सुरजले आवश्यक समय दिन नसकेको कारण देखाउँदै घर छोडेर गइसकेकी हुन्छे । शिल्पाले सुरजकी आमाबाट यो कुरा थाहा पाएपछि सुरजप्रति उसको सोँचाइ सकारात्मक हुन थालेको हुन्छ । आमाको आग्रहमा सुरज शिल्पाको विवाह हुन्छ । विवाह पछि शिल्पाको जिद्दीको कारण सुरज शिल्पालाई माइत पुऱ्याइ दिएको हुन्छ । दाजुहरू सुरेन्द्र, विक्रम, भाउजू र नरेन्द्र मिलेर शिल्पाको नामको अंश आफ्नो बनाइसकेका हुन्छन् । त्यसको विरोध गर्दै शिल्पाले बरु मानसिक अस्पताल वा अनाथालयको नाममा गरिदिन्छु तर दाजुहरूलाई अंश दिन्न

भन्ने कुरा बताएकी हुन्छे । यस कुरामा दाजुहरू  रिसाएर गर्भधारण गरेकी शिल्पाको हत्या गर्दछन् र आत्महत्या गरेको बताउँछन् । प्रहरीले छानविन गर्दा हत्या भन्ने ठहर गरेको हुन्छ र सुरेन्द्रलाई केरकार गर्दा विक्रमले मारेको बताएपछि आवश्यक पर्दा हाजिर हुने गरी ऊ छोडिन्छ । सुरेन्द्रले घरमा गएर सबै कुरा बताएको  हुन्छ । विक्रमलाई हत्याको आरोप लगाएकोमा दाजु-भाईको झगडा परेको हुन्छ । रिसको झोँकमा विक्रमद्वारा दाजु सुरेन्द्रलाई गोली हानिन्छ । यता नरेन्द्रद्वारा विक्रमलाई गोली हानिन्छ र त्यहीँ दुबै दाजु-भाइ विक्रम र सुरेन्द्रको मृत्यु हुन्छ । यसैबेला पुलिस पनि आएको हुन्छ । पुलिसले आफ्नै अगाडिको त्यो घटनापछि नरेन्द्र र भाउजू (नरेन्द्रकी दिदी ) दुबैलाई समातेर लिएर जान्छ । अदालतबाट नरेन्द्रलाई शिल्या, सञ्जय र विक्रम समेतको हत्याको आरोपमा र उसकी दिदीलाई शिल्पा र विक्रमको हत्याको मतियारको आरोपमा आजन्म कारावासको सजाय सुनाइन्छ ।

यसरी यस नाटकको कथावस्तु दुःखान्तमा अन्त्य भएको छ । नरेन्द्रको र उसकी दिदीको अन्त्य कारावासको सजाय भएर भएको छ भने अन्य पात्रहरु सुरेन्द्र र विक्रमको अन्त्य उनीहरूकै कारण भएको पाइन्छ । दोषीले सजाय पाएको छ ।

### ३.५.२.२  चरित्र चित्रण

पात्र वा चरित्रबिना नाटकको परिकल्पना असम्भव छ । नाटकमा वस्तुको विश्लेषण विषयको प्रतिपादन र पात्रको चरित्र  चित्रणको मूल आधार नै पात्र हो ।[६] चरित्र वा पात्र नाटकीय कार्यकर्ता हुन् । नाटकीय कार्य व्यापार, द्वन्द्व, भाव र विचार यिनैका माध्यमद्वारा प्रस्तुत गरिन्छ ।[७] नाटकको पूर्ण सफलता पात्रको सजीवता र वास्तविकतामा निर्भर गर्दछ । नाटकका पात्रहरू जीवन्त, वास्तविक र स्वभाविक हुनुपर्दछ ।

नाटकीय कार्यव्यापार र कुतुहलता सृष्टि गर्नका लागि यस नाटकमा सुवर्णनाथ, शकुन्तला, सुरेन्द्र, विक्रम, शिल्पा, शिल्पाकी भाउजू ,नरेन्द्र, मोटु ,कृष्णनाथ, सुभद्रा, सञ्जय, सुष्मा, रामबहादुर, जानकी, सुरज, रमा, आमा, डाक्टर, पुलिस इन्सपेक्टर आदि जस्ता सामाजिक रहनसहनका पात्रहरूको चयन गरिएको छ ।

६. हिमांशु थापा : **साहित्य परिचय**(ललितपुर : साझा प्रकाशन,२०५०) पृष्ठ ८२ ।
७. केशवप्रसाद उपाध्याय : **साहित्य प्रकाश** (ललितपुर : साझा प्रकाशन, २०५९) पृष्ठ ७६ ।

यीमध्ये सुरेन्द्र, विक्रम, शिल्पा, शिल्पाकी भाउजू, नरेन्द्र, सञ्जय, सुष्मा, सुरजको भूमिका उल्लेखनीय रहेको छ । यिनै प्रमुख पात्रको चरित्र चित्रण तल गरिन्छ :

### ३.५.२.२.१ सुरेन्द्र

सुरेन्द्र यस नाटकको पुरुष पात्र हो । सुवर्णनाथ र शकुन्तलाको जेठो छोरा, विक्रम र शिल्पाको दाजु, शिल्पाकी भाउजूको श्रीमान् एवम् नरेन्द्रको भिनाजु हो । सम्पत्तिका लागि आफ्नो नाता, सम्बन्ध समेत बिर्सेर अंशको पछि लाग्ने एक नकारात्मक चरित्र, खल पात्रको रूपमा रहेको छ । सुरेन्द्र आफ्नो कुनै पनि विचार नभएको हुनाले आफ्नी श्रीमतीकै लहै-लहैमा लाग्ने गर्दछ । कुनै-कुनै ठाउँमा साँचो झुटो के हो भन्ने पत्ता लगाएर त्यस्तो व्यवहार देखाए पनि ऊ पूर्ण रुपमा शिल्पाबाट अंश फिर्ता गर्नका लागि जे गर्न पनि पछि नपरेको पाइन्छ । आफ्नी बहिनी शिल्पाको हत्यामा सुरेन्द्रको पूर्णतया मिलेमतो रहेको छ । लासको पोष्टमार्टम नगर्नदेखि लिएर घुस खुवाउन समेत सुरेन्द्र पछि नपरेको पाइन्छ । केही संवादहरू यसप्रकार छन् :

***सुरेन्द्र : इन्सपेक्टर साहेव मेरो एउटा सानो अनुरोध छ ।***

***इन्सपेक्टर : कस्तो अनुरोध ?***

***सुरेन्द्र : कृपया पोष्टमार्टम गर्न नभनिदिनु होला ।***

***इन्सपेक्टर : यो कसरी हुन सक्छ ?***

***सुरेन्द्र : सरले चाहनुभयो भने सम्भव नहुने कुरा के छ र ? (पैसाको एउटा बिटो देखाउँदै) बरु मेरो तर्फबाट एउटा सानो उपहार ।***

**पृष्ठ-६६**

सुरेन्द्र आफ्नो बदनामीको कारण देखाउँदै आफूले गरेको कुकृत्यबाट आफू बच्न चाहेको हुन्छ । शिल्पाको हत्या पछि आत्महत्या भनी खबर गरेतापनि ऊ सकेसम्म कुरा लुकाउन खोजेको हुन्छ । आफू पानी माथिको ओबानो बनी सम्पूर्ण हत्याको दोषी आफ्नो भाई विक्रमलाई बनाएको हुन्छ ।

वास्तवमा सुरेन्द्र अनुत्तरदायी, स्वार्थी, अविवेकी पुरुषको रूपमा यस नाटकमा चित्रित रहेको छ । शिल्पाको दाजु भईकन पनि त्यो जिम्मेवारी पूरा गर्न सकेको छैन । उसकी श्रीमतीले आफ्नो बहिनी शिल्पालाई गाली गर्दा केही बोलेको हुँदैन । नरेन्द्रले अनेक किसिमले शिल्पालाई मानसिक यातना दिँदा त्यसमा झनै घिउ थप्ने काम गरेको हुन्छ । त्यसैले ऊ एक खलपात्रका रूपमा चित्रित भएको छ ।

### ३.५.२.२.२ विक्रम

यस नाटकको सुवर्णनाथ र शकुन्तलाको कान्छो छोरा, सुरेन्द्रको भाइ, सुरेन्द्रकी श्रीमती अर्थात् शिल्पाकी भाउजूको देवर, शिल्पाको कान्छो दाजुको रूपमा आएको छ । ऊ नाटकको खल पात्रको चरित्रमा रहेको छ । बहिनी शिल्पालाई अनुशासनमा राख्न खोज्ने तर आफू चाँहि बरालिँदै हिँड्ने विक्रमको बानी रहेको छ । कुरै नबुझी शिल्पालाई क्याम्पस जान समेत बन्द गराउन चाहेको छ । नरेन्द्रको बहकाउमा लाग्ने विक्रम आफ्नो कुरा बहिनीले मान्नु पर्दछ भन्ने सोँचाइ राखेको छ । सञ्जयजस्तो असल व्यक्तिलाई नरेन्द्रको माध्यमबाट हत्या गर्न लगाएको हुन्छ । शिल्पालाई पागलखानामा लैजाने मुख्य हात विक्रमको रहेको छ । नरेन्द्रसँग शिल्पाको बिहे गरी अंश बाँडेर खाने विचार विक्रमको रहेको छ । शिल्पाको अंश लिनका लागि ऊ जे गर्न पनि तयार रहेको छ । विक्रमले बहिनीको हत्या पछि पनि जुनसुकै हालतमा लासको पोष्टमार्टम गर्न दिन्न भनेको छ । सञ्जयलाई र शिल्पालाई मार्नका लागि विक्रमले नरेन्द्रलाई भनेको हुन्छ । बहिनीलाई मात्र होइन, दाजुलाई समेत गोली हानी हत्या गरेको छ । त्यसैले विवेकहीन खलपात्र विक्रम रहेको पाइन्छ ।

### ३.५.२.२.३ शिल्पा

शिल्पा **आकांक्षाको चिता** नाटकको मुख्य नायिका हो । यस नाटकमा छोरी, बहिनी, नन्द, प्रेमिका, साथी, पत्नी, बुहारी विविध भूमिकामा शिल्पा देखिन्छे । आफू स्वतन्त्र रूपमा रहन चाहने शिल्पा सुर्वणनाथ र शकुन्तलाकी छोरी, सुरेन्द्र र विक्रमकी बहिनी, शिल्पाकी भाउजूकी नन्द, सञ्जयकी प्रेमिका, सुष्माकी साथी, सुरजकी पत्नी, सुरजकी आमाकी बुहारीका रूपमा चित्रित रहेकी छ । शिल्पा अलि जिद्दी स्वभावकी रहेकी छ । आफूले गर्छु भनेको कुरा नगरी नछाड्ने उसको बानी रहेको छ । संवादको एक अंश यसप्रकार रहेको छ -

*शकुन्तला : तपाइँले जस्तो कल्पना गर्नुभएको थियो, हाम्री छोरी रत्तिभर कुनै कुरामा पनि कम छैन । मैले उसलाई कहिल्यै पनि तपाँइको कमी अनुभव हुन दिएकी छैन । त्यही भएर होला अलि जिद्दी भएकी छे । कुनै कुरा गर्छु भनेपछि नगरी छाड्दिन । उसको यही बानीले गर्दा कहिलेकाहिँ साह्रै डर लागेर आउँछ ।*

**पृष्ठ-२**

आफ्नो बारेमा दाजुहरू, भाउजू विपक्षी छन् भन्ने थाहा पाएर उनीहरूको विरोधमा आवाज उठाउने साहस उसले गरेकी छ । अन्याय नसहने बानी भएकी पात्रका रूपमा शिल्पा रहेकी छ । दाजुले क्याम्पस जानु पर्दैन भन्दा कारण खोज्ने र आफ्नो गल्ती नभएकोले सरसँग सोध्न हिड्नूस् , भनेर दाजुलाई भनेकी छ । नरेन्द्रले क्याम्पसमा भएको नचाहिँदो घटना घरमा लगेर सुनाएकोले ऊ नरेन्द्रलाई कुकुरभन्दा कुकुरको बेइज्जत हुन्छ भनेकी छे । एउटा सानो संवाद यसप्रकार छ :

***शिल्पा : सुष्मा मैले सुनेकी थिएँ कुकुरले सधैँ मालिकको नुनको सोभ्फो गर्छ भनेर तर यहाँ यस्ता पनि मान्छेहरू हुँदा रहेछन्,जसलाई कुकुर भन्दा कुकुरको बेइज्जत हुन्छ ।***

**पृष्ठ - ११**

शिल्पा आफ्नो साथीलाई सहयोग गर्ने पात्रको रूपमा रहेकी छ । गीत गाउन सौखिन शिल्पा सञ्जयलाई आफ्नो पारिवारिक व्यथा बताएर आफू त्यस्तो जीवनसाथीको चाहना राखेकी छ, जसले यस्तो पारिस्थितिबाट उठ्न उसलाई साथ देओस् । अन्यायको विरोध परिवारसँग पनि गर्नुपर्छ भन्ने सोँचाइ उसमा पाउन सकिन्छ । जस्तो सुकै अवस्थामा पनि शिल्पा आफ्नो विचारलाई त्यसै मर्न दिन चाहेकी छैन । आफ्नै घर-परिवारको सिकार बन्न पुगेकी छ । सञ्जयको मृत्युको कुरा सुनेर धेरै रिसाएकी छ । उसको हत्या अरू कसैले नभई उसैका दाजुहरूले गरेको भन्छे । त्यसैले उसलाई पागलखानामा पुऱ्याइन्छ । ऊ त्यहाँबाट सुरजसँग सुरजको घर जान सफल भएकी हुन्छे । आमाको आग्रहमा सुरजसँग विवाह गरेकी हुन्छे । घरमा असल बुहारी बनेर आमालाई सहयोग गरेकी छ । आफ्नो जिद्दी गरेर ऊ माइत गएकी हुन्छे । दाजु-भाइसँग विगतकै अंश सम्बन्धी कुरामा झगडा भई ऊ गएकै राती उसको हत्या गरिन्छ । शिल्पा हत्याको सिकार बन्न पुगेकी छे । यसरी शिल्पा

**आकांक्षाको चिता** नाटकको मुख्य पात्र हो । उसले अन्यायसँग लड्ने साहस गरेकी छ तर त्यसको प्रतिफल भने मृत्युको मुखमा पुगेर प्राप्त गरेकी छ ।

### ३.५.२.२.४ शिल्पाकी भाउजू

शिल्पाकी भाउजू यस नाटककी खलपात्रकी रूपमा रहेकी छ । सुर्वणनाथ र शकुन्तलाकी बुहारी, सुरेन्द्रकी श्रीमती, विक्रम र शिल्पाकी भाउजू र नरेन्द्रकी दिदीको भूमिकामा ऊ देखिएकी छ । घरको मान-मर्यादामा नरही आफ्नै कुरा सबैले मान्नु पर्दछ भन्ने विचार उसले राखेको पाइन्छ । शिल्पाको आफ्नै भाइ नरेन्द्रसँग विवाह गराउन पाए उसको अंश आफैले खान पाउने आशामा ऊ त्यसैको पछि लागेकी छे । घरमा शिल्पाको बारेमा नचाहिँदो कुरा लगाई दाजुहरूलाई बहिनीको विरुद्धमा उचाल्ने काम उसले गरेकी छ । शिल्पालाई पागलखाना पठाउन उसले भूमिका खेलेकी छ । शिल्पाको हत्यामा समेत उसको मिलेमतो रहेको छ । यस नाटकको खल पात्रको रूपमा नाटकमा रहेकी छ । छोटो संवाद यसप्रकार रहेको छ :

***शिल्पा : म कहाँबाट आएकी त्यो तपाइँहरुको सोँचाइभन्दा बाहिरको कुरा हो । धेरै कुरा त मलाई हेरेर पनि अनुमान लगाउन सक्नुहुन्छ ।***

***भाउजू : आइहाली नि कुन चाँहिको रखेल बनेर ! यस्तालाई ठाउँको कमी हुने भए पो !***

**पृष्ठ-६१**

यसप्रकार शिल्पाकी भाउजू यस नाटकको खल पात्रकी रूपमा आएकी छ ,जसले पूर्ण रूपमा सुरेन्द्र, विक्रम र नरेन्द्रलाई नकारात्मक काम गर्न सहयोग गरेकी छ ।

### ३.५.२.२.५ नरेन्द्र

नरेन्द्र यस नाटकको प्रमुख खल पात्र हो । सुरेन्द्रको सालो, शिल्पाकी भाउजूको भाइ र सुष्माको प्रेमीका रूपमा ऊ देखिएको छ । रक्सीको लतमा लागेको ऊ आफू मात्रै पिउने होइन, सञ्जय जस्तो व्यक्तिलाई समेत पिउन कर गर्ने गरेको छ । घरमा शिल्पाको बारेमा नचाहिने कुरा गाउँमा सुरेन्द्रको खेतीपाती गर्ने व्यक्ति रामबहादुरकी छोरी जानकीलाई नसाको औषधि खुवाई उसको इज्जत लुट्दछ र जानकीलाई आत्महत्या गर्न बाध्य तुल्याएको छ । शिल्पाकी साथी एवम् सञ्जयकी बहिनी सुष्मालाई प्रेमजालमा फसाई ऊसँग शारीरिक सम्बन्ध राख्दछ जब सुष्माले आफू गर्भवती भएकोले चाँडै विवाह गरौँ भन्छे तब गर्भपतन गराउन भनेको हुन्छ । यही कारणले गर्दा

सुष्मा पनि घाँटीमा पासो लगाई आत्महत्या गर्न विवश भएकी हुन्छे । शिल्पालाई पागलखाना लैजाने, सञ्जय, शिल्पा, विक्रमलाई मार्ने खलपात्रका रूपमा नरेन्द्र यस नाटकमा रहेको छ । दिदीको घरमा बसेर दिदीकै घर भाँड्ने ऊ खराब पात्र हो । त्यतिमात्र होइन महिलालाई मात्र खेलौना ठान्ने उसको प्रवृत्ति रहेको छ । अत्यन्त स्वार्थी, व्यभिचारी पात्रका रूपमा नरेन्द्र यस नाटकमा प्रस्तुत भएको छ ।

### ३.५.२.२.६ सञ्जय

सञ्जय कृष्णनाथ एवम् सुभद्राको छोरा हो । सुष्माको दाजु एवम् शिल्पाको प्रेमीका रूपमा रहेको छ । अनुशासनमा रहनु पर्छ , अन्याय सहनु हुँदैन भन्ने विचार सञ्जयमा पाउन सकिन्छ । शिल्पालाई सुखदुःखमा साथ दिने असल मित्र हो । बहिनी सुष्मालाई सही बाटो डोऱ्याउन चाहने अभिभावक साथै शिल्पाका दाजुहरूबाट धोकामा मारिएको पात्र हो सञ्जय । उसले शिल्पालाई खाली कागजमा सही नगर्ने सल्लाह दिएको हुन्छ । सत्यको पक्ष लिने उसको बानी रहेको छ । थोरै समयमा नै को-कस्तो छ भन्ने कुरा चिन्न सक्ने क्षमता उसमा रहेको छ । महिलाको कदर गर्ने व्यवहार उसमा पाइन्छ तर शिल्पाको दाजुहरूको पासोमा नराम्रोसँग फसेको छ र उसको हत्या भएको हुन्छ । समग्रमा सञ्जय यस नाटकको असल पात्रका रुपमा रहेको पाइन्छ ।

### ३.५.२.२.७ सुष्मा

सुष्मा कृष्णनाथ र सुभद्राकी छोरी, सञ्जयकी बहिनी, शिल्पाकी साथी, नरेन्द्रकी प्रेमिका हो । शिल्पासँग सुख-दुःख साटासाट गर्ने सुष्मा दाजुलाई जिस्काउन समेत पछि परेकी छैन । निर्भिक, निडर सुष्मा नरेन्द्रको प्रेमजालमा फसेकी हुन्छे र सञ्जयद्वारा सम्झाइएका कुराहरुलाई मतलब गरेकी छैन । जब ऊ गर्भवती भएकी हुन्छे र विवाह गरौं भनेर नरेन्द्रसँग भन्छे तब नरेन्द्रले त्यो बच्चा फ्याक्न भनेको हुन्छ । ऊ त्यसबाट विचलित भएकी हुन्छे पश्चात्ताप गर्दै घाँटीमा पासो लगाएर आत्महत्या गरेकी हुन्छे । त्यसैले सुष्मा खासै सङ्घर्ष नगर्ने र सजिलै हार स्वीकार गर्ने पात्रको रूपमा नाटकमा प्रस्तुत भएकी छे ।

### ३.५.२.२.८ सुरज

सुरज यस नाटकको नायक रहेको छ । ऊ मुख्य पात्र शिल्पाको श्रीमान्का रूपमा रहेको छ । ऊ एक सफल व्यापारी हो । साँचो र झुटो छुट्याउन सक्ने क्षमता उसमा पाउन सकिन्छ । मानसिक अस्पतालबाट शिल्पालाई घरमा लिएर जानु उसको महानता रहेको छ । ऊ एक जिम्मेवार नागरिक हुँदाहुँदै पनि रमाको चाहनालाई बुझ्न नसक्ने पात्रका रूपमा रहेको छ । धेरै समय घरबाहिर बिताएर आफ्नी श्रीमती रमा कहाँ के गर्दै छे भन्ने कुरामा ऊ अनभिज्ञ रहेको छ । परिवार ऊबाट के चाहन्छ भन्ने तर्फ उसले बुझ्न सकेको छैन । सुरज आफ्नो व्यापारमा नै धेरै समय बिताउने गरेको पाईन्छ । सम्पन्नशाली एवम् समाजसेवी हुँदाहुँदै पनि श्रीमती रमाबाट एक्लिएको अवस्था छ । पुनः शिल्पाको आगमन पछि उसको जीवन केही समय सुखमय भएको हुन्छ तर श्रीमतीको माइत जाने जिद्दीलाई नकार्न सकेको हुँदैन । दुई दिनसम्म पनि आफ्नी श्रीमती शिल्पासँग सम्पर्कविहीन भई बस्दछ । उसलाई शिल्पाको माइतीको व्यवहार सबै थाहा भएर पनि जानबाट रोक्न सकेको हुँदैन ।

समग्रमा पहिली श्रीमतीले पर्याप्त समय नदिएको कारण देखाउँदै छाडेर गएको र शिल्पाको पनि हत्याको कारणले गर्दा एक्लिएको पात्र सुरज हो ।

यसका अतिरिक्त सामान्य भूमिका खेल्ने पात्रहरू सुवर्णनाथ, शकुन्तला, मोटु, कृष्णनाथ, सुभद्रा , रामबहादुर, जानकी, आमा, डाक्टर, पुलिस-इन्सपेक्टर आदि रहेका छन् ।

### ३.५.२.३ देशकाल वातावरण

साहित्य समाजको दर्पण हो । शून्यमा नाटक सिर्जना हुन सक्दैन । नाटकमा स्थान, कार्य र समयको त्रयान्विति मिलेको हुनुपर्दछ ।[८] नाटकको विषयवस्तु, पात्र र संवाद जस्ता विविध पक्षकै आधारमा देश, काल , वातावरण हुनुपर्दछ । ऐतिहासिक र पौराणिक नाटकमा तद्अनुकूल भेषभूषा, विधिव्यवहार, आचारविचार आदि प्रस्तुत गर्नु आवश्यक छ । त्यस बेलाको सामाजिक मानसिक र सांस्कृतिक मान्यता र दृष्टि अनुरुप भएन भने नाटक अविश्वसनीय मात्र हुने होइन हास्यास्पद पनि हुन जान्छ ।[९]

---

८. रामनाथ ओझा र शालिकराम अधिकारी : **नेपाली नाटक, एकाङ्की र निबन्ध** (काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि.,२०६८)पृष्ठ-१४ ।

९. हिमांशु थापा : **साहित्य परिचय,** पूर्ववत् , पृष्ठ-६ ।

त्यसैले देश काल वातावरणको पनि प्रयोग नाटकमा भएको हुनुपर्दछ ।

**आकांक्षाको चिता** नाटक वि.सं. २०५० तिर लेखेर वि.सं. २०६९ मा केही परिमार्जन गरी प्रकाशन गरिएको हो । यस नाटकले मूलभूत रूपमा सहरिया परिवेशलाई समेटेको पाइन्छ भने कतै-कतै गाउँले परिवेश पनि रहेको छ । एउटा सम्पन्न परिवारको कथावस्तुलाई चित्रण गर्नुका साथै सामाजिक परिवेशलाई समेत प्रस्तुत गरिएको छ । उक्त परिवारको माध्यमबाट नेपाली समाजको जीवनशैली, सम्पत्तिको कारणले निम्त्याएको पारिवारिक सम्बन्ध तथा समाजमा नारीको स्थितिमाथि गहन विचार प्रस्तुत गरेको छ । यो नाटक आरम्भ भएर अन्त्य हुन करिब एक-डेढ वर्षजति लागेको पाइन्छ । नाटक आरम्भ शिल्पाको घरका बैठक कोठाबाट भएको हुन्छ । नाटकमा छोरा-छोरीबिचको समानताको कुरा गरिएको छ । प्रेम प्रसङ्गको कुरा छ । समाजमा रहेका नरेन्द्रजस्ता पुरुष पात्रले महिलालाई हेर्ने दृष्टिकोण रहेको छ । सत्यको पक्ष र अन्यायको विरुद्धमा बोल्ने व्यक्तिलाई पागलको संज्ञा दिने प्रवृत्ति रहेको छ । सम्पत्तिका लागि आफ्नै परिवार पनि परिवार नभएको अवस्था छ । वर्तमान समयको मानिस-मानिसबीचको सम्पत्तिका लागि के-कस्ता कार्यहरू समेत गर्न पुग्दछन् भन्ने देखाइएको छ । रक्सीको कुलतमा फसेको समाजले निम्त्याएको अपराधको नमुना यसमा पाइन्छ । पैसाको लोभमा फसेको संस्कार यसमा रहेको छ । यस नाटकमा एक पछि अर्को घटना विविध कारणले घट्दै गएको पाइन्छ । यसरी घटना घट्नका लागि विश्वसनीय वातावरणको सृजना यस नाटकमा गरिएको पाइन्छ । यस नाटकले नेपाली समाजको यथार्थ चित्रण गरेको छ ।

### ३.५.२.४ भाषाशैली

भाषा विचार विनिमयको साधन हो भने त्यही भाषालाई कसरी प्रयोग गर्ने भन्ने तरिका शैली हो । केशवप्रसाद उपाध्यायका अनुसार यो संवाद वा नाट्योक्तिको मूल रूप हो ।[१०] कृतिमा लेखकीय भाव वा विचार अभिव्यक्त गर्ने एक मात्र महत्त्वपूर्ण एवम् सबल माध्यम भाषा हो भने भाषा प्रस्तुत गर्ने ढङ्ग, तरिका वा पद्धति शैली हो ।[११]

---

१०. केशवप्रसाद उपाध्याय : **नाटक र रङ्गमञ्च**, पूर्ववत् , पृष्ठ-५४ ।
११. रामनाथ ओझा र शालिकराम अधिकारी : **नेपाली नाटक, एकाङ्की र निबन्ध**,पूर्ववत् पृष्ठ - १७ ।

**आकांक्षाको चिता** सरल भाषामा लेखिएको गद्य नाटक हो । यसमा प्रायः कथ्य भाषामा बोलचालको भाषा शैलीको प्रयोग गरिएको छ तापनि काव्यात्मक सौन्दर्यले महनीय र चित्ताकर्षण बनेको छ । यस नाटकमा नाटककारले भाषालाई कृत्रिम बनाउन भाषालाई सजाउने, बिगार्ने र अतिकाव्यात्मक बनाउने मोह देखाएका छैनन् । उनले नाटकीय व्यापार र चरित्रलाई जीवन्त रूपमा चित्रण गर्न स्वाभाविक भाषाको चयन गरेका छन् । छोटा-छोटा वाक्य गठन र आलङ्कारिक शैलीको ढङ्गले चयन गरी भावाभिव्यक्ति **आकांक्षाको चिता** नाटकमा पात्रको मानसिक संवेगको उद्घाटन गर्न उपयुक्त उखान-टुक्काको प्रयोग गरिएको छ । पात्रको स्तर अनुसार सरल, सहज र स्वाभाविक भाषाको प्रयोगले नाटकको कार्य व्यापार जीवन्त बनेको छ । नाटक सहज रूपमा सम्प्रेषणीय छ । यो नाटकले प्रतीकात्मक रूपमा राजनैतिक, सामाजिक सन्दर्भलाई कोट्याउने काम गरेको छ ।

### ३.५.२.५ संवाद

संवाद नाटकको एक तत्त्व हो । दुर्गाप्रसाद दाहालका अनुसार नाटकमा नाटककारले प्रस्तुत गर्न खोजेको विचार वा अभिव्यक्ति प्रकट गर्ने पात्र र पात्रका बिचमा गराइएको कुराकानीलाई संवाद भनिन्छ ।[१२]

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार नाटकमा संवादले चरित्रचित्रण माथि प्रकाश पार्ने तथा कथनलाई गतिशील तुल्याउने हुँदा यो नाटकको अपरिहार्य तत्त्व हो । नाटकमा एक्लै वा मनमनै र कसैसँग गरिएको कुराकानीलाई संवाद भनिन्छ ।[१३]

माधव पोखेल समाजको यथार्थपक्षलाई बाहिर ल्याउने नाटककार हुन् । घटनालाई जीवन्त रूपमा प्रस्तुत गर्न र चरित्र चित्रणमा संवादको महनीय देन रहन्छ । प्रस्तुत नाटकमा पात्रानुकुल सहज र स्वभाविक संवादको उपयोग गरी नाटकीय कार्य व्यापारलाई सशक्तता प्रदान गर्नुका साथै सांस्कृतिक तथा सामाजिक पक्षमाथि गहन चिन्तन गरिएको छ । सञ्जयको हत्या पश्चात गरिएको एक छोटो संवाद यसप्रकार रहेको छ -

१२. दुर्गाप्रसाद दाहाल : **नेपाली कविता, नाटक र साहित्यको इतिहास** (काठमाडौं : के.पी.पुस्तक भण्डार) पृष्ठ १२५ ।

१३. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल : **नेपाली गद्य भाषा साहित्य र इतिहास** (काठमाण्डौं : नवीन प्रकाशन २०६०)पृष्ठ ३ ।

*विक्रम : शिल्पा तँ धेरै पागल नबन् ।*

*शिल्पा : (चिच्याउँदै) हो, म पागल हुन्छु । पागल भएँ म । तर मलाई थाहा छ, सञ्जय आफै मरेको होइन । उसको हत्या भएको हो , हत्या । सुन्नु भो, र त्यो हत्या अरु कसैले नगरेर तपाँइहरू सबै मिलेर गरेको हुनुपर्छ, तपाँइहरू हत्यारा हो हत्यारा ।*

**पृष्ठ-४१**

*सुरेन्द्र : यदि तैँले आजसम्म मैले भनेको मानेको भए आज तेरो यो गति हुने थिएन र पढाइ पनि तेरो पूरा हुने थियो । आज तेरो उपर जे पनि  भइरहेको छ । त्यसको जिम्मेवार तेरो यै थुतुनो हो ।*

**पृष्ठ-४१**

*सुरेन्द्र : (कराउँदै) शिल्पा ! तँ अब सीमा नाघेर बोल्न थालिस् । आफूभन्दा ठूली त्यसमा पनि भाउजूलाई तँभन्दा लाज लाग्दैन ?*

*शिल्पा : तपाँइजस्तो जोइटिङ्ग्रेले मलाई साइनो लगाउनलाई सिकाइरहन पर्दैन किनकि मैले यो घरबाट धेरै कुरा सिकिसकेकी छु ।*

**पृष्ठ-६२**

माथिका संवादका माध्यमबाट पात्रको मनस्थिति, यर्थाथता र क्रिया-प्रतिक्रियालाई सशक्त र विश्वसनीय ढङ्गले चित्रण गरिएको छ ।

### ३.५.२.६ द्वन्द्व

नाटक युगजीवनको दृश्यात्मक प्रस्तुति भएकोले यसमा युगजीवनको विरोधपूर्ण परिस्थिति, शक्ति, परम्परागत मूल्य र मान्यता द्वन्द्वकै माध्यमबाट प्रकट हुन्छन् भन्ने भण्डारी र अरुको भनाइ छ ।[१४] यसै गरी रामचन्द्र पोखरेलका अनुसार नायक, नायिका बिच विकसित द्वन्द्व नाटकको आत्मा हो । नाटकमा द्वन्द्व कतै पात्रको मनोवृत्तिमा र कतै व्यक्ति र समाजको बिचमा निर्भर रहन्छ ।[१५]

१४. पारसमणि भण्डारी र अन्य : **नेपाली नाटक, एकाङ्की र निबन्ध**(काठमाडौं : विद्यार्थी पुस्तक भण्डार २०६४) पृष्ठ २४ ।

१५. रामचन्द्र पोखेल : **नेपाली नाटक सिद्धान्त र समीक्षा** (काठमाडौं :विद्यार्थी पुस्तक भण्डार २०६२) पृष्ठ ४६ ।

**आकांक्षाको चिता** नाटकमा परम्परागत सोँचाइ र नयाँ मान्यताबिच द्वन्द्व रहेको पाइन्छ । छोराले मात्र अंश पाउनु पर्छ भन्ने सोँचाइ राखेका शिल्पाका दाजु, भाउजू एवम् छोरा-छोरी दुवै बराबर हुन् बाबुको अंशमा दुबैको अधिकार समान रहन्छ भन्ने शिल्पाको सोँचाइबिच द्वन्द्व पाइन्छ । नाटकमा द्वन्द्वको शुरुवात अंशको कारणबाट शुरू भएको हुन्छ । पुरानो पुस्ता र नयाँ पुस्ताबिचको द्वन्द्व रक्सी खाएर आएको छोरालाई बाबु कृष्णनाथले पिटेर देखाएका छन् । यस नाटकमा नाटककारले मानिसले सबैभन्दा बढी सम्पत्तिलाई महत्त्व दिएर आफ्नै परिवारको अन्त्य गर्न पनि पछि पर्दैन भन्ने कुरा देखाइएको छ ।

### ३.५.२.७ अङ्क/दृश्य

नाटकको एक भाग वा अध्यायलाई अङ्क भनिन्छ । नाटकको अङ्कभित्रको एक खण्डलाई दृश्य भनिन्छ ।  पर्दा खोल्न र बन्द गर्ने नगरी नाटकको कथावस्तुलाई रङ्गमञ्चमा मञ्चन गर्न योग्य हुनका लागि अङ्क र दृश्यमा विभाजन गर्नु पर्दछ ।[१६]

नाटकको मूलभूत पक्ष अभिनय हो । सिङ्गो कथावस्तुलाई जस्ताको तस्तै पर्दामा बन्द नगराई रङ्गमञ्चमा प्रस्तुत गर्न सकिँदैन । आवश्यक अवस्थामा कथा वस्तुलाई विश्राम गराइन्छ । जम्मा अट्ठाइस दृश्यमा **आकांक्षाको चिता** नाटक रहेको छ ।

पहिलो दृश्यमा शिल्पा र उसकी आमा शकुन्तलाको कुराकानीका लागि उनीहरुको बैठक कोठा रहेको छ । बिचमा शकुन्तलाले विगतका दिनहरु सम्भिमइएको छ ,जहाँ हस्पिटलको दृश्य रहेको छ । दोस्रो दृश्यमा एउटा होटल रहेको छ । जहाँ नरेन्द्र ,मोटु, सन्जय र अरु दुईजना केटाहरू रक्सी खाँदै संवाद गर्नछन् । तेस्रो दृश्यमा सञ्जयको घर रहेको छ । सञ्जय साथीहरूको लहै-लहैमा लागेर रक्सी खाएर आएको दृश्य यसमा रहेको छ । दृश्य चारमा सुरेन्द्रको घर छ ,जहाँ सुरेन्द्र, विक्रम, नरेन्द्र, आमा बसेर कुराकानी गरिरहेका हुन्छन् । दृश्य पाँचमा क्याम्पसको मूलगेट रहेको छ , जहाँ नरेन्द्र र उसको साथीहरू गफ गरिरहेका  हुन्छन् । दृश्य छमा सुरेन्द्रको खेती भएको ठाउँको पक्का घरको एउटा कोठा छ , जहाँ बिहानी पख रामबहादुरकी छोरी जानकीले नरेन्द्र र मोटुलाई दुध ल्याइदिन्छे । दृश्य आठमा कृष्णनाथको घर रहेको छ , जहाँ सुष्मा, शिल्पा र सञ्जय

१६. रामनाथ ओझा र शालिकराम अधिकारी : **नेपाली नाटक, एकाङ्की र निबन्ध** ( पूर्ववत्) पृष्ठ १६ ।

चिया पिउँदै गफ गर्दछन् । दृश्य नौमा शिल्पाको घरको गेट रहेको छ , जहाँ रामबहादुरले आफ्नी छोरीको अस्मिता लुटिएर आत्महत्या गरेपछि पागल बनेको छ र त्यो घरमा राक्षस बस्छ भनेको छ । दृश्य दशमा क्याम्पसको एकान्त चौर छ , जहाँ सञ्जय र शिल्पा एउटा कुनामा बसेर गफ गरिरहेका हुन्छन् । दृश्य बाह्रमा कृष्णनाथको घर रहेको छ , जहाँ सञ्जय बाहिरबाट रिसाउँदै आएको हुन्छ । दृश्य तेह्रमा शिल्पाको घर रहेको छ । शिल्पाकी भाउजूले तरकारी काटिरहेकी हुन्छिन् । दृश्य चौधमा शिल्पाको घरमा सुरेन्द्र, विक्रम बसेर रक्सी खाइरहेका हुन्छन् । दृश्य पन्ध्रमा एउटा होटल छ । सुष्मा र नरेन्द्र बसेर चिसो पिईरहेका हुन्छन् । दृश्य सोह्रमा कृष्णनाथको घर रहेको छ , जहाँ बिहानीपख सुभद्रा कृष्णनाथ बसेर चिया पिइरहेका हुन्छन् । दृश्य सत्रमा खोलाको बगर छ , जहाँ साँझपख सुष्माको लास जलिरहेको हुन्छ । सञ्जय, कृष्णनाथ र अरू थुपै मानिस निनाउरो मुख लगाएर उभिरहेका हुन्छन् । दृश्य अठारमा शिल्पाको घर छ ,जहाँ शिल्पा पागल जस्तै भएर बसेकी हुन्छे । त्यसैबेला ढोका खोलेर नरेन्द्र र उसकी दिदी अर्थात् शिल्पाकी भाउजू आउँदछन् । दृश्य उन्नाइसमा कुनै मानसिक अस्पताल हुन्छ , जहाँ करिब-करिब ४० बर्षको व्यक्ति सुरज आफ्ना साथीहरूसँग हुन्छन् । एउटा व्यक्ति कुनामा बसेर थोत्रा डब्बाहरु बटुलेर केही बनाउन खोजिरहेको हुन्छ । दृश्य बिसमा सुरजको घर रहेको छ । शिल्पा र सुरजको आमा खाना खान बसेका हुन्छन् । सुरज ब्रिफकेस लिएर माथिबाट तल अफिस जानका लागि झरेको हुन्छ । त्यहीँ डाइनिङ टेबलमा आएर बस्छ । दृश्य एक्काइसमा सुरजकै घर रहेको छ । बेलुकापख सुरज अफिसबाट आउँछ । सोफामा बसेर ब्रिफकेस छेउमा राख्दै आफ्नो टाई फुकाल्न लागेको हुन्छ । त्यसैबेला फोनको घण्टी बज्छ । दृश्य बाइसमा सुरजको घर छ । शिल्पा भान्छामा केही पकाइरहेकी हुन्छे । सुरजकी आमा भान्छामा पस्छे तर भित्र पस्नासाथ उसलाई खोकी लाग्न थाल्छ । दृश्य तेइसमा अस्पताल छ , जहाँ डाक्टर आफ्नो कोठामा बसिरहेको हुन्छ । सुरज र शिल्पा त्यहीँ आइपुग्दछन् । शिल्पा रातो सारी, सिन्दुर र पोतेमा भर्खर नयाँ बेहुलीको रूपमा हुन्छे । दृश्य चौबीसमा सुरेन्द्रको घर छ ,जहाँ बिहानीपख शिल्पा सरासर गेटबाट भित्र जान्छे । मूल ढोका भित्रबाट बन्द गरिएको हुन्छ । शिल्पाले ढोकाको घण्टी थिच्छे । भित्रबाट भाउजू निस्कन्छे । दृश्य पच्चिसमा सञ्जयको घर छ , जहाँ रातीमा कसैले ढोका ढक्ढक्याउँछ । सुभद्राले ढोका खोल्छे । कृष्णनाथ रक्सी पिएर मातेको अवस्थामा हुन्छ । ऊ लड्न खोज्छ , सुभद्राले सम्हालेर लड्नबाट बचाउँछे । दृश्य छब्बिसमा सुरेन्द्रको घर रहेको छ , जहाँ बिहानीपख आँगनमा एउटा लास सेतो

कपडाले छोपेर राखेको हुन्छ । घरका अरु सदस्यहरू सुरेन्द्र, विक्रम, सुरेन्द्रकी श्रीमती त्यहीँ हुन्छन् । त्यसैबेला नरेन्द्रले पुलिस इन्सपेक्टरलाई लिएर आउँछ । दृश्य सत्ताइसमा पुलिसचौकी छ , जहाँ बेलुकीपख इन्सपेक्टर अफिसको कुर्सीमा बसेको हुन्छ । अगाडिपट्टि कुर्सीमा सुरेन्द्र बसेको हुन्छ । दृश्य अट्ठाइसमा सुरेन्द्रको घर रहेको छ ,जहाँ विक्रम रक्सी खाएर बसेको हुन्छ । त्यसैबेला सुरेन्द्रकी श्रीमती अर्थात् विक्रमकी भाउजू आउँछिन् ।

यसप्रकार **आकांक्षाको चिता** नाटकमा सहरिया वातावरण मुख्य रहेको छ । दुइओटा दृश्यमा भने सुरेन्द्रको खेतीपाती भएको ठाउँको दृश्य अर्थात् गाउँको दृश्य रहेको छ ।

### ३.५.२.८ उद्देश्य

साहित्यको कुनै पनि विधाको उद्देश्य हुन्छ । लेखकले केही भन्न चाहन्छ । प्रत्यक्ष रूपमा जीवनदर्शनको प्रचार गर्नु कृतिको कलात्मकता नष्ट गराउनु हो । उद्देश्य परिपूर्तिका लागि लेखकले घटना, पात्र, जीवन जगत्को स्थिति, देश-काल आदिको चयन र निर्माण गर्दछ । यसर्थ कृतिको पूर्णता र कलात्मकताको संयोगबाट स्वतः उद्देश्य प्रकट हुन्छ।[१७] आनन्द र संस्कृत नाटकहरूमा रस प्रतिपादन गर्ने नै साहित्यको मूल उद्देश्य रहेको हुन्छ ।[१८]

**आकांक्षाको चिता** नाटकमा सामाजिक यथार्थलाई प्रस्तुत गर्ने उद्देश्य राखेको पाइन्छ । यस नाटकमा सामाजिक मर्यादाको उलङ्घन गर्दा र कानुन मिच्दा कस्तो अवस्था हुँदो रहेछ देखाइएको छ । खराब कामको अन्तिम नतिजा खराबै निस्कन्छ र सङ्गत गुनाको फल यस नाटकको उद्देश्य हो । गलत सङ्गतमा डुबेका युवाहरूको कुलतले निम्त्याएको पारिवारिक असहजता यसमा देखाइएको छ । सम्पत्तिभन्दा परिवारमा रहेको नाता सम्बन्ध ठूलो हो । त्यसैले परिवारमा माया, ममता, सद्भाव राख्नु पर्दछ भन्ने उद्देश्य यस नाटकमा रहेको छ ।

### ३.५.२.९ शीर्षकको सार्थकता

**आकांक्षाको चिता** नाटकले ठूला आकांक्षाहरू राखेर अगाडि बढ्दा त्यसलाई प्राप्त गर्न जस्तोसुकै काम गर्न पनि पछि नपर्ने र त्यसले आफ्ना चाहनाको अन्त्यका साथै मानिसको नै अन्त्य

---

१७. कृष्णविलास पौड्याल : **नेपाली आख्यान र नाटक** (काठमाडौं : नवीन प्रकाशन २०५९) पृष्ठ २५९ ।
१८. हिमांशु थापा : **साहित्य परिचय** (पूर्ववत्) पृष्ठ ९७ ।

हुन सक्ने अवस्था निम्त्याएको छ। **आकांक्षाको चितामा** शिल्पाले बुवाले दिएको अंश उसका दुष्ट दाजुहरूलाई नदिने बरु कुनै अनाथालय वा अस्पताललाई दिने आकांक्षा राखेकी छ । त्यस्तै दाजुहरूले बहिनीको सम्पत्ति बाँडेर खाने आकांक्षा राखेका छन् । सुष्माको आकांक्षा नरेन्द्रसँग विवाह गरेर सुखी जीवन बाँच्ने रहेको छ । सञ्जयको आकांक्षा जीवनभरी शिल्पासँग सुखदुःख साट्ने रहेको छ । सुरज आफ्नी पहिली श्रीमती रमाले छोडेर गएपछि दोस्रो श्रीमती शिल्पासँग सुखी जीवन जिउने आकांक्षा रहेको छ । सुरेन्द्र र विक्रमले बहिनीलाई मारेर उसको अंश खाई इन्सपेक्टरलाई घुस दिई चुपचाप लगाउने आकांक्षा रहेको छ तर कसैको पनि आकांक्षा पूरा हुन सकेको छैन । शिल्पाको हत्या भएकोले उसको आकांक्षाहरूको चिता भएको छ । सुष्मा नरेन्द्रले धोका दिएपछि आत्महत्या गर्छे र उसको आकांक्षाको चिता भएको छ । भाउजू एवम् नरेन्द्र जेल परेपछि शिल्पाको अंश खाई सुखी जीवन बाँच्ने उनीहरुको आकांक्षाको चिता भएको छ । सुरजको जीवनसंगिनीसँग सुखी जीवन बाँच्ने आकांक्षा शिल्पाको हत्यासँगै चिता भएको छ ।

त्यस्तै पुलिस इन्सपेक्टरले घुस लिन नमानी दोषीलाई कारबाही गर्ने वचन दिएपछि साथै उनीहरूको झगडासँगै गोली लागेर मृत्यु भएपछि विक्रम, सुरेन्द्र, शिल्पाकी भाउजू , नरेन्द्रको आकांक्षाको चिता भएको  छ । यसरी समग्रमा प्रत्येक पात्रहरुको आकांक्षा पुरा हुन नसकेकोले यो नाटकको शीर्षकले सार्थकता पाउन सकेको छ ।

### ३.५.३ उपसंहार

नेपाली साहित्यको फाँटमा नाटकबाट उदाएका माधव पोखेल सामाजिक यथार्थमा आबद्ध रहेर नाटक लेख्ने नाटककार हुन् । समाजमा लुप्त रूपमा रहेको सामाजिक कथावस्तुलाई सरल,सरस भाषाशैलीको प्रयोग गरी वास्तविकता प्रस्तुत गर्ने गर्दछन् । समाजमा घटेका घटनाहरु कुरीति अन्धविश्वासले प्रभाव पारेका हुन्छन् भन्ने कुरा पोखेलले यस नाटकबाट स्पष्ट पारेका छन् ।

विभिन्न वर्ग, अवस्था र परिस्थितिका पात्रहरूद्वारा नाटकलाई कलात्मक मूल्य दिनुका साथै पात्रका मानसिक संवेदना तथा परिणामहरूलाई केलाउन सफल भएका छन् । नेपाली साहित्यमा नाटकमा मात्र होइन कविता विधामा पनि पोखेलको उत्तिकै योगदान रहेको छ । समाजका विकृति, विसङ्गति र समय सापेक्ष समाजमा घट्ने घटनालाई मूल विषय बनाई उनले साहित्यमा कलम चलाउने गर्दछन् । समाजमा घटेका घटनाहरू समाजकै वातावरणले प्रभाव पार्दछ भन्ने उनी प्रस्ट

पार्दछन् । मानिस बाहिरबाट हेर्दा जति सरल र स्वाभाविक देखिन्छ भित्र बुझ्दै जाँदा उसको रूप फरक हुन सक्छ भन्ने कुरा शिल्पाका दाजुहरू र नरेन्द्रको व्यवहारबाट पुस्ट्याइएको छ ।

यस प्रकार समग्रमा नाटककारले सामाजिक विषयवस्तुलाई आफ्नो नाटकमा उतारेका छन् । समाजको यथार्थपक्षको ऐनाका रूपमा नाटक **आकांक्षाको चिता** रहेको छ ।

## ३.६ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा मातृभूमि साहित्य समाज, मकवानपुरले वर्तमान अवस्थासम्म सातौँ कार्यसमितिको कार्यकाल पार गरिसकेको छ । यस क्रममा मातृभूमि साहित्य समाज मकवानपुरले नियमित साहित्यिक कार्यक्रमहरू सञ्चालन, मुखपत्र प्रकाशन, पुरस्कार तथा मानसम्मानको स्थापना र वितरण , स्रष्टा सम्मान, पुस्तकहरू प्रकाशन जस्ता रचनात्मक तथा गुणात्मक कार्यहरू गरेका छन् । यसका साथै विभिन्न साहित्यिक तथा गैरसाहित्यिक संघ संस्थाहरूसँग सहकार्य गरी जिल्लाका विभिन्न ग्रामीण भूभागसम्म पुगी प्रतिभाको खोजी गर्ने कार्य त्यतिकै सराहनीय देखिन्छ । त्यस्तै  राष्ट्रिय रूपमा ख्याति कमाएका स्रष्टाहरूलाई सम्मान गरी राष्ट्रले गर्न नसकेको दायित्त्व पुरा गरेको छ । हेटौँडा आसपासका स्रष्टाहरूलाई नियमित जमघट गराई साहित्यिक यात्रामा अविच्छिन्न रूपले अगाडि बढाउन पनि मातृभूमि साहित्य समाजको त्यतिकै सफल भएको छ । विभिन्न विद्यालयहरुसँग पुगी विविध विधामा साहित्यिक प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने कार्यले एकातिर लुकेर बसेका प्रतिभाहरू खोज्ने काम भएको छ भने अर्कोतर्फ साहित्यप्रति विद्यालय उमेरदेखि नै रुचि बढ्न जाने देखिन्छ । विद्यार्थीहरूलाई शिक्षाप्रति प्रोत्साहन गर्नका लागि विभिन्न शैक्षिक पुरस्कारहरूको वितरण गरि हौसला प्रदान गरेको पाइन्छ ।

यस बिचमा मातृभूमि समाज मकवानपुरले आफ्नै निजी भवन नभएकोले विभिन्न स्थानहरूमा कार्यक्रमहरू गर्नुपर्ने बाध्यता रहेको पाइन्छ । यसरी समाजले नियमित रूपमा कार्यक्रम गर्ने , मुखपत्र प्रकाशन , पुरस्कार तथा मान सम्मानको स्थापना र वितरण, स्रष्टा सम्मान,विभिन्न साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूसँग समेत सहकार्य गर्ने जस्ता महत्त्वपूर्ण कार्यहरूको व्यवस्थित संयोजन तथा व्यवस्थापनले हेटौँडेली माटोमा बग्रेल्ती स्थानीय स्तरका तथा राष्ट्रिय स्तरका स्रष्टाहरू जन्माउन  हुर्काउन सफल भएको छ ।

# चौंथो परिच्छेद

# मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान र मूल्याङ्ककन

## ४.१ पृष्ठभूमि

नेपाली साहित्यको उत्थान र विकासमा मकवानपुर जिल्लाको साहित्यिक सर्जकहरू, साहित्यिक सङ्घसंस्थाहरूका अतिरिक्त यस जिल्लाबाट प्रकाशित साहित्यिक समाचार तथा जानकारीमूलक पत्रपत्रिकाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएको पक्ष सराहनीय देखिन्छ । यस जिल्लामा वि.सं. २००९ देखि वर्तमान समयसम्म विभिन्न सङ्घसंस्थाहरू र पुस्तकालयहरूले स्थानीय साहित्यको विकासमा उल्लेख्य रचनात्मक भूमिका खेलेको पाइन्छ । यस क्रममा अढाइ दर्जन जति साहित्यिक पत्रपत्रिकाका अलावा समाचारप्रधान पत्रिकाहरू स्मारिका तथा विभिन्न सङ्घसंस्थाहरूबाट प्रकाशित हुने मुखपत्रहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । ४० भन्दा बढी सङ्ख्यामा स्थापना भएको विभिन्न पुस्तकालय तथा साहित्यिक सङ्घसंस्थाहरूले मकवानपुर जिल्लाको साहित्यिक विकासमा कुनै न कुनै रूपमा योगदान पुऱ्याएको पाइन्छ । यस क्रममा ज्योति पुस्तकालय (२००९), हिमाली साहित्य प्रकाशन (२०२४), मकवानपुर साहित्य परिषद(२०३९), अविरल परिवार(२०४७), जुनकिरी साहित्य परिवार (२०५०), उद्‌बोधन साहित्य मञ्च(२०५०), प्रगतिशील लेखक सङ्घ (२०५०), दीपशिखा साहित्यिक परिवार(२०५३), प्रणयन परिवार(२०५५), मातृभूमि साहित्य समाज(२०५६), मृगतृष्णा डबली (२०५७), जस्ता साहित्यिक सङ्घसंस्थाहरू छिटफुट रूपमा उदाउने र अस्ताउने गर्दै रहेको अव्यस्थित शृङ्खलामा अविराम अनन्त मात्राको आरम्भ गर्दै मातृभूमि साहित्य समाज मकवानपुर स्थापना भएको देखिन्छ ।

## ४.२ योगदान

मातृभूमि साहित्य समाज मकवानपुरका समग्र गतिविधिहरुलाई हेर्दा यसले मुखपत्र प्रकाशन गरी साहित्यका विविध विधालाई समेट्ने प्रयास गरेको पाइन्छ । समाजसँग आबद्ध तथा स्थानीय एवम् राष्ट्रिय स्तरका स्रष्टाहरूका रचनाहरूलाई समेत समेटी पुस्तकीय रूप दिई प्रकाशित गर्ने

क्रममा विभिन्न १० पुस्तकाकार मुखपत्रहरू प्रकाशित भएको देखिन्छ । यी विभिन्न अङ्कहरूमध्ये वर्ष ५ अङ्क १ सम्म साहित्यका विविध विधालाई समेटेकोमा वर्ष ५, अङ्क २ मा भने साहित्यको कविता विधालाई मात्र समेटी कविता विशेषाङ्क प्रकाशित गरेको पाइन्छ । राष्ट्रिय रूपमा प्रतिष्ठित स्रष्टाहरूलाई सम्मान गर्ने परम्परा बसाली राष्ट्रले गर्न नसकेको काम गरेको छ । यस कार्यबाट स्रष्टाहरूले कम्तीमा आत्मसन्तुष्टिसम्म पाई आफ्नो कलमप्रति गर्व गर्न सक्ने अवस्था बनाइदिएको देखिन्छ । यी सम्मानहरूको स्थापनाद्वारा गाउँ-गाउँका विद्यालय विद्यलयसम्म पुगी स्रष्टा पहिचान गर्ने काम त्यतिकै महत्त्वपूर्ण योगदान मान्न सकिन्छ । शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले शैक्षिक पुरस्कारको व्यवस्था गरेको पाइन्छ । जिल्लाका दुर्गम ग्रामीण विद्यालयहरूका विद्यार्थीहरूमाझ पुगी साहित्यिक चेतनाको विकासमात्र नगरी स्वस्थ प्रतिस्पर्धा गराई साहित्यिक दिशानिर्देश गरेको पक्ष उत्तिकै अविस्मरणीय देखिन्छ । यस शृङ्खलासँग ती पुरस्कारहरू तथा सम्मानहरूको स्थापना तथा सौजन्य गरिदिने महानुभावहरू तथा सङ्घसंस्थाहरू धन्य पात्र बन्न सफल भएका छन् । यसका साथै यस समाजले पुस्तकाकार कृतिहरू १८ वटा र १ गीति एल्बम प्रकाशन गरेको पाइन्छ । प्रकाशन जसले साहित्यक गीत, गजल, कविता, निबन्ध, महाकाव्य आदि जस्ता विधालाई समेटेको छ । यस समाजले देश बाहिर रहेर नेपाली साहित्यलाई माया गर्ने स्रष्टाहरूलाई समेत सम्मान एवम् पुरस्कार प्रदान गर्दै आएको पाइन्छ ।

## ४.३ मूल्याङ्कन

वि.स. २०५६ देखि औपचारिक आरम्भ भएको यस मातृभूमि साहित्य समाज मकवानपुरको प्रारम्भिक अवस्था सुखद नदेखिएता पनि उत्तरार्ध अवस्थामा अपेक्षित वातावरण पाएको देखिन्छ । स्रष्टालाई एकत्रित पारी प्रजातन्त्रको जग सुदृढ पार्ने कामदेखि गणतन्त्रको संस्थागत विकास गर्नसम्म यस मातृभूमि साहित्य समाजले त्यतिकै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । हयग्रीव आचार्य, देवराज खरेल  जस्ता निर्भीक, उत्साही स्रष्टाहरूको संयोजनमा समाज पुष्पित र पल्लवित भएको बुझिन्छ । मातृभूमि साहित्य समाजले पुरस्कार तथा सम्मानहरू प्रदान गरी स्रष्टाहरूलाई प्रोत्साहन गर्ने र चिनाउने काम गरेको छ भने विभिन्न मुखपत्रको प्रकाशन गरी ती मुखपत्रहरूमार्फत रचना प्रेरित गरेको पाइन्छ । आफ्नो प्रकाशनमा विभिन्न विधाका पुरस्कारहरू

प्रकाशन गरी कृतिगत रचनाहरू प्रदान गर्न नै प्रेरित गरेको पाइन्छ । राष्ट्रिय रूपमा ख्याति कमाएका स्रष्टाहरूलाई आफ्ना विभिन्न कार्यक्रमहरूमा श्रद्धालाई उदाहरणीय मान्न सकिन्छ । त्यसै गरी ग्रामीण भेगका विद्यालय तहसम्म पुगी लुकेर रहेका प्रतिभाहरूको खोजी गरी पुरस्कृत गर्ने कार्य आफैमा सराहनीय रहेको छ । यस मातृभूमि साहित्य समाजले विभिन्न विधाका पुस्तकहरू प्रकाशन गरी साहित्य र साहित्यकारलाई चिनाउने काम गरेको छ । समाजले विद्यालयमा मा.वि./उच्च मा.वि. तथा क्याम्पसहरूमा कार्य गोष्ठी गर्दै आएको शैक्षिक पुरस्कारहरू दिने जस्ता कामहरू पनि गर्दै आएको पाइन्छ । यसरी मातृभूमि साहित्य समाजले मुखपत्र प्रकाशन, पुरस्कार तथा सम्मान प्रदान, पुस्तकाकार कृतिहरू प्रकाशन जस्ता कार्यहरूको भूमिकाले पनि यो अति नै उल्लेखनीय देखिन्छ । यस्ता कार्यहरु गर्नुका साथै अन्य साहित्यिक तथा गैर साहित्यक सङ्घ संस्थाहरूसँग समन्वय गरी नेपाली साहित्यको विकासार्थ खेलेको गुणात्मक तथा रचनात्मक भूमिकाको उच्च मूल्याङ्कन गर्न साकिन्छ ।

## ४.४ निष्कर्ष

यसरी स्थानीय स्रष्टाहरूलाई नियमित भेटघाट गर्न साहित्यिक वातावरण तय गर्ने कामदेखि लिएर मुखपत्र प्रकाशन, विभिन्न पुरस्कार तथा मानसम्मानको वितरण, स्रष्टा सम्मान, पुस्तकहरू प्रकाशन जस्ता महत्त्वपूर्ण कामहरूमा मातृभूमि साहित्य समाज मकवानपुर निरविच्छिन्न लागिपरेको देखिन्छ । यी विभिन्न गतिविधिहरूबाट साहित्यप्रति झुकाव राख्ने नवोदित स्रष्टाहरूलाई पनि उत्प्रेरणा प्रदान गर्ने काम गरेको छ । विभिन्न पुरकारहरूको संयोजन गरी ग्रामीण तहसम्म पुगी प्रतिभा पहिचान गरी पुरस्कृत गर्ने परिपाटी बसाली नव स्रष्टाहरूलाई अपार हौसला र आधार प्रदान गर्न मातृभूमि साहित्य समाजको अद्धितीय भूमिका रहेको देखिन्छ । यसले मुखपत्रको रुपमा वर्ष ५, अङ्क २ सम्म जम्मा १० पुस्तकीय कृति प्रकाशन गरी विभिन्न विधाका स्रष्टाहरूका रचनाहरूलाई स्थान दिएको पाइन्छ । सबै खाले स्रष्टा र रचनाहरूलाई स्थान दिई पुस्तकीय कृतिका लागि प्रोत्साहन गरेको देखिन्छ । सबै खाले स्रष्टाका रचनाहरूलाई सङ्ग्रहीत गरी प्रकाशन गर्ने परिपाटीले साहित्यकारहरूमा कृति प्रकाशनमा प्रोत्साहन तथा साहित्यलाई व्यवसायिक रूपमा बिस्तार गर्नतर्फ सङ्केत गरेको देखिन्छ । यसका साथै विभिन्न विधाका पुस्तकहरू गीति एल्बम प्रकाशन अनत्य थुप्रै साहित्यिक सङ्घसंस्थाहरू तथा गैर साहित्यिक संस्थाहरूसँग समन्वय गरी साहित्यिक समुन्नतिमा

साहित्य समाज अहोरात्र जुटेको देखिन्छ । समग्र मकवानपुरकै साहित्यको नेतृत्व गर्न सक्षम रहेको प्रतीत हुने मातृभूमि साहित्य समाज मकवानपुर साहित्यको समृद्धिमा लागि परेको अग्रणी संस्थाको रूपमा देखिन्छ ।

# पाँचौ परिच्छेद

# उपसंहार

## ५.१ परिचय

**मातृभूमि साहित्य समाजको साहत्यिक योगदान** शीर्षकको प्रस्तुत शोधकार्यको उपसंहार खण्डमा परिच्छेद - परिच्छेदको निष्कर्षलाई सङ्क्षेपमा प्रकाश पार्नु सान्दर्भिक ठानिएको छ । पहिलो परिच्छेद शोध परिचयमूलक रहेकाले यस परिच्छेदमा शोधकार्यको परिचयका सम्वन्धित स्तम्भहरू राखिएका छन् भने अन्य परिच्छेदहरूको सारांश प्रस्तुत गरिएको छ तर यसै शोधकार्यको पाँचौं परिच्छेद उपसंहार र निष्कर्ष मूलक भएकाले यसमा समग्र निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

## ५.२ दोस्रो परिच्छेदको सारांश

यस परिच्छेदमा मातृभूमि साहित्य समाजको स्थापनाकालीन मकवानपुर जिल्लाका साहित्यिक सङ्घसंस्थाहरूको चर्चा गरिएको छ । यसक्रममा यस जिल्लाबाट प्रकाशित साहित्यिक सङ्घ तथा संस्थाहरूको योगदान **प्रयाग** साप्ताहिकले पहिलोपल्ट आफ्नो पत्रिकामार्फत विभिन्न साहित्यकारहरूलाई प्रोत्साहन गरेको, **कुराकानी** साप्ताहिकले एक पृष्ठ नै साहित्यिक स्तम्भको रूपमा राखेको र **कोरस, रातो सूर्य, मधुपत्र, नमस्कार, हेटौँडा पोष्ट, बलिदान, नारायणी, हेटौँडा टुडे** आदि समाचारमूलक पत्रिकाले पनि यस जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । त्यस्तै मातृभूमि साहित्य समाज स्थापनाकालीन जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू तथा पुस्तकालयहरूले पनि जिल्लाको साहित्यिक समुन्नतिमा उत्तिकै योगदान पुऱ्याएको पाइन्छ । यस क्रममा **ज्योति पुस्तकालय, सङ्गम पुस्तकालय, पुष्पलाल स्मृति पुस्तकालय, नव कला कुञ्ज, हिमाली साहित्य प्रकाशन, मकवानपुर साहित्य परिषद, साहित्य सङ्गम मकवानपुर, विश्वेश्वर आलोक मञ्च, उद्बोधन साहित्य मञ्च, प्रगतिशील लेखक सङ्घ, शृङ्खला नाट्य समूह, झरना साहित्यिक परिवार** आदि मातृभूमि साहित्य समाजको स्थापनाकालीन मकवानपुर जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू रहेको पाइन्छ ।

## ५.३ तेस्रो परिच्छेदको सारांश

यस परिच्छेदमा मातृभूमि साहित्य समाजका गतिविधिहरूको बारेमा अध्ययन गरिएको छ । समाजका गतिविधिहरूमध्ये मुखपत्र प्रकाशन, पुरस्कार तथा मानसम्मानको स्थापना र वितरण, स्रष्टा सम्मान, पुस्तकहरू प्रकाशनजस्ता कार्यहरू मुख्य हुन् । यसका साथै विभिन्न साहित्यक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूसँग सहकार्य गरी जिल्लाका विभिन्न ग्रामीण भूभागसम्म पुगी प्रतिभाको खोजी गर्ने, विभिन्न विद्यालयहरूमा कविगोष्ठी गर्ने, विद्यार्थीहरूलाई शिक्षाप्रति प्रोत्साहन गर्नका लागि पुरस्कार वितरण गर्ने काम सराहनीयलायक रहेको पाइन्छ । गाउँगाउँ पुगी लुकेर रहेका प्रतिभाहरू खोज्ने काम तथा राष्ट्रिय ख्याति कमाएका स्रष्टाहरूलाई सम्मान गर्ने परम्परालाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

## ५.४ चौथो परिच्छेदको सारांश

यस परिच्छेदमा मातृभूमि साहित्य समाजको साहित्यिक योगदानको मूल्याङ्कन गरिएको छ । समाजका सम्पूर्ण गतिविधिहरूको विश्लेषण गरिएको छ । ती गतिविधिहरूलाई हेर्दा यसका स्रष्टा सम्मान, ग्रामीण तहसम्म पुगी प्रतिभाको खोजी, विद्यार्थीहरूलाई शिक्षाप्रति प्रोत्साहन तथा स्थानीय स्रष्टाहरूलाई प्रेरणा र साहित्यिक वातावरण दिई नियमित गर्ने साहित्यिक कार्यक्रमहरू उत्कृष्ट देखिन्छन्।। स्रष्टाहरूलाई अझै सिर्जनाकालागि प्रोत्साहन गर्न कृति प्रकाशन एक महत्त्वपूर्ण पाटोको रूपमा यस समाजको प्रमुख योगदान रहेको देखिन्छ । स्थानीय स्रष्टाहरूलाई नियमित भेटघाट गर्न साहित्यिक वातावरण तय गर्ने कामदेखि लिएर विभिन्न पुरस्कार तथा मान सम्मानको वितरण, स्रष्टा सम्मान, कृति प्रकाशन जस्ता महत्त्वपूर्ण कामहरूमा मातृभूमि साहित्य समाज निरविच्छिन्न रूपमा लागिपरेको देखिन्छ । देशभित्रका स्रष्टालाईमात्र होइन, देहबाहिर रहेर जेपाली भाषालाई माया गर्ने स्रष्टाहरूलाई सम्मान गरि सर्जकहरूप्रति राष्ट्रले गर्न नसकेको कर्तव्य पूरा गरेको छ । विभिन्न पुरस्कारहरूको संयोजन तथा गरी ग्रामीणतहसम्म पुगी प्रतिभा पहिचान गरी पुरस्कृत गर्ने परिपाटी मात्र होइन विद्यार्थीलाई शिक्षाप्रति प्रोत्साहन गर्न विभिन्न पुरस्कारहरूसमेत वितरण गरेको पाइन्छ । नव स्रष्टाहरूलाई हौसला प्रदान गर्न मातृभूमि साहित्य समाजको अद्वितीय भूमिका रहेको पाइन्छ ।

## ५.५ समग्र निष्कर्ष

मकवानपुर जिल्ला विविध किसिमको जात-जाति, भाषा-भाषि, धर्म-संस्कृतिले युक्त जिल्ला हो । यहाँ विविध साहित्यिक गतिविधिहरू सञ्चालन गर्ने साहित्यिक सङ्घसंस्थाहरू रहेको पाइन्छ । यस जिल्लाको लोक साहित्यिक इतिहास लामै र समृद्ध देखिएको भएतापनि मौलिक साहित्यिक परम्पराको शुरुवात वि.सं. २००० पछिमात्र भएको देखिन्छ । यस जिल्लाको साहित्यिक उन्नयनमा विभिन्न पुस्तकालय तथा साहित्यिक सङ्घसंस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । जिल्लाको पुरानो सदरमुकामको रूपमा रहेको भीमफेदी मकवानपुरको साहित्यको उद्गमस्थलको रूपमा रहेको पाइन्छ । यसैगरि यस जिल्लाको साहित्यिक समुन्नतिमा पत्रपत्रिका, स्मारिका आदिको पनि उत्तिकै भूमिका रहेको देखिन्छ । मकवानपुर जिल्लामा स्थापित पुस्तकालय, पत्रपत्रिका साहित्यिक सङ्घसंस्थाहरूको इतिहासमा **गथु** (२०२०) हस्तलिखित पत्रिकाबाट हालसम्म तीन दर्जनभन्दा पत्रपत्रिकाहरू तथा **ज्योति पुस्तकालय** (२००९) भीमफेदीबाट स्थापना भई आरम्भ भएको साहित्यिक सङ्घसंस्थाहरूको स्थापना हुने काम आजसम्म झण्डै चार दर्जनभन्दा बढि भएको पाइन्छ ।

भाषा, साहित्यिक, कला र संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएको मातृभूमि साहित्य समाज वि.सं. २०५६ असोजमा विधिवत रूपमा जि.प्र.का. मकवानपुरमा दर्ता भएको पाइन्छ । यसको दर्ता नं. ५६८/०५६/०५७ रहेको छ भने स.क.प. आवद्धता नं. ३१७०१ र पान नं. ३०२८९९६९८ रहेको छ । वर्तमान समयसम्म आइपुग्दा मातृभूमि साहित्य समाजले १० वटा मुखपत्र प्रकाशन, ७ वटा कार्यसमिति, १३ वटा पुरस्कार तथा सम्मानको संयोजन तथा वितरण १९ वटा कृति प्रकाशनजस्ता प्रशस्त संख्यात्मक र गुणात्मक कार्यहरू गरेको पाइन्छ । स्थापनाको १४ औँ वर्ष पार गरेको मातृभूमि साहित्य समाजको आफ्नै भवन नभएको भएतापनि विभिन्न साहित्यिक कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको पाइन्छ । यस साहित्य समाजले साहित्यको विकासका लागि साहित्यका विविध विधाका कृतिहरू प्रकाशन गरेर स्रष्टालाई प्रोत्साहन गर्ने काम यस संस्थाले गरेको छ । विभिन्न १० वटा मुखपत्रहरू प्रकाशन गरी विभिन्न स्रष्टाहरूलाई ती मुखपत्रमार्फत रचना रच्न प्रेरित तथा कृतिगत प्रकाशनार्थ उत्तिकै प्रेरित गरेको पाइन्छ । यस समाजले राष्ट्रिय रूपमा ख्याति कमाएका स्रष्टाहरूलाई आफ्ना विभिन्न कार्यक्रमहरूमा ल्याई सम्मान गरी स्रष्टाहरूप्रति अतीव श्रद्धा व्यक्त गरेका छन् । भाषा तथा साहित्यलाई राष्ट्रले सम्मान

गर्न नसकेको दुःखद अवस्थामा समाजको यस कार्यले स्रष्टाहरूलाई प्रोत्साहन प्रदान गर्ने काम निश्चित रूपमा भएको पाइन्छ । यसका अलवा ग्रामीण भेगका विद्यालयसम्म पुगेर लुकेर रहेका प्रतिभालाई खोजी गर्नुका साथै त्यस्ता प्रतिभाहरूलाई पुरस्कृत गर्ने गर्दछन् । विद्यार्थीहरूलाई शिक्षाप्रति प्रोत्साहन गर्नका लागि शैक्षिक पुरस्कारहरू प्रदान गरेको पाइन्छ । विद्यालयीय उमेरमै प्राप्त हुने चर्चित पुरस्कार तथा सम्मानबाट थुप्रै विद्यार्थीहरूमा रुचि बढ्न सक्ने सकारात्मक पक्ष रहेको पाइन्छ । यसै गरी मातृभूमि साहित्य समाजले मुखपत्र प्रकाशन, नियमित राष्ट्रिय गोष्ठीहरू सञ्चालन, स्रष्टाहरू पहिचान तथा सम्मान तथा अन्य साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूसँग समन्वय गरी नेपाली साहित्यको विकासार्थ गुणात्मक तथा रचनात्मक भूमिका खेलेको पाइन्छ । समाजले स्थानीय साहित्यकारहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न विधाका साहित्यिक कृतिहरू पनि प्रकाशन गरेको पाइन्छ र समाजले विशिष्ट आजीवन उपाशक र आजीवन उपाशकको निर्माण गरी साहित्य सिर्जनाको लागि प्रोत्साहन गरेको पाइन्छ ।

यो संस्था जिल्लाको कला, साहित्य, संस्कृतिको सेवा गर्ने उद्देश्यमा सफल भएको अन्ततोगत्वा देखिन्छ । समाजले समग्र नेपाली साहित्यको उन्नति, प्रगति र विकासमा विशिष्ट रचनात्मक योगदान गरेको देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, गिरिजा, **अक्षरका जुलुसहरू** (मकवानपुर : मातृभूमि साहित्य समाज ,२०६२ ) ।

अधिकारी, रमेशचन्द, ***शुभकामना* , श्रीमद्भागवत सारांश,** कृष्णप्रसाद अधिकारी, ( मकवानपुर : मातृभूमि साहित्य समाज २०५९) पृष्ठ-भूमिका खण्ड ।

अभागी, सदानन्द, ***'आकांक्षाको चिता' नाटकको सङ्क्षिप्त अवलोकन,* अभिव्यक्ति**, (२०५९) पूर्णाङ्क १६६, पृष्ठ ६५-६९ ।

आचार्य, हयग्रीव, ***केही भन्नै पर्ने कुरा* ,जीवन रङ्मञ्च र भोगाइ** (मकवानपुर : मातृभूमि साहित्य समाज,२०५८) पृष्ठ-भूमिका खण्ड ।

उपाध्याय, केशवप्रसाद, **नाटक र रङ्गमञ्च,** (काठमाडौं : रुमु प्रकाशन, २०५२) ।

______________ , **साहित्य प्रकाश**, (ललितपुर : साझा प्रकाशन, २०५९) ।

ओझा, रामनाथ र शालिकराम अधिकारी : **नेपाली नाटक, एकाङ्की र निबन्ध**, (काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि.,२०६८) ।

कार्की, विमला 'सुसं' , **पत्थरको मान्छे** मकवानपुर : मातृभूमि साहित्य समाज, २०६६) ।

खनाल, नारायणप्रसाद, **केही रहर केही ठहर** (नवलपरासी : त्रिवेणी साहित्य परिषद, २०४९) ।

खराल, मञ्जु 'मञ्जुश्री' , **जलन** (मकवानपुर : मातृभूमि साहित्य समाज, २०६९) ।

______________ , ***अन्तर्मनका भावनाहरू,* समर्पण** (मकवानपुर : मातृभूमि साहित्य समाज, २०७०) पृष्ठ-भूमिका खण्ड ।

खरेल, देवराज , **आत्मध्वनि** (मकवानपुर : मातृभूमि साहित्य समाज २०६५) ।

______________ : ***प्रकाशनीय,* स्मृति आलोक,** यमुनाप्रसाद गौली (मकवानपुर : मातृभूमि साहित्य समाज २०६७) पृष्ठ- भूमिका खण्ड ।

______________ ,**स्मृतिका टिपोट,** (मकवानपुरःमातृभूमि साहित्य समाज २०६८) ।

गौतम, अनल, **शुभप्रभात,** (मकवानपुर : मातृभूमि साहित्य समाज, २०६४) ।

गौली, यमुनाप्रसाद, **शब्दझर्ना** (मकवानपुर : मातृभूमि साहित्य समाज, २०६४) ।

______________ , **स्मृति आलोक** (मकवानपुर : मातृभूमि साहित्य समाज, २०६७) ।

______________ , **प्रकृतिसार** (मकवानपुर : मातृभूमि साहित्य समाज, २०६८) ।

थापा, हिमांशु , **साहित्य परिचय**, (काठमाडौं : साझा प्रकाशन, (२०५०) ।

दाहाल, अन्जु, ***आत्माभिव्यक्ति,*** **सम्झनाका डोबहरू** ( मकवानपुर : मातृभूमि साहित्य समाज, २०७०) पृष्ठ-भूमिका खण्ड ।

दाहाल, कृष्णप्रसाद, ***मातृभूमि साहित्य समाज मकवानपुर सांगठनिक प्रतिवेदन (२०६९/९/१७)*** **हाम्रो मातृभूमि** (हेटौंडा : देवराजखरेल,२०६९ कार्तिक -पुस त्रैमासिक पत्रिका) ।

दाहाल, दुर्गाप्रसाद, **नेपाली कविता, नाटक र साहित्यको इतिहास** (चौ.सं), (काठमाडौं : के.पी. पुस्तक भण्डार, २०६४) ।

दाहाल, प्रकाश, ***विभिन्न पुरस्कार तथा सम्मान प्रदान*** , **हेटौडा टुडे**(हेटौडा :२०६९ साउन ७) पृष्ठ १२ ।

__________ , ***मूर्तिकलासँगै बहुभाषिक साहित्यकला,*** **अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक** ( काठमाडौं : २०६९ मंसिर २२) पृष्ठ १२ ।

निखिल, निमेष, ***शुभकामना,*** **घाम नभएको आकाश,** विमला कार्की 'सुसं' (मकवानपुर : मातृभूमि साहित्य समाज २०६९) पृष्ठ-भूमिका खण्ड ।

पराजुली, रोशन, ***केवुलकारभित्र पहिलो पटक बाह्र मिनेटको काव्ययात्रा*** , **नेपाल समाचारपत्र,** (२०६० जेठ १७ ) पृष्ठ-६ ।

पहाडी, राजबाबु , ***प्रकाशकीय,*** **आकांक्षाको चिता,** माधव पोखेल (मकवानपुर : मातृभूमि साहित्य समाज २०६९) पृष्ठ- भूमिका खण्ड ।

पोखरेल, रामचन्द्र, **नेपाली नाटक सिद्धान्त र समीक्षा**, (काठमाडौ : विद्यार्थी पुस्तक भण्डार २०६२) ।

पोखरेल, विवश , ***पीडा र संवेदनाको प्रतिचित्र : आकांक्षाको चितामा,*** **आकांक्षाको चिता,** (मकवानपुर : मातृभूमि साहित्य समाज, (२०६९),पृष्ठ-भूमिका खण्ड ।

भण्डारी, पारसमणि : **नेपाली नाटक, एकाङ्की र निबन्ध**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६४) ।

***मातृभूमि साहित्य समाज परिचय पुस्तिका*** (२०६९), मकवानपुर : मातृभूमि साहित्य समाज (पृष्ठ-१-११) ।

राम्कुमारेलन : ***मातृभूमि साहित्य समाज र कविता यात्रा,*** **अभ्यास**, (जनमुखी मासिक, २०५९ आषाढ २६) पृष्ठ-६ ।

लामा, देवीराम : **नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकवानपुरको योगदान** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर, चितवन, २०६६) ।

विराग, भीम : ***लेखकको भनाइ*** **,मोहभङ्ग** (मकवानपुर : मातृभूमि साहित्य समाज,२०५९) पृष्ठ-भूमिका खण्ड ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य, भाषा, साहित्य र इतिहास,** (काठमाडौं : नवीन प्रकाशन, २०६०) ।

श्रेष्ठ, आशिष, ***केही कुरा*** **,मुलुकभित्र,** स्व.श्याम श्रेष्ठ (मकवानपुर : मातृभूमि साहित्य समाज २०६६) पृष्ठ-भूमिका खण्ड ।

संवाददाता : ***कार्की र ज्ञवाली पुरस्कृत,*** **कान्तिपुर राष्ट्रिय दैनिक,** (काठमाडौं : २०६९ असार २७) पृष्ठ-१० ।

संवाददाता : ***भानु जयन्तीमा विविध कार्यक्रम,*** **हेटौंडा टुडे** (हेटौडा :२०६९ असार ३०) पृष्ठ-१।

संवाददाता : ***भीम विरागलाई लाइफ एचिभमेन्ट एवार्ड,*** साझाकुरा राष्ट्रिय दैनिक (हेटौडा : २०६८ साउन २२) पृष्ठ -१ ।

समर्पण,केशव :***बहुभाषी रचनाको गुञ्जन,*** **नारायणी राष्ट्रिय दैनिक** (हेटौडा : २०६९ साउन,२३) पृष्ठ-४ ।

सापकोटा कुलप्रसाद, **नेपाली साहित्यको विकासमा मकवानपुरको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग भरतपुर, चितवन २०५८) ।

सुमार्गी, अरुणराज : **प्रकाशकीय**, **आत्मध्वनि,** देवराज खरेल (मकवानपुर : मातृभूमि साहित्य समाज, २०६५) पृष्ठ-भूमिका खण्ड ।

# परिशिष्ट खण्ड

# परिशिष्ट एक
## व्यक्ति परिचय - १

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु :

-रीता शर्मा

**क) व्यक्ति परिचय :-**

१. नामथर :- **हेमन्त ढुंगेल**

२. जन्मस्थान :- कुशेश्वर गा.वि.स.,सिन्धुली

३. जन्म मिति :- २०३०/०५/०९

४. बाबु आमाको नाम :- भुवन प्रसाद /दुर्गादेवी ढुंगेल

५. पारिवारिक संरचना :- ४ जना (पति, पत्नी र २ छोरी)

६. शिक्षा दिक्षा :- एम.वि.एस.,एल.एल.बि.,एम.ए.(समाजशास्त्र/मानवशास्त्र)

७. पेशा :- शिक्षण र उद्यम

८. साहित्यक लेखनको शुरुवात :- स्कुल जीवनदेखि

९. पहिलो प्रकाशित रचना :- २०४२ सालतिर

**ख) प्रकाशित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | गिती एल्वम | २०७० | गित |
| २. | गजल संग्रह'तृष्णा' | प्रकाशोन्मुख | गजल |
| ३. | लघुकथा संग्रह 'चिसो र चोट' | प्रकाशोन्मुख | लघुकथा |
| ४. | | | |
| ५. | | | |

**ग) सम्पादित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | तरुण आवाज मासिक | २०४६-२०५२ | पत्रिका |
| २. | 'समर्पण' गिति संग्रह | २०७० | गित |
| ३. | घाम नभएको आकाश | २०६९ | गजल संग्रह |
| ४. | नारायणी स्मारिका | २०६७ | स्मारिका |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल |
|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज | कार्य समिति सदस्य | २०६९ देखि |
| २. | नेपाल श्रष्टा समाज | आजिवन सदस्य | २०७० देखि |
| ३. | एमनेष्टी इन्टरनेशनल-६७ | कोषाध्यक्ष | २०७० देखि |
| ४. | प्रोफेशनल एजुकेशन फाउन्डेशन | सञ्चालक सचिव | २०६७ देखि |
| ५. | विभिन्न सामाजिक,धार्मिक,सहकारी संस्थाहरुमा सकृयता/आवद्धता | | |

**ङ) मान सम्मान/पुरस्कार :-**

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल |
|---|---|---|---|
| १. | विभिन्न संघ संस्था तथा निकायहरूबाट शैक्षिक, साहित्यिक तथा सामाजिक सम्मान तथा पुरस्कारहरू प्राप्त | | |

**च) लेखन प्रेरणा :-** पारिवारिक एवम् सामाजिक परिवेश

**छ) साहित्य प्रतिको दृष्टिकोण :-** वैयक्तिक र सांसारिक वस्तुस्थिति उजागर गर्ने माध्यम

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :-**साहित्य, संगित, कला र सामाजिक सेवा मार्फत राष्ट्र विकासमा टेवा पुऱ्याउने मोफसलको उत्कृष्ट संस्था

हस्ताक्षर :-
मिति :- २०७०/१०/१२
सम्पर्क फोन नं.:- ९७२५७४९१२३

**यहाँको समय र जानकारीको लागि धन्यवाद ।**

**- रीता शर्मा**

## व्यक्ति परिचय -२

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु :

-रीता शर्मा

**क) व्यक्ति परिचय :-**

१. नामथर :- **विनिता महत**

२. जन्मस्थान :- हटिया-५ त्रिशुली मकवानपुर

३. जन्म मिति :- २०४५/९/२८ गते

४. बाबु आमाको नाम :- विमल महत,विना महत

५. पारिवारिक संरचना :- संयूक्त

६. शिक्षा दिक्षा :- एम.एड. दोस्रो वर्ष

७. पेशा :- सञ्चारकर्मी (रेडियो कार्यक्रम प्रस्तोता तथा समाचार वाचिका)

८. साहित्यक लेखनको शुरुवात :- २०५८ साल

९. पहिलो प्रकाशित रचना :- कविता 'झन कति राम्रो'

**ख) प्रकाशित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १. | - | - | - | - |
| २. | - | - | - | - |
| ३. | - | - | - | - |
| ४. | - | - | - | - |
| ५. | - | - | - | - |

**ग) सम्पादित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १. | - | - | - | - |
| २. | - | - | - | - |
| ३. | - | - | - | - |
| ४. | - | - | - | - |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल | कैफियत |
|---|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज मकवानपुर | सदस्य | २०७० | |
| २. | गजल मञ्च मकवानपुर | सदस्य | २०७० | |

**ङ) मान सम्मान/पुरस्कार :-**

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल | कैफियत |
|---|---|---|---|---|
| १. | खुल्ला गजल प्रतियोगीता 'प्रथम' | नेपाल पुस्तक तथा स्टेशनरी व्यवसाय महासंघ चितवन | २०६८ | |
| २. | 'गजलश्री ' | गजलमञ्च मकवानपुर | २०६४ | |
| ३. | राष्ट्रिय स्तरीय वक्तृत्वकला 'प्रथम' | नेपाल परिवार नियोजन संघ | २०६३ | |

**च) लेखन प्रेरणा :-** पिता, शिक्षक

**छ) साहित्य प्रतिको दृष्टिकोण :-** समाजको दर्पण, अनुभवको विश्लेषण

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :-**क्रियाशिल साहित्यीक संस्था

हस्ताक्षर :-
मिति :- २०७०/१०/१२ गते
सम्पर्क फोन नं.:- ९८४५४०२४५४

**यहाँको समय र जानकारीको लागि धन्यवाद ।**

**- रीता शर्मा**

## व्यक्ति परिचय - ३

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

-रीता शर्मा

### क) व्यक्ति परिचय :-

१. नामथर **:- कृष्ण प्रसाद दहाल**

२. जन्मस्थान **:-** जिल्ला नुवाकोट, खड्गाभञ्ज्याङ्ग गा.वि.स., फिकेप मझुवा

३. जन्म मिति **:-** वि.सं. २०२७ श्रावण २२ गते

४. बाबु आमाको नाम **:-** ईश्वरी प्रसाद/सितादेवि दहाल

५. पारिवारिक संरचना **:-** आमा-१, श्रीमती र छोराहरू-२

६. शिक्षा दिक्षा **:-** स्नातकोत्तर (वनविज्ञान, जन प्रशासन), स्नात्तक(कानून,शिक्षा,व्यवस्थापन र वन विज्ञान )

७. पेशा **:-** प्राध्यापन(उप-प्रध्यापक,वन विज्ञान अध्ययन संस्थान,हेटौडा)

८. साहित्यक लेखनको शुरुवात **:-** वि.सं. २०३९ सालतिर कक्षा-८ मा वालकथा लेखन

९. पहिलो प्रकाशित रचना **:-** सङ्गीत र सौन्दर्य, २०५० (मूर्च्छना साङ्गातिक पत्रिका)

### ख) प्रकाशित कृतिहरू :-

| क्र.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | कुरीलो खेती विस्तार र यसको व्यवसायिकता | २०६६ | अनुसन्धानमूलक |

**ग) सम्पादित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | मूर्च्छना साङ्गीतिक पत्रिका | २०५० | साङ्गीतिक सङ्गालो(सहसम्पादक) |
| २. | विम्व | २०५२ | स्मारिका संरक्षक/सम्पादन |
| ३. | मकवानपुर सन्देश | २०६८ | स्मारिका सम्पादक |
| ४. | वी.पी. स्मारिका | २०६८ | स्मारिका सम्पादक |
| ५. | हाम्रो अभियान द्वैमासिक | २०६०/०६१ | समाचारपत्र सम्पादक |
| ६. | कला आवरण अवधारणा अवधारणा (घाम नभएको आकाश, वी,पी.स्मारिका,आकांक्षाको चिता,सम्झनाका डोबहरु,समर्पण) | | |
| ७. | कृति नामाङ्कन (घाम नभएको आकाश,सम्झनाका डोबहरु,समर्पण गीति सङ्ग्रह,रित्तिएको गाउँ) | | |
| ८. | हाम्रो मातृभूमि त्रैमासिक(सम्पादन सहयोगी) | २०६५/०६६ | साहित्यिक अङ्क ११ देखि १७ |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल |
|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज | महासचिव | वि.सं.२०६६ देखि हालसम्म |
| २. | वी.पी. चिन्तन प्रतिष्ठान | सचिव | वि.सं.२०६७ देखि हालसम्म |
| ३. | सामुदायिक कल्याण केन्द्र | सचिव | वि.सं.२०६४ देखि हालसम्म |
| ४. | एमनेष्टी समूह-६७ | सदस्य | वि.सं.२०७० - २०७२ |
| ५. | पुनरावेदन वार इकाई, हेटौडा | सदस्य | वि.सं.२०६७ -२०६९ |
| ६. | गैसस महासंघ, मकवानपुर | सल्लाहकार | वि.सं.२०६५देखि हालसम्म |
| ७. | विद्यालय व्य.स.सिद्धार्थ शिशु सदन,हेटौडा-५ | सदस्य | (२०६५ देखि हालसम्म) |
| ८. | कलेज व्य.स.,नारायणी कलेज,हेटौडा-१० | सदस्य | (२०६८ देखि हालसम्म) |

**ङ) मान सम्मान/पुरस्कार :-**

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल |
|---|---|---|---|
| १. | प्रतिभा पुरस्कार जिल्ला प्रथम टेष्ट परीक्षा | मकवानपुरे सेवा समाज | २०४२ |
| २. | धीरजङ्ग शाह छात्रवृत्ती (सर्वोत्कृष्ट प्रवेश परीक्षा | Msc Forestry | २०६० |
| ३. | मातृभूमि सम्मान पुरस्कार र संस्थापक | मातृभूमि साहित्य समाज | २०६९ |

- **पुरस्कार संस्थापक** :- मातृभूमि -ईश्वरी स्मृति राष्ट्रिय सम्मान २०६९ (प्रथमपटक विश्व साइकलयात्री पुष्कर शाहलाई प्रदान गरिएको)

**च) लेखन प्रेरणा :**-सामाजिक परीवेश र घरायसी वातावरण ।

**छ) साहित्य प्रतिको दृष्टिकोण :-** समाज सुन्दर वगैचा हो, जुन वगैचामा विभिन्न फुलहरु आफ्नो सुगन्ध छर्न र एउटै मालामा पुष्पहार वन्न उद्यत छन् ।

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :**-वि.सं. २०५६ सालमा स्थापित मोफेसलको एक सशक्त साहित्यिक संस्था हो । जुन संस्थाले विभिन्न ९ विधामा पुरस्कार सर्मपर्ण गर्दछ । हालसम्म नेपाल र भारतका गरी १२५ जना स्रष्टालाई सम्मान,पुरस्कार र सर्मपण र अभिनन्दन गर्न सफल भएको छ ।

हस्ताक्षर :-

मिति :- २०७० माघ १०

सम्पर्क फोन नं.:- ०५६-५२१८९८/९८४५०३७५५८

**यहाँको समय र जानकारीको लागि धन्यवाद ।**

**- रीता शर्मा**

## व्यक्ति परिचय - ४

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु :

-रीता शर्मा

**क) व्यक्ति परिचय :-**

१. नामथर **:-भानुभक्त आचार्य**

२. जन्मस्थान :- नामटार-९, मकवानपुर

३. जन्म मिति :- २०३०-०२-०१

४. बाबु आमाको नाम :- रामचन्द्र आचार्य 'फुर्सती'/पूर्णिमा आचार्य

५. पारिवारिक संरचना :- संयुक्त परिवार (हजुरवा,वा,आमा,छोराछोरी,भाईवहिनी)

६. शिक्षा दिक्षा :-स्नात्तकोत्तर

७. पेशा :- पत्रकारिता/शिक्षण

८. साहित्यक लेखनको शुरुवात :- २०४७

९. पहिलो प्रकाशित रचना :- कविता फूलपाती (आधुनिक राष्ट्रिय माविको मुखपत्र)

**ख) प्रकाशित कृतिहरू :-** फुटकर रचनामात्र

| क्र.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | - | - | - |
| २. | - | - | - |
| ३. | - | - | - |
| ४. | - | - | - |
| ५. | - | - | - |

**ग) सम्पादित कृतिहरू :-**दैनिक/साप्ताहिक अखवारमात्र

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | - | - | - |
| २. | - | - | - |
| ३. | - | - | - |
| ४. | - | - | - |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल |
|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज | सहसचिव (२०६८) | २०६० देखि आवद्ध |
| २. | नेपाल पत्रकार महासंघ मकवानपुर | अध्यक्ष | २०६८ |

**ङ) मान सम्मान/पुरस्कार :-**पत्रकारिता क्षेत्रमा थुप्रै पुरस्कार

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल |
|---|---|---|---|
| १. | - | - | - |
| २. | - | - | - |
| ३. | - | - | - |

**च) लेखन प्रेरणा :-** पिता/माता

**छ) साहित्य प्रतिको दृष्टिकोण :-**

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :-**

हस्ताक्षर :-

मिति :- २०७०/१०/१०

सम्पर्क फोन नं.:- ९८४५०२२५१८

**यहाँको समय र जानकारीको लागि धन्यवाद ।**

**- रीता शर्मा**

## व्यक्ति परिचय - ५

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु :

-रीता शर्मा

**क) व्यक्ति परिचय :-**

१. नामथर :- **राजबाबु पहाडी**

२. जन्मस्थान :- हर्नामाडी-२, मकवानपुर

३. जन्म मिति :-२०२५/१०/२५

४. बाबु आमाको नाम :- भलक वहादुर वानियाँ

५. पारिवारिक संरचना :- वुवा, श्रीमती, छोरी-२ (अवन्ती वानियाँ,सस्कृति वानियाँ)

६. शिक्षा दिक्षा :- M.Sc.(Foresty),M.P.A, B.Ed, BBA

७. पेशा :- शिक्षण (प्रध्यापन)

८. साहित्यक लेखनको शुरुवात :- वि.सं. २०३८ सालमा विद्यालयवाट प्रकाशित स्मारिकामा निबन्ध लेखनवाट शुरुवात

९. पहिलो प्रकाशित रचना :- निवन्ध

**ख) प्रकाशित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १. | "कुरिलो खेती विस्तार तथा यस्को व्यवसायिकता" | २०६६ | अनुसन्धानमुलक | सहलेखन |
| २. | - | - | - | |
| ३. | - | - | - | |
| ४. | - | - | - | |
| ५. | - | - | - | |

**ग) सम्पादित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १. | विम्व | २०५२ | स्मारिका | प्र.सम्पादक |
| २. | मकवानपुर सन्देश | २०६८ | स्मारिका | सम्पादक |
| ३. | हाम्रो अभियान(द्विमासिक) | २०६२ | समाचारपत्र | सम्पादक |
| ४. | वी.पी.स्मारिका | २०६८ | स्मारिका | प्र.सम्पादक |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल |
|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज(मकवानपुर) | अध्यक्ष | २०६८ |
| २. | एमनेष्टी इन्टरनेशनल | सदस्य | २०७० |
| ३. | वी.पी.चिन्तन प्रतिष्ठान | सदस्य | २०६७ |
| ४. | तुलसी मेहर | सदस्य(विद्यालय व्यवस्थापन समिति,२०६८) | |

**ङ) मान सम्मान/पुरस्कार :-**

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

**च) लेखन प्रेरणा :-** घरायशी तथा सामाजिक वातावरण

**छ) साहित्य प्रतिको दृष्टिकोण :-** समाजलाई दिशा निर्देश गर्नुपर्ने दायित्व साहित्यको हुनेछ ।

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :-** साहित्य,कला,संस्कृति र सामाजिक क्षेत्रमा योगदान दिने अग्रज र नव प्रतिभा समेतलाई सदा सम्मान/प्रोत्साहन दिइरहन यो संस्था सफल हुनेछ र त्यस दिशामा क्रियाशिल रहिरहनेछ ।

हस्ताक्षर :-
मिति :- २०७०/१०/१०
सम्पर्क फोन नं.:- ०५७-५२७१३१/९८४५०७६१३१

**यहाँको समय र जानकारीको लागि धन्यवाद ।**

**- रीता शर्मा**

## व्यक्ति परिचय - ६

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु :

-रीता शर्मा

### क) व्यक्ति परिचय :-

१. नामथर **:- हयग्रीव आचार्य**

२. जन्मस्थान **:-** हटिया गा.वि.स.मकवानपुर/हाल स्थायी बसोवास हेटौडा-५,मकवानपुर

३. जन्म मिति **:-**२०२२/९/१३

४. बाबु आमाको नाम **:-** होमनाथ/बलदेवी आचार्य

५. पारिवारिक संरचना **:-** ५ जना,आमा,श्रीमती,छोरी र छोरा

६. शिक्षा दिक्षा **:-**शास्त्री

७. पेशा **:-** शिक्षण

८. साहित्यक लेखनको शुरुवात **:- २०३६**

९. पहिलो प्रकाशित रचना **:-** 'सम्झनामा'छन्दकविता

### ख) प्रकाशित कृतिहरू :-

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | खुकुरी र मान्छे | २०५५ | कविता सङ्ग्रह |
| २. | जीवन रङ्गमञ्च र भोगाइ | २०५८ | काव्यानास |

**ग) सम्पादित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | मोहभङ्ग,मेरो पत्राकार डायरी | २०३७ साल देखि | कविता |
| २. | पत्थरको मान्छे,स्मृति आलोक | | नाटक |
| ३. | शुभ प्रभात,आकांक्षाको चिता | | गजल |
| ४. | रित्तिएको गाउँ लगायत २५ वटा कृति र १२ भन्दा बढी स्मारिकाहरू | २०७० सम्म | गीत आदि |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल |
|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज हेटौंडा | संस्थापक/अध्यक्ष | २०५६-०६२ सम्म |
| २. | भीम विराग सङ्गीत साहित्यकला प्रतिष्ठान | संस्थापक/उपाध्यक्ष | २०५९-०७० सम्म |
| ३. | नेपाल स्रष्टा समाज,काठमाडौं र अन्य दर्जनौ साहित्यिक शैक्षिक,सामाजिक,धार्मिक संघ संस्थाहरू | विशिष्ट आजीवन सदस्य | २०७० |

**ङ) मान सम्मान/पुरस्कार :-**

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल |
|---|---|---|---|
| १. | मकवानपुर प्रतिभा पुरस्कार | विश्वेश्वर आलोक अध्ययन मञ्च | २०५८ |
| २. | वासुदेवप्रसाद ढकाल सामाजिक पुरातत्व | हेटौंडा जेसिज | २०५९ |
| ३. | मकवानपुर प्रतिभा पुरस्कार | साहित्य सङ्गम मकवानपुर | २०६२ |
| ४. | इन्दिरादेवी सा.पत्रकारिता पुरस्कार | कल्याणम पाक्षिक,हेटौंडा | २०६३ |
| ५. | ज्ञानदा शैक्षिक पुरस्कार | ज्ञनदा मा.वि.हेटौंडा | २०६७ |
| ६. | आधा दर्जन सम्मानहरू | | |

**च) लेखन प्रेरणा :-** भानुभक्तीय रामायण पढेर

**छ) साहित्य प्रतिको दृष्टिकोण :-**मानव जीवनलाई सर्वोत्कृष्ट बनाउने भाषिक कला हो ।

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :-** यो मातृभूमि साहित्य समाज विरुद्ध सेवामुलक साहित्यिक संस्था हो । यसले भाषा,साहित्य,कला र संस्कृतिको विकासमा नेपालमा महत्वपूर्ण योगदान दिएको छ ।

हस्ताक्षर :-

मिति :- ०७०/१०/१२

सम्पर्क फोन नं.:- ९८५५०६८१३५

**यहाँको समय र जानकारीको लागि धन्यवाद ।**

**- रीता शर्मा**

## व्यक्ति परिचय - ७

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु :

-रीता शर्मा

### क) व्यक्ति परिचय :-

१. नामथर **:- माधव पोखेल**

२. जन्मस्थान :- तनमुना-६,सुन्सरी,कोशी अञ्चल

३. जन्म मिति :- २०२१/०२/१०

४. बाबु आमाको नाम :- बुवा स्व.तेज ब. पोखरेल,आमा नर्वदा देवि पोखेल

५. पारिवारिक संरचना :- आमा, चार दाजुभाई,पाँच दिदि वैनी (हाल श्रीमती निता तथा छोराहरू निकित र निमेषसँग)

६. शिक्षा दिक्षा :-वि.कम.

७. पेशा :- नोकरी युनिलीभर नेपाल लिमिटेड

८. साहित्यक लेखनको शुरुवात :- वि.सं.२०४४ साल-नाटक लेखनवाट

९. पहिलो प्रकाशित रचना :- "आकांक्षाको चिता" नाटक

### ख) प्रकाशित कृतिहरू :-

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | आकांक्षाको चिता | २०६९ | नाटक |
| २. | रित्तिएको गाउँ | २०७० | कविता संग्रह |
| ३. | नाटक तथा गजल संग्रह प्रकाशोन्मुख | | |

**ग) सम्पादित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | स्पन्दन | २०६२ | स्मारिका |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल |
|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज | उपाध्यक्ष | |
| २. | जनमत बाङमय प्रतिष्ठान,वनेपा | आजीवन सदस्य | |
| ३. | नेपाल श्रष्टा समाज,काठमाडौं | आजीवन सदस्य | |
| ४. | नेपाल आयन्स फाउन्डेसन | आजीवन सदस्य | |
| ५. | हेटौंडा बजार लायन्स क्लव | सल्लाहकार | |
| ६. | एम्नेष्टी इन्टरनेसनल ग्रुप ६७ | आजीवन सदस्य | |

**ङ) मान सम्मान/पुरस्कार :-**

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल |
|---|---|---|---|
| १. | - | - | - |
| २. | - | - | - |
| ३. | - | - | - |

**च) लेखन प्रेरणा :-** हयग्रीव आचार्य र देवराज खरेल

**छ) साहित्य प्रतिको दृष्टिकोण :-**साहित्य समाजको ऐना तथा कुनै पनि सम्पनता तथा सम्वृद्धिको प्रतिक हो ।

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :-**साहित्य क्षेत्रमा म आज जहाँ छु र जुन रुपमा साहित्य क्षेत्रमा केहि गर्न भनी बढीरहेको छु,त्यसको पुर्ण श्रेय मातृभूमि साहित्य समाज मकवानपुरलाईनै जान्छ। यसैमा लागेर हाल सम्म दुइवटा कृति प्रकाशन गर्न सफल भएको छु।

हस्ताक्षर

मिति :- २०७०/१०/१०

सम्पर्क फोन नं.:- ९८४५०७१६४७

**यहाँको समय र जानकारीको लागि धन्यवाद।**

**- रीता शर्मा**

## व्यक्ति परिचय - ८

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु :

-रीता शर्मा

### क) व्यक्ति परिचय :-

१. नामथर :- **देवराज खरेल**

२. जन्मस्थान :- काभ्रे,फलाँटे-८

३. जन्म मिति :-२००७/७/२८

४. बाबु आमाको नाम :- स्व.उमानाथ खरेल स्व. रेवतीदेवी खरेल

५. पारिवारिक संरचना :- छोरा-२, छोरी-१

६. शिक्षा दिक्षा :-स्नातक

७. पेशा :- अवकाश कर्मचारी

८. साहित्यक लेखनको शुरुवात :-२०४८

९. पहिलो प्रकाशित रचना :- कविता

### ख) प्रकाशित कृतिहरू :-

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | आत्मध्वनि(कविता सङग्रह) | २०६५ | कविता |
| २. | स्मृतिका टिपोट | २०६८ | निबन्ध |
| ३. | प्रेमका पाइलाहरु | २०७० | मुक्तक |

**ग) सम्पादित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १. | हाम्रो मातृभूमि साहित्यक पत्रिका | २०६५ | विविध | २०६८ देखि सम्पादन प्रकाशन गर्ने जिम्मेवारी |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल |
|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज | क्रमशःसचिव, उपाध्यक्ष र अध्यक्ष | २०५६ देखि २०६८ सम्म |
| २. | वाणी प्रकाशन काठमाडौ | साधरण सदस्य | २०६९ |
| ३. | भिमविराग स.का प्रतिष्ठान | आजीवन सदस्य | - |
| ४. | जनमत प्रकाशन वनेपा साहित्य सङ्गम मकवानपुर | साधरण सदस्य | विगत १० वर्षदेखि |

**ङ) मान सम्मान/पुरस्कार :-**

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल |
|---|---|---|---|
| १. | लोकर्माण कल्याण पुरस्कार | कल्याण पाक्षिक | २०६१ |
| २. | मकवानपुर प्रतिभा पुरस्कार | साहित्य सङ्गम मकवानपुर | २०६७ |
| ३. | सम्मान | चेतना संरक्षण प्रतिष्ठान | २०६९ |
| ४. | प्रशंसापत्र | पिप्ले पोखरा व.उ.समूह | २०६५ |
| ५. | सम्मानपत्र | पिप्ले युवा क्लव | २०६९ |

**च) लेखन प्रेरणा :-** पिताबाट

**छ) साहित्य प्रतिको दृष्टिकोण :-**साहित्य समाजको आँखा हो ।

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :-** यो संस्थाको सुत्रधारको नाताले समाज क्रमशःराष्ट्रिय अन्तराष्ट्रियस्तर सम्म परिचय पुऱ्याउन सफल देशको र समाजको अभिन्न अङ्गको रुपमा रहने छ ।

हस्ताक्षर :-

मिति :- २०७०-१०-११

सम्पर्क फोन नं.:- ९८४५१४९९१३

**यहाँको समय र जानकारीको लागि धन्यवाद ।**

**- रीता शर्मा**

## व्यक्ति परिचय - ९

मैले त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानका लागि **मातृभूमि साहित्य समाज मकवानपुरको साहित्यिक योगदान** विषयमा शोध गर्न लागेको र त्यसको लागि यहाँको व्यक्तिगत परिचय आवश्यक परेको हुँदा निम्नानुसार जिज्ञासा मेटाइदिनु हुन हार्दिक अनुरोध गर्दछु :

-रीता शर्मा

**क) व्यक्ति परिचय :-**

१. नामथर **:- जितेन्द्र नेपाल**

२. जन्मस्थान **:-** ओखलढुङ्गा

३. जन्म मिति **:-** २०१४/११/२०

४. बाबु आमाको नाम **:-** रुद्र प्र. नेपाल, योजकु नेपाल

५. पारिवारिक संरचना **:-** पत्नी, २ छोरा र ४ छोरी

६. शिक्षा दिक्षा **:-** शास्त्री

७. पेशा **:-** शिक्षण

८. साहित्यक लेखनको शुरुवात **:-** २०४५ सालवाट

९. पहिलो प्रकाशित रचना **:-** कविता

**ख) प्रकाशित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १. | - | - | - | - |
| २. | - | - | - | - |
| ३. | - | - | - | - |
| ४. | - | - | - | - |
| ५. | - | - | - | - |

**ग) सम्पादित कृतिहरू :-**

| क.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १. | - | - | - | - |
| २. | - | - | - | - |
| ३. | - | - | - | - |
| ४. | - | - | - | - |

**घ) सामाजिक/साहित्यक सङ्घसंस्थामा क्रियाशिलता :-**

| क.सं. | संस्थाको नाम | जिम्मेवारी/पद | साल | कैफियत |
|---|---|---|---|---|
| १. | मातृभूमि साहित्य समाज | का.स.स. | - | — |
| २. | - | - | - | - |

**ङ) मान सम्मान/पुरस्कार :-**

| क.सं. | मान सम्मान/पुरस्कारको नाम | मान सम्मान/पुरस्कार दिने सङ्घ संस्थाको नाम | साल | कैफियत |
|---|---|---|---|---|
| १. | - | - | - | - |
| २. | - | - | - | - |
| ३. | - | - | - | - |

**च) लेखन प्रेरणा :-** समाज छन्दपठन

**छ) साहित्य प्रतिको दृष्टिकोण :-** समाजको शुभ अङ्ग

**ज) मातृभूमि साहित्य समाज मकवानपुर प्रतिको धारणा :-** छन्द साहित्यप्रति अत्यन्त सदभाव


हस्ताक्षर :-
मिति :- २०७०-१०-२०
सम्पर्क फोन नं.:- ९७४५०६५९९९


**यहाँको समय र जानकारीको लागि धन्यवाद ।**


**- रीता शर्मा**


# परिशिष्ट दुई


## मातृभूमि साहित्य समाजबाट प्रकाशित पुस्तकहरूको चित्र




गिरिजा अधिकारीको
जुलुसहरु
(कविता सङ्ग्रह)
शुभप्रभात
SHUBHA PRABHAT
आत्मध्वनि
(कवितासङ्ग्रह)
पत्थरको मान्छे
(गजलसङ्ग्रह)


शब्दझर्ना
(कविताकुञ्ज)
यमुनाप्रसाद गौली
मुलुकभित्र
स्मृति-आलोक
(वन्दनाकाव्य)
यमुनाप्रसाद गौली
प्रकृति-सार
यमुनाप्रसाद गौली


स्मृति-आलोक
(वन्दनाकाव्य)
यमुनाप्रसाद गौली
प्रकृति-सार
- यमुनाप्रसाद गौली
स्मृतिका टिपोट
(निबन्ध सङ्ग्रह)
आकांक्षाको चिता
(नाटक)


घाम नभएको आकाश
रित्तिएको गाउँ
(कविता सङ्ग्रह)
(कविता सङ्ग्रह)
पण्डित अन्जु दाहाल
समर्पण

# परिशिष्ट तीन
## मातृभूमि साहित्य समाजबारे प्रकाशित समाचारहरू

### मातृभूमिको साहित्यिक जमघट




### कार्की र ज्ञवाली पुरस्कृत

### कबुलकारभित्र पहिलो पटक बाह्र मिनेटको काव्ययात्रा

### मातृभूमिद्वारा पुरस्कृत हुनेहरूको नाम घोषणा

### हेटौंडामा

# परिशिष्ट चार
## मातृभूमि साहित्य समाजको परिचय पुस्तिका

